


लुम्बिनीको काखमा

(लुम्बिनीस्थित अशोकको शिलास्तम्भाभिलेख अध्ययन तथा लुम्बिनी बारेको सामयिक रचनाहरूको संकलन)

भिक्षु सुदर्शन महास्थविर

लुम्बिनीको काखमा

(लुम्बिनीस्थित अशोकको शिलास्तम्भाभिलेख अध्ययन तथा
लुम्बिनी बारेको सामयिक रचनाहरूको संकलन)

भिक्षु सुदर्शन महास्थविर

प्रकाशक :
हिमाली बौद्ध प्रशिक्षण संस्थान,
चाकुपाट, ललितपुर-१०, पो.व. १००
नेपाल ।

प्रकाशक :
हिमाली बौद्ध प्रशिक्षण संस्थान,
चाकुपाट, ललितपुर-१०, नेपाल ।
फोन नं. : ५२०५५८
फ्याक्स नं. : ५२७४४६

प्रथम संस्करण : १०००

बु.सं. २५४२, ने.सं. १११९
वि.सं. २०५५, ईसवी १९९८

मूल्य : ७५/-

कम्प्यूटर :
धर्मरत्न शाक्य
न्याखाचोक, तंचाको, यल ।
फोन नं. ५-३४६८२

मुद्रक :
न्यू नेपाल प्रेस

अफिस :
शुक्रपथ, न्यूरोड, काठमाडौं
फोन : २५९०३२, २५९४५०
फ्याक्स : (९७७-१) २५८६७८

प्रेस :
नक्साल, नागपोखरी
काठमाडौं
फोन : ४३४८५०, ४३४७५३

दुई शब्द

शाक्यमुनि बुद्धको जन्मस्थल 'लुम्बिनी'को दर्शन गरेर तथागतको महापरिनिर्वाण स्थल कुशीनगर पुग्ने वित्तिक्कै ७ जनवरी १९५० का दिन म श्रामणेर भएको थिएं । मलाई लाग्दछ, २ जनवरी १९५० का दिन मैले लुम्बिनीको प्रथमबार दर्शन गरेको छु । चन्द्रागिरी पर्वत चढी भीमफेदीदेखि अमलेखगञ्जसम्म बसबाट, अमलेखगञ्जदेखि वीरगंजसम्म नेपालको सानो रेलबाट, रक्सौलदेखि क्रमश: सुगौली-मुजफ्फरपुर-गोरखपुर-नौतनवासम्म भारतको रेलबाट अनि फेरी नौतनवादेखि पैदल गएर गरेको लुम्बिनीको त्यो प्रथम यात्रा आज मधुर स्मृतिको विषय भइसकेको छ । नौतनवाबाट लुम्बिनी जाँदा ठीक बाटो जान्न नसकेकोले एउटा गाउँमा बास बस्नु परेको थियो ।

"धर्मोदय" (६/२ : मार्गशीर्ष वि.सं. २००९: दिसेम्बर १९५२) पत्रिकाको लुम्बिनी विशेषाङ्कको सम्पादक कार्यमा सहयोगी भएदेखि म लुम्बिनीको अध्ययनतिर आकर्षित भएं । त्यस बेलादेखि लुम्बिनीबारेमा केही न केही अध्ययन गर्ने र लेख्ने गर्दै आएको थिएँ । प्रस्तुत पुस्तक "लुम्बिनीको काखमा" यसै अध्ययन क्रममध्येको एक श्रद्धाञ्जली हो ।

"लुम्बिनीको काखमा" पुस्तकको सम्पादन र प्रकाशन क्रममा पाएको सौहार्दपूर्ण सल्लाहका लागि श्री दुण्डबहादुर वज्राचार्यज्यूलाई, केरमेर गरिएका पुराना रचनाहरू कम्प्यूटर सेटिङ्गका लागि श्री धर्मरत्न शाक्यज्यूलाई, पुस्तक प्रकाशनका लागि हिमाली बौद्ध प्रशिक्षण संस्थानलाई र प्रेससम्बन्धी कार्यका लागि न्यू नेपाल प्रेसलाई अनेकानेक साधुवाद छ ।

– **भिक्षु सुदर्शन महास्थविर**

नगर मण्डप श्रीकीर्ति विहार,
कीर्तिपुर नगरपालिका-१७, काठमाडौं, नेपाल ।

प्रकाशकीय

शाक्यमुनि बुद्धको जन्मस्थल लुम्बिनी श्रद्धालुहरूका लागि संवेजनीय तीर्थस्थल हो । धर्म तथा शान्तिप्रेमीहरूका लागि विश्वशान्तिको मूलश्रोत हो । प्राचीन अभिलेख प्रमाण सहितको बुद्धको जन्मस्थल लुम्बिनी विश्व सम्पदा सूचिमा अन्तरभूत हुँदा स्वयं विश्वसम्पदा सूचि गौरवान्वित भएको छ ।

भिक्षु सुदर्शन महास्थविरबाट समय समयमा लेख्नु भएका र विभिन्न पत्र-पत्रिकाहरू, कार्यपत्र-पुस्तिकाहरू र स्मारिकाहरूमा प्रकाशित भएका लुम्बिनीस्थित अशोकको शिलास्तम्भाभिलेख बारेको अन्वेषणात्मक ११ वटा रचनाहरू र लुम्बिनी सम्बन्धी सामयिक ७ वटा रचनाहरूको संकलन "लुम्बिनीको काखमा" पुस्तकको रूपमा प्रकाशित गर्न पाउँदा हिमाली बौद्ध प्रशिक्षण संस्थानलाई ठूलो धर्मप्रीति भएको छ ।

लुम्बिनी प्रति श्रद्धा भएका र लुम्बिनीको अध्ययन अन्वेषण गर्न चाहने व्यक्तिहरूका लागि यस पुस्तकबाट ठूलो प्रेरणा र सहयोग हुनेछ भन्ने कुरामा यो संस्थान पूण विश्वस्त छ ।

– हिमाली बौद्ध प्रशिक्षण संस्थान

विषय सूची

लुम्बिनीस्थित अशोकको शिलास्तम्भको अभिलेख एक अध्ययन (क)

शाक्यमुनि बुद्धको जन्मस्थल लुम्बिनीको इतिहासमा लुम्बिनीस्थित अशोकको शिलास्तम्भ र त्यसमा कुंदिएको अभिलेखको महत्वपूर्ण स्थान छ । यहाँ देवताहरूको मनपर्ने प्रियदर्शी राजा अशोक, अशोकका अभिलेखहरूमा स्तम्भाभिलेखहरू, नेपाल अधिराज्यको तराइस्थित अशोकको शिलास्तम्भहरू, लुम्बिनीस्थित अशोकको शिलास्तम्भ र त्यसको अभिलेख पत्तालाग्नु, अशोकको शिलास्तम्भाभिलेखको महत्व, अशोकको शिलास्तम्भको उँचाइ र मोटाइ, अशोकस्तम्भको पालिश र चिरानचिन्ह, अशोकको शिलास्तम्भको अभिलेखको अक्षत अवस्था, अभिलेखको अवस्थित स्थान, अभिलेखको लिपि र भाषा सहित अभिलेखको शब्द र वाक्य छुट्याउने पाठ भेद, अभिलेखको विविध संदिग्ध प्रकारको अनुवादको भावसाको एक अध्ययन प्रस्तुत गर्छु ।

देवताहरूको मनपर्ने प्रिदर्शी राजा अशोक

शाक्यमुनि बुद्धको जन्मस्थल लुम्बिनी प्रमाणित गर्ने अभिलेख लुम्बिनीस्थित देवताहरूको मनपर्ने प्रियदर्शी राजाको अभिलेख हो । प्राय: उनका अभिलेखहरूमा देवताहरूको मनपर्ने प्रियदर्शी राजा नै उल्लेख गरेको हुन्छ । कुनै कुनै लघुशिला अभिलेखहरूमा भने "देवताहरूको मनपर्ने" र केही गुफा अभिलेखहरूमा "प्रियदर्शी राजा" मात्र उल्लेख भएको छ । त्यस्तै

मास्की लघु शिलालेखमा देवताहरूको मनपर्ने "अंशोक", गुर्जरा लघु शिलालेखमा "देवताहरूको मनपर्ने प्रियदर्शी अशोक राजा" छ र वैराट-भाब्रु (कलकत्ता) लघुशिलालेखमा पियदसि लाजा "मागध संघ"मा अभिवादंन गरेर बुद्ध, धर्म र संघमा श्रद्धा र विश्वासको भएको उल्लेख छ।

यस परिप्रेक्षमा लिपिशास्त्रीय दृष्टिबाट विचार गर्दा लुम्बिनीस्थित शिलास्तम्भ अभिलेखको "देवताहरूको मनपर्ने प्रियदर्शी राजा" मूलरूपमा मगधको राजा अशोक नै हो । "देवानं पियतिस्स" र "पियदसि" विशेषण अशोक पूर्ववर्ती र परवर्ती राजाहरूमा अनि त्यस्तै समकालीन श्रीलङ्काको राजामा पनि प्रयोग भएतापनि अभिलेखको सार्थक सादृश्यता विशेषत: लिपिशास्त्रीय आधारमा लुम्बिनीसहित भारतमा रहेका अभिलेखहरूमा प्रयोग भएको देवानंपियेन पियदसिको धेरै जसो अर्थ मगध राजा अशोक नै ठहरिन्छ । अत: यस "लुम्बिनीस्थित अशोकको शिलास्तम्भको अभिलेख" को परिच्छेदमा पाठ्य सुविधाको लागि "देवताहरूको मनपर्ने प्रियदर्शी मगधराजा अशोकको स्तम्भ" अर्थ अभिप्रायमा "अशोकस्तम्भ" मात्र उल्लेख गरिनेछ।

अशोकका अभिलेखहरूमा स्तम्भाभिलेखहरू

अशोकका अभिलेखहरू शिलालेख, गुहालेख र स्तम्भलेख रूपमा तीन किसिमका छन्। शिलालेखहरूमा लघुशिलालेख, चतुर्दश शिलालेख र कलिंग शिलालेख गरी विषयगत र आकारगत दृष्टिबाट उपविभाजन गरेको छ । स्तम्भलेखहरूलाई कहीं विषयगत रूपबाट लघु स्तम्भलेख र सप्त स्तम्भलेखमा वर्गीकरण गरेको छ भने कहीं दुई तराई स्तम्भलेख, लघु स्तम्भलेख र सप्त स्तम्भलेख रूपमा पनि वर्गीकरण गरेको छ।

अशोकका स्तम्भलेखहरू टोपरा, मेरठ, गोटिहवा, निग्लिहवा, लुम्बिनी, रामपुरवा, लौडिया नन्दनगढ (मथिआ), लौडिया अराराज

(रांघिया), सारनाथ, कौसम्बी, सांचीसम्म फैलिएका छन् । "टोपरा" र "मेरठ" का स्तम्भहरू दिल्लीमा र "कोसम्बींस्तम्भ" इलाहावादमा स्थानान्तरण गरी पुनः स्थापना गरेको छ भने पटनाको प्राचीन पाटलिपुत्रहरूमा संरक्षित संग्रहालयमा पनि अभिलेखरहित अशोकशैली र ढुंगाको एक शिलास्तम्भ अंश राखेको छ ।

नेपाल अधिराज्यको तराई क्षेत्रमा गोटिहवा, निग्लिहवा र लुम्बिनीमा अशोकका शिलास्तम्भहरू पाएका छन् । गोटिहवाको खडा अवस्थाको अशोकको शिलास्तम्भ अंशमा कुनै अभिलेख छैन । निग्लिहवामा रहेको शिलास्तम्भमा कोनाकमन बुद्धको स्तूप (थुवे) सम्बन्धी अभिलेख छ । अशोकस्तम्भको अंश भूईमा तेर्सिएर गाडिएको अवस्थामा छ भने यसैका दुई मिटर जति पूर्वतिर रिपुमल्लको नाउँ आदि कुँडिएको भुईमा त्यसै परिरहेको अशोकस्तम्भको अंशलाई अब एउटा खुल्ला टहरा जस्तो ठाउँमा ल्याईकन अभिलेख सहितको अशोकको शिलास्तम्भसँगै राखिएको छ । लुम्बिनीस्थित अशोकस्तम्भ खडा अवस्थाको र अशोकको अभिलेखसहित रिपुमल्ल आदिको अनेकौं ऐतिहासिक महत्व भएको र नभएको स्पष्ट एवं अस्पष्ट लेखौटसहितको छ ।

लुम्बिनीस्थित अशोकको शिलास्तम्भ र त्यसको अभिलेख पत्तालाग्नु

१८९३ मा लुम्बिनीको अशोकको शिलास्तम्भ मेजर जसकर्ण सिंहले देखिएको थियो । १८९४ मा जंगल फडानी गरेर हात्तिद्वारा उखेल्न खोजेको कुरा पनि भन्थ्यो । तर पनि लुम्बिनीस्थित अशोकको शिलास्तम्भ पत्ता लगाउने श्रेय धेरै जसो प्रकाशनमा डा. फुहररलाई दिने गर्दछ । फुहररको शब्दमा तराईको गभर्नर जेनरल खड्ग शम्शेरलाई भाग्यवशै निग्लिहवामा भेट्नुको सट्टा पडेरियामा १ डिसेम्बर १८९६ का दिन भेट्ने संयोग परेको र जेनरलको क्याम्पबाट नजिकै अशोकस्तम्भ ३.०४७ (१० फीट) जमीनबाट माथि खडा रूपमा रहेको देखिएको थियो । अनि वहाँकै सुझाव अनुसार

लुम्बिनीस्थित अशोकको शिलास्तम्भको उत्खनन् गर्दा जगदेखि २.९४६ मिटर (९ फीट ८ इञ्च) माथि ५ हरफको राम्रै सुरक्षित मौर्यकालीन अभिलेख देखियो । वहाँको २३ डिसेम्बर १८९६ मा इलाहावाद पायनियर पत्रिकामा प्रकाशित प्राचीन भारतको भौगोलिक मानचित्र र बौद्धहरूको पवित्र इतिहासको लागि लुम्बिनी-स्तम्भ अभिलेखको ठूलो महत्व भएको तथ्य दर्शाउने रचना शायद यस किसिमको पहिलो प्रकाशन हो । तर अशोकको शिलास्तम्भ पहिले आफूले देखेको दावा फुहररले गर्नुभएको छैन र वास्तवमा वहाँ लुम्बिनीमा पुग्नु भन्दा अगाडि प्रारम्भिक रूपमा अशोकको शिलास्तम्भको खोज उत्खनन् जस्तो भइसकेको थियो । वाडेलको कथनानुसार यो काम भारत सरकारलाई उहाँले लेख्नु भएको पत्रानुसार प्रतिफलित भई नेपाल सरकारबाट भएको हो र झण्डै जगसम्म उत्खनन् हुँदा फुहरर त्यहाँ पुगेको थियो । फुहररले अभिलेखको मसि लाएको उतार छाप पनि लिए । श्रेयसम्बन्धी बादविवादको क्रम बादेलको भनाईको प्रकाशनपछि एशियाटिक सोसाइटी अफ वंगालको पत्रिकामा प्रकाशन स्थगित भयो । पाल्पा जिल्लाको स्थानीय स्मरण अनुसार वि.सं. १९५० मा पाल्पाका तैनाथवाला खड्गसम्शेरले रूपन्देही जिल्लाको चारकोसे जंगल फडानी गराउँदा यो स्तम्भ फेला परेको हो । खड्गशम्शेरले ३/४ हात्तीद्वारा यो स्तम्भ निकाल्न पनि खोजे तर सकेनन् । वि.सं. १९५२ (इ.सं. १८९६) मा जर्मन पुरातत्वविद् डा. ए. फुहररले यो अशोकस्तम्भ नै हो भनी ठोकुवा गरे । सारांशतः अघि नै देखि सकेका अशोकस्तम्भको १८९६ को उत्खननमा अशोकको शिलास्तम्भको अभिलेख पत्ता लाग्यो । रिकेटस् (Ricketts) त्यस स्थलमा उपस्थितिको कुरा पनि छ । पहिलो प्रतिलिपि डा. फुहररद्वारा १८९७ मा प्रकाशित गरे । यस उसले फुहररलाई अशोकस्तम्भ पत्ता लगाउने श्रेय दिने अनुचित भन्ने पक्ष र गोल मटोल गोश्वारा भाषामा खड्गशमशेरसँगै फुहररको नाउँ गाभेर दुवैलाई श्रेय दिने पक्षको बिचमा अन्तर्राष्ट्रिय स्तरमा बुद्धको जन्मस्थल प्रख्यात गर्नेतिर

फुहररको देन विचारणीय छ भन्ने पक्ष पनि छ । वास्तवमा अशोकको शिलास्तम्भ अभिलेखको उतार छाप लिने र यसको व्यापक प्रचार गर्ने अनि लुम्बिनी सम्बन्धी अभिलेखको वर्णनका साथै सिंगो पुस्तक प्रकाशित गर्ने दिशामा फुहररको देन उल्लेखनीय छ । डा. राजबलि पाण्डेको शब्दमा बुलरले इसवी १८७८ मा अभिलेखको पहिलो लिप्यन्तर प्रकाशित गरेको थियो । ओरिफष्टल कंग्रेसको शब्दमा १९ औं इसवी शताब्दीको यो महान् उपलब्धि पूर्ण खोज हो, जुन नेपालीजनबाट भयो ।

अशोकको शिलास्तम्भाभिलेखको महत्व

लुम्बिनीस्थित अशोकको शिलास्तम्भाभिलेख ५ हरफको छ तर अत्यन्त व्यापक र महत्वपूर्ण अर्थको छ। त्यस स्तम्भाभिलेखबाट बुद्ध पौराणिक आदर्शको महापुरुष अथवा सूर्यको अर्को पौराणिक आदर्शरूप मानिने पश्चिमी चिन्तनधारालाई सदाको लागि अन्त्य गरिकन बुद्ध एक ऐतिहासिक महामानव प्रमाणित भयो । बुद्धको जन्मस्थलवारेको शिवपुर ब्रह्मचारा पदरिया आदि विविध परिकल्पना र पुरातात्त्विक दृष्टिकोणको पूर्व अनुमान तथा निर्णयहरू पनि “यहाँ शाक्यमुनि बुद्ध जन्मे” अर्थको अभिलेख उद्घोषणबाट टुंगिन गई लुम्बिनी बुद्धको जन्मस्थल यही हो भन्ने निश्चित भयो । अशोकको “भगवं” प्रतिको उत्साहपूर्ण श्रद्धा र धर्मयात्राको बारेमा पनि यस शिलास्तम्भाभिलेखबाट अरु प्रकाश पारे ।

लुम्बिनीस्थित अशोकको शिलास्तम्भको अवस्थिति प्रमाणहरूबाट स्तम्भ आफ्नो मूल थलोमा यथावत् स्थिर रहेको पनि सिद्ध हुन्छ । टोपरा, मेरठ र कोसम्बीका अशोकस्तम्भहरू स्थानान्तरण गरी कैयौं किलोमिटर पर पुनः नयाँ ठाउँहरूमा ठड्याएकोले सशंकित पुरातत्त्वविदहरूबाट लुम्बिनीस्थित अशोकको शिलास्तम्भको जगमा एकपछि अर्को गरी आजसम्म चारपटक

उत्खनन् भइसकेको छ। १८९६ ईसवीमा जगतिर उत्खनन् भएको फुहररले देखेको छ। १८९९ मार्चको १२ देखि १८ तारिखको बीचमा अशोकको शिलास्तम्भको चारैतिर•४५६ मीटर (१ फीट ६ इञ्च) को दूरीमा सबभन्दा मुनिको तहमा प्राचीन प्रकारका धेरै ठूला ईटाहरूबाट बनेको पर्खालसहित विभिन्न युगको ईंटाबाट बनेको पर्खाल (रेलिङ्ग) देखियो। त्यसपछि १९६२ ईसवीमा अशोकस्तम्भको पश्चिम दिशामा यो पर्खाल नभेटिएको र १९३३/३४ ईसवीको उत्खनन्बाट क्षति हुन गएको भनिन्छ। १९८६ ईसवीमा अशोकस्तम्भ पूर्वोत्तर कुनामा अशोक-शिलास्तम्भलाई एउटा बाँस वा एउटा काठको टेवासम्म पनि नदिइकन शिलास्तम्भको जगसम्म हेर्न उत्खनन् गरिएको थियो। यो उत्खनन्पछि एउटा रचना बैशाख २७ गते २०४३ को गोरखापत्रमा प्रकाशित पनि भएको छ।

लुम्बिनीस्थित अशोकको शिलास्तम्भको पश्चिमतिर जग परीक्षणार्थ बारम्बार उत्खनन् भएकै दिशामा अशोकस्तम्भ केही ढल्किएको छ। अघिल्ला उत्खनन्हरू भएको ठाउँमा बलियो रूपमा पुर्ने, आवश्यक सुरक्षा निरीक्षण गर्नसक्ने इञ्जिनियरको निगरानीमा पश्चिमतिर ढल्किएको स्तम्भ दुरुस्त गर्ने र अशोकको शिलास्तम्भको पुरानो चिरानबाट अरु क्षति हुन नदिन बाँधिएका फलामे पेटीको ठाउँमा अर्को खिया नपर्ने स्टेनलेस स्टीलको पेटी फेर्ने सुझाव पनि दिएको छ। तर अशोकको शिलास्तम्भ निर जुनसुकै परीक्षण, अन्वेषण अध्यनार्थ उत्खनन् हुनु भन्दा पनि अशोकको शिलास्तम्भको मूल आधार जगको थलो पूर्ण संरक्षित हुनु अधिक महत्वपूर्ण भएको कुरा स्वत: सिद्ध तथ्य हो।


अशोकको शिलास्तम्भको उचाँइ र मोटाइ

लुम्बिनीस्थित अशोकको शिलास्तम्भ आफूमा पूर्णरूपमा भएको बेला वज्रपात भएर चिरा परको मानेको छ, तापनि लुम्बिनीस्थित अशोकको शिलास्तम्भको वर्तमान अंशलाई हेरेर

यसको मूल रूपको उचाँइ र गोलाई निश्चित गर्नु समस्यामूलक छ । अशोकका अभिलेखहरू स्तम्भका आकार प्रकार बारेमा मौन छ । बौद्ध वांगमय पनि यसबारेमा केही प्रकाश पार्दैन । फाहियान लुम्बिनीस्थित अशोकस्तम्भ विषयमा मौन छ । ह्वेनसांगको लुम्बिनीस्थित अशोकस्तम्भको स्थितिको वर्णनबाट पनि यसको उँचाइ र गोलाईमा केही स्पष्ट गर्दैन जस्तो कि वैशालीस्थित र कपिलवस्तुस्थित अशोकस्तम्भवारेका उनकै यात्रा विवरणबाट ७०' देखि २०' सम्म लम्बाइ भएको तथ्यमा प्रकाश पार्दछ । वज्रपात (ड्रायगन) बाट अशोकस्तम्भको चिरा परेकोमा मात्रै अर्थ सीमित नगर्दै भुइमा खसेको भन्नेतिर पनि ध्यान दिएर बीचमा टुक्रिएको अर्थ पनि लिने गरेको देखिन्छ । त्यस्तै कुशीनगरको अशोकस्तम्भको अभिलेखबाट तथागतको निर्वाणको वर्णन गर्छ भन्ने विवरण दिने ह्वेनसाँगले लुम्बिनीस्थित अशोकको शिलास्तम्भको अभिलेखबारेमा भने केही नलेखिएबाट इंगित गर्दछ, अभिलेख माथिको शिलास्तम्भको अंशलाई बीचमा टुक्रिएको भनेको आधारमा डब्बल गरेको हिसावबाट अशोकस्तम्भको लम्बाइ ९.१४३ मिटर (३० फीट) जति उँचो हुन्छ ।

फुहररको नापमा अशोकको शिलास्तम्भको उँचाइ ६.८०६ मिटर (२२ फीट ४ इन्च) छ र जगदेखि २.९४६ मिटर (९ फीट ८ इन्च) माथि अभिलेख छ । स्तम्भको गोलाई फेदमा २.५१४ (८ फीट ३ इन्च), अभिलेख स्थानमा २.२५९ मिटर (७ फीट ५ इन्च) र टुप्पामा १.९९० मिटर (६ फीट ६ इन्च) छ । जमीनको सतह परिवर्तन भइरहेछतापनि जमीनको सतहमा गरिएको गोलाई माप र शिलास्तम्भको टुप्पा तथा फेदको माप पनि उल्लेख भएको छ । १८९९ ईसवीमा जमीनको सतहमा अशोकस्तम्भको गोलाई २.२६० मिटर (७ फीट ९ इन्च) छ । १९९६ को नापमा २.२९ मिटर देखिन्छ । अर्को नाप अनुसार एकातिर अशोकस्तम्भको उचाई ६.५७७ (२१ फीट ७ इन्च) को छ भने देवालाभित्राको उल्लेख अनुसार छिनाबाट

खत गर्दा खस्रो भएको फेददेखि यो उचाइ ७.३९१ मिटर छ। चिप्लो र खस्रो भाग गरी अशोकस्तम्भ जमीन मुनि २.१३४ मिटर छ। यस हिसाव अनुसार जमीनको सतहदेखि माथिको अशोकस्तम्भको उचाइ ५.२५७ मिटर हुन आउँछ । अहिलेको यो सतहदेखि माथि अशोकस्तम्भको उचाइ ५.३१ मिटर छ।



लुम्बिनीस्थित अशोकको शिलास्तम्भको सबभन्दा पछिल्लो फेदसम्मको खुदाइ

लुम्बिनीस्थित अशोकको शिलास्तम्भको चौथोपटक र सबभन्दा पछिल्लो फेदसम्म हेर्ने काम श्री तारानन्द मिश्रले गर्नु भएको छ । उहाँको आफ्नो उत्खनन् र अध्ययनबाट जुन कुराहरू पत्ता लगाउनु भएको थियो त्यसको विवरण वहाँकै शब्दमा उद्धृत गर्दछु :–

"यस स्तम्भको कूल उचाई (खम्वा भागको मात्र) ३० फूट १० इन्च छ । जसमध्ये १७ फूट २ इन्च हालको सतहसम्म र १३ फूट ८ इन्च भाग जमीनमुनि छ । जमीनमुनि रहेको भाग मध्ये माथिको ६ फूट ९ इन्च भाग पालिस भएको ६ फूट ९ इन्च तल्लो भाग छिनाको मोटो डाम भएको छ । यसरी पुरै स्तम्भको २४ फूट १ इन्च भागमा पालिस छ ।

यस स्तम्भको शिरो भागको धेरा ६ फीट ६.५ इन्च छ । वर्तमान जमीन सतह नजिक घेरा ७ फूट ९ इन्च र डा. फुहररका अनुसार टुप्पाबाट २२ फूट र ४ इन्च तल जमीन मुनि यसको घेरा ८ फूट २ इन्च छ ।

तल छिनाको डाम भएको ६ फूट ९.५ इन्च भागमुनि समथर चौकोर रातो बालुवा ढुँगाको शिलाफलक छ । यो ढुँगाको उत्तरतिरको टुप्पालाई उत्तरतिर १ फूट ९ इन्चसम्म खोलेर हेरिएको थियो ।

स्तम्भको सबभन्दा तल्लो छिनाको बाक्लो डाम भएको ६ फूट ९ इन्च भाग आधा इन्च गरी चारैतिर बाहिर निस्कीरहेको छ । यसरी यस भागको घेराको नाप स्वभावतः बढ्न जानेछ । तर उत्तरतर्फको भाग माथिबाट १८ इन्च मात्र बाक्लो छिनाको डाम छ । त्यसमुनि यो निर्माण कालमा पाप्रो उक्लेर तेर्सो आकारमा फुटेको छ र त्यस भागमा छिनाको डाम छैन । उत्तरतिर यस स्तम्भको तल्लो टुप्पा पादप्रस्तर (Basestone) बाट १ इन्च अग्लो छ र यसले पादप्रस्तरलाई छोइरहेको छैन ।


पादप्रस्तरको मुनि भागमा जान सकिएन किन भने पूर्व मायादेवी मन्दिरतिरबाट जोरको पानी आइरहेकोले पहिरो जाने सम्भावना थियो । यसै शिलसिलामा गोटिहवाको अशोक स्तम्भ मुनि रहेको पादप्रस्तरबारे उल्लेख गर्नु सामयिक हुनेछ । त्यहाँको पादप्रस्तर चौकोर छ र त्यस मुनि पाको ईटको गारोछ । तर त्यो ग्रेनाइट ढुँगाबाट निर्माण गरीएको हो । लुम्बिनीको यस पादप्रस्तरमा गोलो प्वाल बनाई स्तम्भको तल्लो टुप्पालाई भित्रपट्टि पारेर राखिएको छ" (गोरखापत्र : शनिवारीय परिशिष्टाङ्क बैशाख २७ गते २०४३) ।

अशोकस्तम्भको पालिस र चिरान चिन्ह


लुम्बिनीको अशोकको शिलास्तम्भ अत्यन्तै मसिनो कालो वर्णको सूक्ष्म दाग भएको चुनार बालुवा दुंगाको गोलाकार स्तम्भ हो । बाइस शय वर्षभन्दा बढ्ता समयको घामपानी खपेर पनि यसको चमकदार पालिस आजसम्म कायमै छ । अशोकको शिलास्तम्भको गोलाई र पालिश वास्तवमा त्यसबेलाको प्राविधिक विशिष्ठता र रासायनिक ज्ञानको नमूना हो । अशोकको शिलास्तम्भको पालिशलाई मौर्यन पालिस भनिन्छ ।

अशोकस्तम्भको टुप्पादेखि बीच तलसम्म केही चर्केको चिरान छ । यसै चिराननतिर ध्यान दिएर अरु बढी चिरान हुन नदिन दुई ठाउँमा तलमाथि गरिकन फलामको पेटीले बाँधेको छ । फलामे पेटी प्रत्येक वर्षाऋतुमा अभिलेखभन्दा क्रमश: तल तलतिर बिस्तारै सर्देछ । यो चिरान पहिलेभन्दा बढेको कुरा विवरण र आजको स्थितिसँगको तुलनाबाट पनि स्पष्ट हुन्छ । पहिलो यो चिरान ३.९६२ मिटर (१३ फीट) जति लामो भई अभिलेखसम्म झण्डै छोएको रूपमा थियो तर अहिले सम्पूर्ण अभिलेख सम्म चिरान पुगिसकेको छ । चिरानबाट अभिलेखलाई पढ्न नसक्ने रूपमा प्रभाव नपारेतापनि पहिले अभिलेखलाई छुन मात्र पुगेको चिरान बढ्दै गएको स्थितिबाट विचारगर्दा फलामे पेटीको उपचारमा सुधार र


चिरानबाट पानी पस्नबाट बचावको लागि पनि विचार गर्नुपर्ने स्थिति देखाउँछ । अहिले यो चिरान चिन्ह अभिलेखको पहिलो हरफको



लुम्बिनीस्थित अशोकको शिलास्तम्भाभिलेख चिरान चिन्हका साथ
(Epigraphia Indica, Vol V- 1898-99)



लुम्बिनीस्थित अशोकको शिलास्तम्भको तल्लो अंश
(Excavations at Tilaura-Kot and Kodan and Explorations in the Nepalese Tarai Debala Mitra, 1972 बाट)



लुम्बिनीस्थित अशोकको शिलास्तम्भ
(Excavations at Tilaura-Kot and Kodan and Explorations in the Nepalese Tarai Debala Mitra, 1972 बाट)

"देवानंपियेन" शब्दको "ये" अक्षर पछाडि, दोस्रो हरफको "अतनआगाच" शब्दको "आ" अक्षरको बीचमा, तेश्रो हरफको "सिलाविगडभीचा" शब्दको "भी" अक्षरको पछाडि, चौथो हरफको "हिदभगवं" शब्दको "भ" अक्षरको पछाडि र पाँचौ हरफको "अठभागियेच" शब्दको "भा" अक्षरको बीचमा परेको छ । चिरान चिन्ह लम्बाकारमा वृद्धि भए जस्तै चिरान पनि ठूला हुँदै गएको हिसाब भने अहिले सम्म भएको देखिँदैन ।

अशोकस्तम्भको टुक्रिएको टुप्पाको नैसर्गिक स्वरूप पुराना फोटोमा मात्रै देखिन्छ । किनभने अशोकस्तम्भको टुप्पामा स्तम्भको गोलाईभन्दा केही ठूलो गरिकन ढुङ्गाको चक्काबाट टोपी लाइदिनेजस्तै तत्कालीन बडाहाकिम उपेन्द्र विक्रमको पालामा छोपिदिएको थियो । यसबाट एकातिर चिरानबाट पानी पसेर अरु बढि क्षतिहुनबाट अशोकस्तम्भलाई जोगाएको छ भने अर्कोतिर यसको हराएको टुप्पाको अंश पनि होला भन्ने कल्पना गर्न पनि नसक्ने गरिदिएको छ । ह्वेनसांगले अशोकस्तम्भको टुप्पामा घोडाको मूर्ति भएको उल्लेख गरेको छ । अशोकका अन्य स्तम्भाभिलेखहरूमा सिंह र साँढे आदि भएको तथ्य र ह्वेनसाँगले वर्णन गरे जस्तै वैशालीको अशोकस्तम्भको टुप्पामा सिंहको मूर्ति आज पनि विद्यमान भएको तथ्यबाट घोडाको मूर्ति लुम्बिनीको जमीन मुनि वा कतै हुने सम्भावनालाई नकार्न सकिदैन । हालै घोडाको जस्तो मूर्तिको शीर्षअंश अशोकस्तम्भको बारभित्र नै राखिएको छ । त्यस्तै उत्खनन् क्रममा पाइएका धेरै स-साना ढुंगाका टुक्रामा यसका केही अंशभाग देखिन्छ ।

अशोकको शिलास्तम्भाभिलेखको अक्षत अवस्था

अशोकको शिलास्तम्भाभिलेख एक अक्षर पनि नउपकेको र अस्पष्ट हुने किसिमबाट नफुटेको अक्षत अवस्थामा छ । अन्यथा यसको पूरक पाठ निर्विवादको हुनु कठिन हुने थियो । किनभने

अशोकको सप्त शिलास्तम्भाभिलेखहरू र लघु शिलास्तम्भाभिलेखहरू जस्तो लुम्बिनीको शिलास्तम्भाभिलेखको समान पाठ अन्य स्थानमा उपलब्ध छैन । बुद्धको साँचैको जन्मस्थल लुम्बिनी उडिसा क्षेत्रमा भने सन्दर्भको लुम्बिनीको अशोक स्तम्भाभिलेख पाएकोसँग तुलनात्मक अध्ययन न त उपयुक्त छ न त फलदायी नै छ । त्यो अभिलेख उडिसावाला पुस्तकमा उल्लेखित स्थान आशुतोष संग्रहालय कलकत्तामा देखिन्दैन । संग्रहालयको क्यूरेटरको भनाइ अनुसार त्यस्तो अभिलेख-स्तम्भ त्यहाँ छँदा पनि छैन । उडिसाक्षेत्र बुद्धको वास्तविक जन्मस्थल (The real birth place of Buddha) भन्ने पुस्तकमा प्रकाशित अभिलेखबाट नेपालको तराईको लुम्बिनीस्थित अशोकको शिलास्तम्भाभिलेखको "सिलाविगडभीचा", "उबलिकेकटे" र "अठभागियेच" जस्ता शब्दहरूको व्याख्यामा देखा परेकाविविध अर्थ्याईमा निष्कर्षमा पुग्न "वसा", "अतन" र "हिद" जस्ता महत्वपूर्ण शब्द छुटिएकोले र "इलं बुथे २०१ ४० यन्द्रचु" जस्ता नयाँ शब्दहरू थप भएकोले हामीलाई केही मदत गर्दैन ।

अभिलेखको अवस्थित स्थान

लुम्बिनीस्थित देवानाप्रिय अशोकको शिलास्तम्भमा अशोकको अभिलेखसहित अनेकौं अभिलेख र यात्रु-लेखौटहरू छन् । अशोकको अभिलेख प्राय: स्तम्भाभिलेखहरूमा जस्तै जमीन सतहमा उभिएर पढ्न सकिने उँचाइको स्थितिमा छ । गोलाकार स्तम्भमा गोलाकार गरी चारैतिर अभिलेख नकुँदिएकोले र गोलाकार स्तम्भमा तस्बीर जस्तै चतुष्कोण रूपमा अभिलेख कुँदिएकोले अशोकस्तम्भको ठीक सामू उभिकन जिउ नहल्लाउँदै टाउकोमात्र केही दायाँ बायाँ घुमाएर सम्पूर्ण अभिलेख पढ्न सकिन्छ ।

अभिलेखको बारेमा ह्वेनसाँगले केही उल्लेख नगरेकोले उनको यात्राकालमा अशोकको अभिलेख भुईभित्र रहेको वा भग्नावशेषको थुम्कोबाट छोपिसकेको अनुमान हुन्छ । क्रमश: छोपिदैं

जानु नै स्वाभाविक प्रक्रिया हुने र अशोकस्तम्भमा भएका नाना अभिलेख र लेखौटहरूको स्थितिबाट पनि यो कुरा स्पष्ट हुन्छ । ३ फीट खनिसकेपछि अशोकको स्तम्भाभिलेख देखिएको वर्णनबाट पनि यही कुरा प्रमाणित गर्दछ ।

लुम्बिनीस्थित अशोकस्तम्भाभिलेखमा केही यस्ता शब्दहरू आएका छन् जुन अर्को अशोकका अभिलेखहरूमा छैनन् । यी शब्दहरू हुन् १) अठभागिये, २) उवलिके, ३) भगवं, ४) विगदभीचा ५) लुंमिनिगामे, ६) सक्यमुनि । चार बौद्ध संवेजनीय स्थानहरूमध्ये लुम्बिनी एउटाको नाउँ स्पष्टरूपमा लुम्बिनी अभिलेखमा मात्रै पाउनु पनि कम महत्वको कुरो होइन । अझ भनौं भने नेपाल अधिराज्यको सबैभन्दा पुरानो र अभिलेख प्रमाणको स्थान वाचक नाउँमा पहिलो नाउँ नै लुंमिनि हो । यो नेपाल शब्द भन्दा पनि प्राचीन अभिलेख प्रमाण भएको स्थानबोधक नाम हो ।

अशोकका शिलास्तम्भहरू अशोक पछिका विभिन्न राजाहरूको लागि पनि आकर्षण र महत्वको हुन गएको छ र यसैमा आफ्नो अभिलेखहरू कुँद्ने थलो बनाएको छ । आफूले त्यस्तो स्तम्भ बनाइकन खडा गर्न नसक्दा वा नभ्याउँदा किंवा प्राचीन अभिलेख भएकै स्थानमा आफ्नो पनि अभिलेख राख्ने महत्वाकांक्षाले गर्दा गुप्त सम्राट् समुद्रगुप्त, मुगल बादशाह जहाँगीरदेखि लिएर अजमेरको चौहान राजा वीसलदेवसम्मले अशोकको शिलास्तम्भमा नै आ-आफ्नो अभिलेख कुँदेका छन् । लुम्बिनीस्थित अशोकस्तम्भमा पनि अनेक अभिलेख र यात्रु-लेखौटहरू छन् । यिनीहरूमध्येमा रिपुमल्लको ओंमणिपद्मेहूँ संग्राम मल्ल उल्लेख सहितको अभिलेख महत्व छ । महामज्ञेश्वरा, जयतु, सालदेव आदि लेखौटको अध्ययन गर्नु बाँकी छ । तीर्थस्थलमा आ-आफ्नो नाउँ कुंद्ने धार्मिक प्रवृत्तिका अनेकन लेखौटहरू पनि केलाएर अध्ययन गर्नु केही अर्थयुक्त अवश्य हुन्छ । तर अशोकस्तम्भमा कुँदिइराखेका पछिल्ला शब्द, अक्षर र चिन्हको अध्ययन भएकै छैन र यसको अध्ययन भएको खण्डमा कम से कम

कुन कुन बेला अशोकस्तम्भ कति कति पुरिएको थियो भन्ने हिसाब गर्न आधार पाउन सजिलो पर्‍यो ।

अभिलेखको लिपि र भाषा

देवताहरूको मनपर्ने प्रियदर्शी राजाका अभिलेखहरूमा धंम (धर्म) शब्दको व्यापक अर्थमा प्रयोग भएको छ । धर्म शब्द विशेषणको रूपमा लिइ धंमकामता, धंमगुण, धंमघोसं, धंमचरण, धंमदान, धंमनियमानि, धंमपटिपति, धंमपरिपुछा, धंमपलियानि, धंमपेखा, धंममंगलं, धंमकामता, धंमयाता आदि शब्द भए जस्तै स्तम्भहरूलाई धम्मथंभानि र लिपिलाई धंमलिपि (धमदिपि) भनिएको छ । धंमलिपिको अर्थ "मे इयं धंम़लिपि लिखापिता" जस्ता अशोकको अभिलेखबाट स्पष्ट बोध हुन्छ ।

अशोकका अभिलेखहरू प्राय: ब्राह्मी लिपिमा प्राप्य छ, यद्यपि खरोष्ठी, अरेमाई र युनानी लिपिमा पनि एक दुई अभिलेखहरू पाइएका छन् ।

अशोकका प्राय: अभिलेखहरू ब्राह्मी लिपिमा छ । ललितविस्तर अनुसार सिद्धार्थ गौतमले सिकेका ६४ प्रकारका लिपिहरूमा सर्वप्रथम सिकेको लिपि ब्राह्मी हो । त्यहाँ लिपिहरूको नाम क्रममा पनि यही ब्राह्मी लिपि पहिला आउँछ । जैन धर्म वाङमयमा यसलाई "नमो वंभीए लिपिए" रूपमा स्मरण गर्दै "बभी" लिपि भनिएको छ ।

चिनिया बौद्ध विश्वकोष (फा युअन् चु लिन) मा ललितविस्तरले जस्तै सर्वप्रथम ब्राह्मी तदन्तर खरोष्ठी लिपिको नाउँ दिदै बायाँबाट दायाँ लेख्ने यो लिपि ब्रह्माद्वारा सृजित गरेको भनि वर्णन गरेको छ । सिंधुघाटी लिपि पाउनुभन्दा अगाडिसम्म यही लिपि प्राचीनतम लिपिको रूपमा पाइएको सन्दर्भबाट पनि यस लिपिलाई

ब्राह्मी लिपि भनेको हो । पेपेले पाएको पिप्परहवाको अभिलेखबाट, कपिलवस्तु (तिलौराकोट) मा पाएको माटाका सीलहरूको अक्षरहरूबाट र मौर्यकालका अभिलेखहरूको विकसित स्वरूपको अक्षरको अवस्थाबाट अशोकभन्दा कम से कम तीन चार शताब्दि अगाडिदेखि ब्राह्मी लिपि पूर्ण रूपमा चलनचल्ती भइसकेको अनुमान हुन्छ । यस परिप्रेक्षबाट भन्ने भए लुम्बिनीस्थित अशोकको शिलास्तम्भाभिलेखको लिपि पनि प्राचीन ब्राह्मी कै विकसित लिपि हो ।

लुम्बिनीस्थित अशोकको स्तम्भाभिलेखको ब्राह्मी लिपि सप्त स्तम्भको ब्राह्मी शैलीसँग मिल्छ अझ लुम्बिनी, निग्लिहवा तथा सारनाथको स्तम्भाभिलेखको लिपि एउटै हातको लेखन भएमा कुनै आश्चर्य छैन ।

अशोकको अभिलेखका भाषाको नाउँ कुनैपनि अशोकको अभिलेखहरूमा उल्लेख गरिएको छैन तर अशोकका अभिलेखहरूको भाषालाई केलाएर हेर्दा बुद्धकालीन जनभाषाहरूका स्वरूप त्यहाँ सुरक्षित भएको देखिन्छ । अशोकको अभिलेखको भाषा आफ्नो युगको बोलचालको भाषा हो र यो भाषा व्याकरणका नियमहरूको आधारमा मात्र आवद्ध छैन । यस भाषाबाट पालि र साहित्यिक प्राकृतको बीचको भाषाको प्रतिनिधित्व हुन्छ । अशोकको अभिलेखको भाषा साहित्यिक पालि र प्राकृत भाषाको ध्वन्यात्मक र व्याकरणीय रूपदेखि भिन्न छ । यस्तो हुनु स्वाभाविक पनि छ ।

बुद्धको उपदेशलाई सार्वभौमिक र व्यावहारिक रूपमा चरितार्थ गर्ने अशोकबाट एउटै भाषाको मात्र आग्रह नहुनु स्वाभाविक कुरो हो । उत्तम कुरा श्रेष्ठ र प्रतिष्ठित भाषामा लेख्नुपर्छ भन्ने संस्कारको एक भिक्षुले आ-आफ्नो भाषामा धर्मको प्रचार गरेर बुद्धवचनलाई दूषित गरिरहेका छन् भन्ने शिकायत गर्दै बुद्धवचनलाई छन्द (संस्कृत ?) मा आबद्ध गर्न बुद्धसँग आग्रह गरिएको थियो ।

बुद्धले त्यसै प्रसंगमा भिक्षुहरूलाई विनय ज्ञापन गर्नुभयो, "अनुजानामि भिक्खवे सक्काय निरुत्तिया बुद्धवचन परियापुणितुं ।" अर्थात् "भिक्षुहरू, आ-आफ्नो भाषामा बुद्धवचन देशना गर्न वचन दिन्छु ।" बुद्धको यो पनि उपदेश छ, कुनै जनपदमा एक भाव निमित्त पालि शब्दको प्रयोजन भए, कुनै अर्को जनपदमा पोण अथवा पिसील शब्दको प्रयोजन हुन्छ र भिक्षुहरूबाट एउटै शब्दको मात्र प्रयोजन गर्न चाहनुहुन्न ।

अर्को दृष्टिमा अशोकको अभिलेखको भाषा वाङ्मय प्राकृतसँग पूरा नमिल्ने र मागधी प्राकृतसँग सादृश्यता भएको अशोकको आफ्नै प्राकृत हो । साथै केही अभिलेख चाहिं पालिसँग नजिकको छ । यसै कारण प्राकृतको प्राचीनतम नमूना अशोकको अभिलेखमा भएको विश्वास गरेको हो । यस्तै एकातिर अशोकको अभिलेखको आधारमा अशोक व्याकरण (Asokan Grammar) अध्ययन गरेको छ भने अर्कोतिर भाषाविज्ञानको आधारमा (१) पश्चिमोत्तरीय (पैशाच गान्धार), (२) मध्य भारतीय (मगध), (३) पश्चिमीय (महाराष्ट्र), (४) दाक्षिणात्य (आन्ध्र कर्णाट) रूपमा वर्गीकरण गर्दै विभिन्न बोलीहरूलाई स्थान दिने अभिलेखहरूमा सार्वदेशीय भाषा मध्ये प्रान्तीय भाषा मानेको छ ।

लुम्बिनीस्थित अशोकको शिलास्तम्भाभिलेखको भाषा "र" को ठाउँमा "ल" (लाजिन), कृ धातुको "क्त" का "ट" (कटे) र केवल दन्त्य "स" मात्र प्रयोग भएको दृष्टिबाट हेर्दा उपर्युक्त वर्गीकरण अनुसार मज्झिमरट्ठ (मध्यम राष्ट्र) को भाषा हो । मगधको सार्वदेशीय भाषा नै मागधी भन्ने दृष्टिमा भन्ने भए लुम्बिनीस्थित अशोकको शिलास्तम्भाभिलेखको भाषा वाङ्मयात्मक रूपमा प्राप्त प्राचीनतम मागधी समुदायको भाषा हो । साधारणत: मागधीभाषालाई पालि पनि भनिन्छ । यस दृष्टिबाट लुम्बिनीको अशोकको शिलास्तम्भाभिलेखको भाषा मज्झिमरट्ठको प्राचीनतम पालि हो । यो भाषा त्यसै कारण पालि त्रिपिटकको वर्तमान भाषा र

व्याकरणसँग मिल्दैन । यसलाई संस्कृत भाषाको व्याकरण र भाषा शास्त्रको प्रचलित दृष्टिबाट मात्र अध्ययन गर्न खोज्नु त झनै मिल्दैन ।

पाठभेद अनुसार अर्थव्याख्यामा गरिनेमा पाठभेद पनि हुनै नै भयो । अशोकस्तम्भाभिलेखको एक एक शब्द र वाक्यको अन्वेषण अध्ययनमा यसले ठूलो अर्थ भिन्नता देखाउँछ । विशेषतः शिलाविगडभीचा, उबलिकेकटे र अठभागियेच शब्दको अर्थमा पाठभेदको आधारमा नै अर्थ्याइ भिन्नभिन्न हुने भएको छ ।

लुम्बिनीको अशोकको स्तम्भाभिलेखको अर्थ्याइमा देखापरेका संदिग्ध रूपको समग्र अर्थसहित अभिलेखको अर्थ भावसार यसरी देखा पर्दछ :–

देवताहरूका मनपर्ने प्रियदर्शी राजा अभिषिक्त (भएको) बीस बर्षपछि आफै यहाँ आई दण्डवत् (वन्दना पूजा) गरे (किनभने) यहाँ बुद्ध शाक्यमुनि जन्मनु भएको थियो । ढुंगाको एक "सिलाविगडभी" (सूर्यद्योतक ढुंगाको चक्का, ढुंगाको घोडाको मूर्ति, ढुंगाको एक मूर्ति जसद्वारा सिद्धार्थ जन्मलाई संकेतगरिन्छ, ढुंगाको पर्खाल (रेलिङ), गर्भाकारको सामान्य एक ढुङ्गा) पनि बनाउनु भयो (र) ढुंगाको खम्बा (स्तम्भ) गाड्नुभयो । यहाँ "भगवं" जन्मनु भएकोले लुंमिनि गाउँ "उबलिक" (बलिमुक्त, धार्मिककर मुक्त, धर्मको नाउँमा हुने हिंसा बलि मुक्त) गर्नुभयो । (अनि) अठभागिये (आठ भागको एक भागमात्र उत्पादन कर तिर्नु पर्ने, आठ भाग कर पनि तिर्नु नपर्ने, अशोकद्वारा प्रदान गरिएको स्वर्णमुद्राको भागी, अर्थको भागी, आर्य अष्टांगमार्गको भागीय) पनि गरिदिए ।

सन्दर्भ-सामग्री

१) A. Fuhrer "Antiquities of the Buddha's Birth-place in the Nepalese Tarai", Varanasi, Indological Book House, 1972.

२) Basak, Radhagovinda (Ed) Ashokan Inscriptions, Calcutta, progressive publishers 1959, (Introduction).

भिक्षु, शान्ति शास्त्री, ललितविस्तर, लखनउ, उत्तर प्रदेश हिन्दी संस्थान, ई. १९८४ ।

३) Beal, Samuel, "Buddhist Records of the Western world", Motilal Banarasidas, Varánsasi, 1981.

४) Deo, Shantaram Bhalchandra, Archaeological investigations in Nepal Tarai: 1964, Dept. Archa, HMG, 1968.

५) Devala, Mitra, Excavation at Tilaura-kot and Kudan and exploration in Nepal Tarai", Kath, The Dept. of Archaeology, HMG of Nepal, 1972.

६) A) HMG of Nepal, "Lumbini" (Booklet), Kath, Ministry of Industry and Commerce, Department of Tourism, February 1973.

B) HMG of Nepal "Lumbini : the Birth place of Buddha" (Booklet) Kath., Lumbini Development Committee, Babar Mahal, January 1975.

C) HMG of Nepal, "Lumbini," (Booklet), Kath, Ministry of Industry and Commerce, Department of Tourism, March 1975.

D) HMG of Nepal, "Lumbini Development Project", (Booklet), Kath., The Lumbini Development Committee, Babar Mahal, 1976.

E) HMG of Nepal, "Lumbini Development Project", (Booklet) 1980.

F) HMG of Nepal, "Lumbini Development Project", (Booklet), 1983.

प्रोफेशर बूलर (BUHLER) द्वारा ANZEIGER स The Philosophical and Historical Section of the Imperial Academy of Seriences, Vienna को निम्ति 7th January, 1897 को लागी प्रकाशित

७) J. Vijayatunga, "Lumbini to Kusinara, Ceylon, Saman Press, Maharagama, 1960,

८) London, perceval, "Nepal" Vol.I and II Bibliotheca Himalaya, Series I, vol 16, Kathmandu, Ratna Pustak Bhandar, Reprinted, 1976.

९) Mukherji, Babu Purna Chandra, "A Report on a tour of Exploration of the antiquities of Kapilavastu Tarai of Nepal", (Prefetory Note by V.A. Smith) Indological Book House, Varansasi,1967.

१०) Pradhan, Bhuwan Lal, "Lumbini Kapilwastu Dewadaha," Kathmandu, Research Centre for Nepal and Asian Studies, Tribhuvan University, Kirtipur, (No. date).

११) Rijal, Babu Krishna, "Archaeological remains of Kapalavastu Lumbini Devadaha", Kathmandu, Educational Enterprises (Pvt.) Ltd. 1979.

१२) Sen, Amulyachandra, "Asoka's Edcts", Calcutta, The Institute of Indology, 21 Balaram Ghosh st, July, 1956.

१३) Smith, V.A. "The oxford history of India", (Reprinted with correction), Oxford University Press : London, 1964.

१४) Sircar, D.C., "Indian Epigraphy", Motilal Banarasidas, Bungalow Road, Jawahar Nagar, Delhi 1965.

१५) Sircar, D.C., "Selected Inscriptions", Calcutta, of India, 1965. Mahapatra, Chakradhar, "The real birth place of Buddha" Orissa A, Mahapatro, Granth Mandir, Cuttak, (India), December, 1977,

१६) Woolner, Alfred "Asoka text and glossary" Delhi, Panjab University oriental publications, 1982.

१७) भट्ट, जनार्दन, “अशोक के धर्मलेख”, पब्लिकेशन डिविजिन, सूचना एवं प्रसारण मन्त्रालय, ओल्ड सेक्रेटरीयट, दिल्ली, मई १९५७.

१८) एफं मेक्समूलर, “भाषाविज्ञान”, (अनु. उदयनारायाण तिवारी), मोतिलाल बनारसीदास, बंगला रोड, जवाहरनगर, दिल्ली, जनवरी १९७०.

१९) नीलरत्न बनर्जीबाट २३ नम्बर १९८२ का दिन लुम्बिनी यात्रापछि लुम्बिनी विकास समिति, बबर महललाई पुरातात्त्विक संरक्षणका लागि दिनु भएको एक अप्रकाशित प्रतिवेदन ।

२०) भिक्षु, कुमार काश्यप र भिक्षु सुदर्शन, "बुद्ध र बुद्ध धर्म" गण प्रकाशन, गण महाविहार, काठमाडौं ।

२१) पाण्डेय, राजबली, "अशोक के अभिलेख", ज्ञानमण्डल लिमिटेड, वाराणसी, संवत् २०२२ ।

२२) रास विहारी लाल, "वैशाली", जनसम्पर्क विभाग, विहार, भारत, अप्रिल १९५८ ।

२३) बज्राचार्य, धनवज्र, "लुम्बिनीको घटना" "लुम्बिनी", १।१, वि.सं. २०२९ ।

२४) शाक्य मोतिकाजी र वज्राचार्य शीलबहादुर, "आत्मकथा ध्यान र स्वास्थ्य तथा देवदह कहाँ छ ?" मोतिकाजी शाक्य, भीमसेन टोल तानसेन, नेपाल, ई १९८१ ।

(धर्मोदय लुम्बिनी शतवार्षिकोत्सव विशेषांक, बु.सं. २५४०)

लुम्बिनीस्थित अशोकको शिलास्तम्भको अभिलेख एक अध्ययन (ख)

लघु शिलास्तम्भ अभिलेख

लुम्बिनीमा राजा अशोकले ईसवी पूर्व २५० मा स्थापना गर्नु भएको शिलास्तम्भलाई लघु-शिलास्तम्भको श्रेणीमां राखिएको छ । यसलाई तराई शिलास्तम्भ अभिलेख पनि भनिने गरिन्छ । यस शिलास्तम्भमा अरु ठाउँमा रहेको अशोकको शिलास्तम्भमा जस्तै थरी थरी प्रकारका एक भन्दा बढी अभिलेखहरू कुँदी नराखेकोले यस प्रकारको शिलास्तम्भ अभिलेखलाई लघु-शिलास्तम्भ अभिलेख भनिएको हो । अर्को शब्दमा भन्ने हो भने अशोकको छोटो एउटा मात्र अभिलेख भएकोले यस्तो नाम रहन गएको हो । शिलास्तम्भको उँचाई छोटो भएर लघु शिलास्तम्भ अभिलेख भनिएको भने पक्कै होइन । त्यस्तै नै शिलास्तम्भ अभिलेखको विषय साधारण अथवा सानो भएर त्यस्तो भनिएको पनि होइन । विषय अनुसार भन्ने हो भने बौद्ध इतिहास र साँस्कृतिक दृष्टिले लुम्बिनीमा रहेको अशोक-शिलास्तम्भ अभिलेखको आफ्नै छुट्टै मौलिक महत्व छ । लुम्बिनीको यस शिलास्तम्भ अभिलेखमा "हिदबुधेजाते सक्यमुनीति" (यहाँ शाक्यमुनि बुद्ध जन्मेकोले) "हिदभगवंजातेति लुंमिनिगामे" (यहाँ भगवं जन्मेकोले लुम्बिनी गाउँमा) कुँदिएको भेटिएपछि मात्र बुद्धलाई ऐतिहासिक महामानव भनेर मान्न थाले । होइन भने बुद्धलाई पनि आदर्शको मर्यादापुरुष अथवा पूज्य मान्य पौराणिक चरित्रको व्यक्ति जस्तै नै पाश्चात्य विद्वानहरूले मानि आएका थिए ।

अर्को कुरा, बुद्धगयामा पनि अशोकको शिलास्तम्भ छ । तर त्यस शिलास्तम्भमा सम्यक् सम्बोधि प्राप्त गर्नु भएको भन्ने उल्लेख छैन । सारनाथमा पनि अशोकको शिलास्तम्भ अभिलेख छ । तर यो अभिलेखको विषय संघ शुद्धि हो । त्यहाँ शील नभएका चीवर मात्र लगाएर बसेका भिक्षुहरूलाई सेतो कपडा लगाउन लगाई पठाउने कुरा लेखिइ राखेको छ । ह्वेनसाँगको वर्णन अनुसार कुशीनगरमा रहेको अशोकस्तम्भको अभिलेखमा बुद्धको महापरिनिर्वाणको कथा लेखि राखेको छ भनेता पनि अहिलेसम्म त्यो शिलास्तम्भ अभिलेख उत्खनन्को क्रममा भेटिएको छैन । यस अर्थमा भन्ने भए लुम्बिनीमा रहेको अशोकको शिलास्तम्भ अभिलेख महान् ऐतिहासिक महत्वको शिलास्तम्भ अभिलेख हो ।

अरु लघु शिलास्तम्भ अभिलेखहरूसँग लुम्बिनीको अभिलेख

लघु शिलास्तम्भ अभिलेखहरू पाँचवटा छन् । यस संख्यामा गोटिहवामा रहेको अशोकको शिलास्तम्भलाई जोडिएर राखेको देखिन्दैन । यसको एउटा कारण खडा उभिरहेको यस शिलास्तम्भमा अभिलेख नभएको हुनुपर्छ । पाँचवटा लघु शिलास्तम्भ अभिलेखहरूमा एउटा लुम्बिनीमा रहेको शिलास्तम्भ हो । अर्को निग्लिहवामा रहेको अशोकको अभिलेख भएको शिलास्तम्भ हो । लघु शिलास्तम्भ अभिलेखहरू लुम्बिनी शिलास्तम्भ अभिलेखका हरफहरू यसरी देखिन्छ :–

शिलास्तम्भ अभिलेख रहेको ठाउँ	**अभिलेखका हरफहरू**
१) लुम्बिनी, नेपाल	५
२) निग्लिहवा, नेपाल	४
३) सारनाथ, भारत	११
४) कोसम (कोशम्बी), भारत	४
५) साँची, भारत	८
६) गोटिहवा, नेपाल	(अभिलेखको अंश भएको टुक्रा छैन)

सारनाथ, कोसम्बी र साँचीको अभिलेखहरूको विषयवस्तु एउटै हो । भिक्षु वा भिक्षुणी संघमा भेद नगराउन, संघभेद गर्नेहरूलाई र चीवरले मात्र भिक्षु भएका दु:शीलहरूलाई सेतो पोशाक लगाईदिएर संघवासबाट टाढा गराइदिने यी तीनवटा लघु शिलास्तम्भ अभिलेखहरूको विषय हो । त्यस्तै नै यी ३ वटा शिलास्तम्भ अभिलेखहरू मध्येमा सारनाथ अभिलेखमा ११ हरफ भएर राम्ररी कुरा स्पष्ट छन् भने कोसम्वीमा ४ हरफ भएता पनि अभिलेखले संक्षिप्त कुरा स्पष्ट गर्दछ ।

लुम्बिनी शिलास्तम्भको अभिलेखको प्रकाशन

लुम्बिनीमा रहेको शिलास्तम्भका बारेमा पहिले नै धेरै स्थानीय मानिसहरूलाई थाहा थियो होला । किनभने १९९३ ईसवीमा लुम्बिनीस्थित अशोकको शिलास्तम्भबारेमा नेपाल बाहिरका मेजर जसकर्ण सिंहलाई समेत थाहा छ । तर पाल्पामा त्यसबेलामा तैनाथवाला जनरल खड्ग सम्शेरसँग गएर १ डिसेम्बर १८९६ का दिन डा. ए. फुहररले यस शिलास्तम्भलाई देखेपछि मात्र यो शिलास्तम्भ अशोकको नै हो भनि किटान भएको देखिन्छ । फुहररले यस शिलास्तम्भ देख्नु हुँदा यो १० फीट जमीन भन्दा माथि रहेको देखिएको थियो । फेरि उहाँको नै सल्लाह अनुसार खम्बानिर खन्ने काम भयो र खन्दै लग्दा ३ फीट तल अशोकको अभिलेख भेट्टिए । यो अभिलेख शिलास्तम्भको फेदबाट झण्डै ९ फीट ८ इञ्च माथि पर्छ । जर्ज़ बूहलरको भनाइ अनुसार त्यसबेला मसी दलेर सर्वप्रथम अभिलेखको प्रतिलिपि लिइएको थियो ।

फाहियानले अशोकको शिलास्तम्भका बारेमा केही कुरा उल्लेख गरिएको छैन । ह्वेनसाँगको यात्रा विवरणमा यस शिलास्तम्भको टुप्पामा घोडाको मूर्ति भएको कुरा लेखिएको छ । यस वस्तुस्थितिमा फाहियानको यात्रा विवरण पूर्ण नभएको अथवा

फाहियान र ह्वनेसाँगको यात्राको बीचमा पनि अशोकस्तम्भ खोज्ने कार्य भएको दुई कुराहरू मध्येमा एउटा कुरा हुनुपर्ने देखिन्छ । ह्वेनसाँगको यात्रा विवरणमा अशोकस्तम्भको बयान गरिएपनि अभिलेखको बारेमा केही कुरा उल्लेख गरिएको छैन । शायद व्हेनसाँगको समयमा अभिलेखको भाग माटोले पुरिएर छोपिरहेको हुनु पर्दछ । अशोकको यस शिलास्तम्भमा भएको रिपुमल्लको अभिलेख र अरु अरु कुंदिराखेको धेरै लेखौट पनि अशोकको शिलास्तम्भ अभिलेख भन्दा धेरै नै माथि परेकोले पनि अशोकको शिलास्तम्भको अभिलेख अंश धेरै समय सम्म जमीनको सतहमुनि छोपिएर रहेको देखिन्छ । फुहररको विचारमा अभिलेख अंश एघार शय वर्ष अघि नै छोपिरहेको देखिन्छ । अझ भन्ने हो भने फुहररले अभिलेखको प्रतिलिपि लिइसकेपछि पनि फेरि एक पटक अशोकको स्तम्भअभिलेखका केही अंश छोपिए । अथवा तुरुन्त नै छोपिएर गयो । किनभने करिब ३० वर्ष पछि अर्थात् २८ फरवरी १९२७ मा श्री राधाकुमुद मुकर्जी लुम्बिनी आउनु हुँदा अभिलेखको ३ हरफमात्र जमीनको सतह भन्दा माथि थियो २ हरफ जमीनको सतहभन्दा तल पुरिएर रहेकोले देखिएन । आफ्नो किताब्र (Asoka, दो.सं. १९५५) मा वहाँले ३ हरफ सम्म मात्र अभिलेख देखिने लुम्बिनीको शिलास्तम्भको तस्वीर प्रकाशित गर्नु भएको छ । तर पछि फेरि लुम्बिनीको खोज र मर्मत गर्ने कार्यमा आउनु भएका जनरल केशर सम्सेरले यो अभिलेख पूरा देख्न सकिने गरिदिए होला । पछि अशोकस्तम्भको माथिको प्राकृतिक तरिकाबाट टुक्रिएको चिन्ह नदेखिने गरी अशोकस्तम्भको टुप्पामा स्तम्भको गोलाई भन्दा बाहिर निकाली टोपी लगाए जस्तै एउटा चक्का राखि दियो । यसले गर्दा एकातिर शिलास्तम्भको लम्बाकारमा फुटेको चिरानबाट पानी पस्न नदिई शिलास्तम्भको रक्षा गरे । अर्कोतिर यसो हेर्दा यो शिलास्तम्भ यो भन्दा लामो हुन्छ भनी कल्पना गर्न नै नसकिने तुल्याइदिए ।

लुम्बिनी शिलास्तम्भको अभिलेखको पाँच हरफ अभिलेख

लुम्बिनीको शिलास्तम्भको अभिलेखको पाँच हरफ अभिलेखहरूमा कुनै पनि अक्षर अस्पष्ट वा नचिनिने गरी छैन । अशोक शिलास्तम्भमा माथि देखि चर्किएको चिरानी रेखा तल झरेर, पाँचै हरफका अभिलेखका अक्षरहरूमा पनि छोइरहेको छ । पहिलो हरफको "पि", दोस्रो हरफको "आ", तेस्रो हरफको "वि", चौथों हरफको "यि", र पाचौं हरफको "भा", अक्षरहरूमा यस चर्किएको चिरानी रेखाबाट छोएतापनि अभिलेखको अध्ययनमा कुनै अवरोध वा समस्या आएको छैन ।

निग्लिहवा, सारनाथ, कोसम र साँचीको अभिलेखहरूमा कुनै न कुनै ठाउँमा, अथवा धेरै ठाउँमा नै खण्डित भएका छन् । पढ्न नसकिने अंशहरू पनि छन् । यसको तुलनामा लुम्बिनीको शिलास्तम्भ अभिलेख पूर्ण स्पष्ट र पूर्ण अखण्डित अवस्थामा छ । यो धेरै ठूलो हर्षको कुरा हो । अभिलेखको यो स्पष्टता र अखण्डता नेपाल र विश्वका बौद्ध इतिहास र संस्कृति प्रेमीहरूका निम्ति ठूलो भाग्य हो । लुम्बिनीको शिलास्तम्भ अभिलेख कहिं एक टुक्रा खण्डित वा अस्पष्ट भएको भए यसको पूरक पाठको निम्ति कहिंबाट पनि आधार श्रोत पाउने नै होइन । यस अभिलेखको पाठसँग तुलना गर्न अर्को ठाउँमा कहिं यस्तो पाठ पनि त छैन ? लुम्बिनीको अभिलेख जस्तै समान पाठ भएको अभिलेख अन्त कतै छैन । लुम्बिनीको अभिलेखमा कहिं कुनै ठाउँको अशोकको अभिलेखमा नभएको शब्दहरू पनि छन् । यी शब्दहरू हुन :- अठभागिये, उबलिके, भगवं, विगडभी, लुंमिनी र सक्यमुनि । तर यसरी लुम्बिनीको शिलास्तम्भ अभिलेख स्पष्ट र अखण्डित अवस्थाको भएता पनि यसको दुई तीन ठाउँको व्याख्यामा विद्वानहरूको विचार फरक भएको देखिन्छ । यसका ४ कारणहरू छन् : –

१) लुम्बिनी शिलास्तम्भको अभिलेखको पूर्ण पाठ अन्त कहिं लघु-शिलास्तम्भहरूमा नभएको,

२) अभिलेखको अर्थ लगाउन संस्कृत भाषा, व्याकरण र स्वभावको दृष्टिबाट मात्रै विचार गर्ने प्रवृत्ति,

३) अभिलेखकालीन स्थानीय भाषाको व्याकरण वा भाषाशास्त्रको आधिकारिक आधार नभएको

४) यस अभिलेखमा मात्र प्रयोग भएको (अर्थात् अशोकका शिलाअभिलेख, स्तम्भाभिलेख र गुहाभिलेखहरूमा नभएका) लुम्बिनीको शिलास्तम्भ अभिलेखका शब्दहरू

तस्बीर जस्तै पढ्न सकिने अभिलेखको चौडाई र उँचाई


लुम्बिनीको अशोकको शिलास्तम्भ सिद्धार्थ-जन्म-स्मारक (प्रथम चैत्य अथवा आजको प्रचलित भाषामा मायादेवी मंदिर) को पश्चिम दिशातिर स्मारकको प्राचीन प्रदक्षिणा-पथ बाहिर नजिकै उभिरहेको अवस्थामा छ। अभिलेख पनि यस शिलास्तम्भको पश्चिम तिरको गोलाइमा कुँदिएको छ। अभिलेखको चौडाई र उँचाई तस्बीर जस्तै हेर्न सजिलो छ। अभिलेखको ठीक अगाडी बीचमा बसेर उभिएर पढेपनि, त्यहीं उभिएर टाउको मात्र केही अप्ठ्यारो नपर्ने गरि घुमाएर पनि सम्पूर्ण अभिलेख राम्रो सँग पढ्न सकिन्छ।

अभिलेखका पाँच हरफहरू मध्येमा चार हरफहरूको बाँया-बाट दायाँ लम्बाई ५५ सेन्टिमिटरको छ। पाँचौ हरफको लम्बाई १४ सेन्टिमिटरको छ। पाँचै हरफको अभिलेखको माथिबाट तलतिरको जम्मा उँचाई ४० से.मि.छ। प्रत्येक हरफको पहिलो र अन्तिम अक्षर ठ्याम्मै एउटा मुनि अरु पर्ने गरी फासला मिलेको छ। अभिलेखको शुरुमा कुनै शुभसूचक चिन्ह वा अक्षर छैन न त अन्तमा

कुनै विराम चिन्ह नै छ । अभिलेखका हरफ, शब्द समूह, शब्द र अक्षरहरू यस प्रकार छन् : –

अभिलेखको हरफ क्रम	शब्द समूह	शब्द	अक्षर संख्या
१.	४	६	२३
२.	४	८	२१
३.	४	६	२१
४.	३	८	१९
५.	१	३	६
	१६	३१	९०

यो कुरा तलको तस्वीरबाट बुझ्न सकिन्छ ।



लुम्बिनीको शिलास्तम्भ अभिलेखमा रहेको स्वर वर्ण, व्यञ्जन वर्ण, संयुक्त अक्षर लहरै यस्तो हुन्छ :-

स्वर वर्ण :-

अ (दुई वटा), आ, उ (दुई वटा)

व्यञ्जन वर्ण :-

क, ग(दुई वटा), च (तीन वटा), ठ, ड, त (दुईवटा), द (तीनवटा), न (छवटा), ब, भ, म, य, व, स (तीन वटा)

मात्रा भएको व्यञ्जन वर्ण :-

का, के, गा (दुई वटा), गि, चा, जा (दुईवटा) जि, टे, ति (तीन वटा), ते (पाँच वटा), दे, धे, नि, नी, पा, पि (पाँच वटा), बु, भा, भि, भी, भे, मि, मु, मे, यि, ये (दुई वटा), ला (चार वटा), लि, लुं, वा, वि, वी, वं, सा सि (चारवटा), हि(दुई वटा), ही, क्य ।

साँच्चै भन्ने हो भने लुम्बिनीको अभिलेखमा आए जति अक्षरबाटै मौर्यकालीन ब्राह्मी अक्षरको विशेषता देखाउन सकिन्छ । एउटा निर्देशंक चिन्ह (Dash -) नै अनुस्वारको एक मात्रा छोडेर स्वर वर्णको सबै मात्रा भइरहेका छन् । अक्षरको माथि बायाँ व्यञ्जन वर्णको टाउकोमा छोएर दाँयातिर एउटा निर्देशन चिन्ह माथि व्यञ्जन वर्णमा आ अक्षरको मात्रा हुन जान्छ । जस्तै (क)मा (ा) भएर + = (क+ा=का)

मा (ग+ा=गा) अनि यो नै एउटा निर्देशन चिन्ह आ मात्रामा जोडिएर कोण लिए भने इकारान्तको मात्रा हुन जान्छ । जस्तै (ग+ि=गि) । यो नै निर्देशन चिन्ह व्यञ्जन वर्णको तल छोएर दाँयातिर सीधा रहन गए उ मात्रा हुन जान्छ । यसको प्रमाण दिने अक्षर लुम्बिनीको अभिलेखमा छैन । त्यसै बुझाउनलाई भन्ने भए (क+ ु=कु) दिन सकिन्छ । अशोककालीन ब्राम्हि अक्षरको विशेषता अनुसार आकारान्त मात्रा चारपाटा अथवा तल गोलो आदि भएको व्यञ्जन वर्णमा भएमा अपवाद जस्तै हुन्छ । जस्तै (ज+ा=जा), (ब+उ=बु) त्यस्तै नै (मु), (लुं), व्यञ्जन वर्णमा माथि दाँया निर्देशन राख्नासाथ ए को मात्रा हुन जान्छ । जस्तै (के), (ते), (दे), (धे), (मे), (ये) । मात्रा दीर्घ गर्नु परेमा त्यही निर्देशन चिन्ह ठाडो रेखा दुई वटा जस्तै (नी), (भी), (वी), (ही), हुन्छ अनुस्वारको मात्रा श्रीविन्दू • नै हो । तर ब्राह्मीलिपिमा व्यंञ्जन वर्णको पछाडी बीचमा रहन्छ, जस्तै (वं) । अर्को मात्रा भएमा मात्राकै पछाडी रहन्छ, जस्तै, (लुं) । अशोककालीन ब्राह्मि व्यञ्जन वर्ण जोड्दा जोडन आउने अक्षर अक्षरको तल सानो भएर जोडिएर झुण्डिन्छ । जस्तै (क+य=क्य) । लुम्बिनीमा रहेको अभिलेखमा यही एउटा अक्षर मात्रै संयुक्ताक्षर रहेको छ । त्यस्तै नै नमूना अनुसार भनेमा (क+व=क्व) (प्रि) लिन सक्छौं । मौर्यकालीन ब्राह्मी अभिलेखमा पूर्णविराम आदि चिन्ह राखेको देखिन्दैन । कालसीको एउटा अभिलेखमा (अठवसा । भिषित । षा) देख्ने विराम चिन्ह जस्तो चिन्हलाई अपवाद अनुसार पूर्ण विराम चिन्ह भन्ने गरिन्छ । यस बारेमा श्री सी.एस. उपासकले (The history of Paleography of Mauryan Brahmi Script, 1960 मा) व्यक्ति वाचक नाम जीवधारीहरूको नाम, समयको कुरा उल्लेख गर्ने शब्द पछाडी र अंक पछि अलि टाढा लेख्नेगरिन्छ भन्ने उल्लेख गरिएको

छ । च, चा र चु जस्तो शब्दहरूको पछाडि अलि टाढा शब्द अक्षरको पछाडि ठाउँ छोडेर टाढा लेख्ने गरिन्छ । तर लुम्बिनी शिलास्तम्भ अभिलेखमा यो कुरा चरितार्थ भएको देखिन्दैन । लुम्बिनीको शिलास्तम्भ अभिलेखमा कहीं शब्द अलि नगाँसिएको कहीं अझ अलि बढ्ता अक्षर नगाँसिएको, कहीं अझ अलि अरु बढता नगाँसिएको देखिन्छ । जस्तै :–

१) देवातनपियेन पियदसिन लाजिन वीसतिवसाभिसितेन

२) अतनआगाच महीयिते हिदवुधेजाते सक्यमुनीति

३) सिलाविगदभीचा कालापित सिलाथभेच उसपायिते

४) हिदभगवंजातेति लुंमिनिगामे उवलिकेकटे

५) अठभागियेच

लुम्बिनी अभिलेखको पाठ भेद

लुम्बिनीको शिलास्तम्भ अभिलेखका अक्षरहरूमा केही पाठभेद छैन । तर पूर्णविराम चिन्ह कहिं नभएकोले वाक्य विभाजनमा कल्पित संयोजक र विराम चिन्ह दिनुमा अनि अर्थ लगाउनेमा पाठभेद भइरहेको छ ।

ए. फुहररको र जर्ज बूहलरको पाठ

१. देवान-पियेन पियदसिन लाजिन-वीसतिवसाभिसितेन

२. अतन-आगाच महीयिते हिद-बुधे-जाते सक्यमुनी-ति

३. सिला-विगडभी-चा कालापित सिलाथभे-च उसपापिते

४. हिद-भगवं-जाते-ति लुंमिनिगामे उबलिके-कटे

५. अठभागिये च

राधागोविन्द बसाकको पाठ

१. देवान पियेन पियदसिन लाजिन वीसतिवसाभिसितेन

२. अतन आगाच महीयिते (,) हिद बुधे जाते सक्यमुनीति (;)

३. सिलाविगडभी चा कालापित सिलाथभे च उसपापिते(;)

४. हिद भगवं जाते ति लुंमिनिगामे उबलिके कटे

५. अठभागिये च (।)

जनार्दन भट्टको पाठ

१. देवान पियेन पियदसिन लाजिन वीसतिवसाभिसितेन

२. अतन आगाच महीयिते(।) हिद बुधे जाते सक्यमुनी ति

३. सिलाविगडभीचा कालापित सिलाथभे च उसपापिते (।)

४. हिद भगवं जातेति लुंमिनिगामे उबलिके कटे

५. अठभागिये च (।)

डा. राजबलि पाण्डेयको पाठ

१. देवानापियेन पियदसिन लाजिनं वीसतिवसाभिसितेन

२. अतन आगाच महीयिते हिद बुधे जाते सक्यमुनी ति[I]

३. सिला विगडभीचा कालापित सिलाथभे च उसपापिते

४. हिद भगवं जाते ति [२] लुमिनिगामे उबलिके कटे

५. अठभागिये च [३]

यी उदाहरणहरूबाटै केही पाठ भेदमा वाक्यांशं विभाजन गर्ने र थरिथरिका अर्थ भएको देख्न सकिन्छ ।

(१) कसैको विचारमा यहाँ शाक्यमुनि बुद्ध जन्मेको भनी देवताहरूको मनपर्ने प्रियदर्शी राजा राज्यभिषेकको २० वर्षपछि यहाँ आफै आएर "महीयिते" गरे (भए) । यहाँ भगवं जन्म भएको भनी "सिलाविगडभीचा" गरेर ढुँगाको खम्बा एउटा ठड्याए । लुम्बिनी गाउँमा "उवलिकेकटे अठभागियेच" गरे ।

(२) कसैको विचारमा देवताहरूको मनपर्ने प्रियदर्शी राजा आफ्नो राज्याभिषेकको २० वर्षपछि आफै आएर "महीयिते" गरे (भए) । यहाँ शाक्यमुनि बुद्ध जन्मेको भनी "सिलाविगडभीचा" गरेर (राखेर) शिलास्तम्भ पनि ठड्याए । यहाँ भगवं जन्मेको भनी लुम्बिनी गाऊँमा "उवलिकेकटे, अठभागियेच" गरे ।

यस प्रकार शाक्यमुनि बुद्धको जन्मलाई र भगवं जन्म भएकोलाई कारकतत्व अनुसार तलमाथि पारेको देखिन्छ ।

"महीयिते" को अर्थ धेरै भएकोले यहाँ माथि त्यही नै शब्द राखेको हो । यसको अर्थ पूजा गरे, गौरवान्वित गरे, गौरवान्वित भए, सिद्धार्थको चरण चिन्ह भएको ठाउँमा सिङ्गो शरीर भुईमा टाँसिनेगरी साष्टाङ्ग दण्डवत गरे, उपगुप्तको दुईवटै चरणमा ढोगे आदि दिएका छन् ।

"सिलाविगडभीचा" को अर्थ घोडाको मूर्ति बनाएर राखे, (शिलास्तम्भको चारैतिर) ढुङ्गाको प्राची (लम्बाईबाट जालि जस्तो ढुङ्गाको) पर्खाल राखे, सिद्धार्थको जन्म बोध गराउने महामाया देवीको प्रतिमा राखे, सूर्यवंशलाई याद दिलाउन सूर्यको प्रतीक ढुँगाको चक्का खम्बामा राखे, सिद्धार्थको सात पाइलाको चरण चिन्ह रक्षा गर्न दाँयाबाँया र माथि ढुंगाले छोपे, सिद्धार्थ धरतीमा पहिलो पाईला राखेको ठाउँमा चिन्ह राख्न प्राकृतिक साधारण एउटा ढुँगा राखे आदि हुन्छ ।

"उवलिकेकटे अठभागियेच" को अर्थ पनि धेरै छन् । धार्मिक अथवा परम्परागत केही स्थानीय कर मिनाहा गरेर जमीनको उत्पादन करमा आठ भागमा एक भाग सहुलियत दिए भन्ने एक अर्थ हो । दोस्रो अर्थमा सहुलियत दिएको नभई उत्पादन कर आठ भागमा एक भाग लिने गर्दै आएकोमा कर सुविधा दिए अर्को अर्थमा त्यसरी पनि नभई सम्पूर्ण कर मिनाहा गरेर अशोकले दिएको दानको अर्थ भागी पनि गरे देखाएको छ । तर अशोकका सबै अभिलेखको अभिप्राय अनुसार विचार गर्ने हो भने लुम्बिनी बलि (हिंसा) नगर्ने अनि अष्टांगमार्गको अनुशरण गर हेर भन्ने अर्थ पनि हुन जान्छ । त्यसैले लुम्बिनीमा रहेको अशोकको शिलास्तम्भको अभिलेखको अर्थ बुझ्न एक एक वाक्य, एक एक शब्द समूह र एक एक शब्दको विश्लेषणात्मक अध्ययन आवश्यक देखिन्छ ।

सन्दर्भ पुस्तकहरू :-

१) A. Fuhrer, Ph, D., Antiquities of the Buddha's Birthplace in the Nepalese Terai, Varahasi, 1972.

२) Mukherji, Babu Purnachandra, A Report on a Tour of Exploration of the Antiquities of Kapilvastu, Tarai of Nepal, Delhi, 1969.

३) G. Buhler, Ph.D., H.D.C.I.E, Epigraphia Indica, Vol V-1898-99.

४) Basak, Radhagovinda, M.A.Ph.D., Asokan Inscriptions, Calcutta, 1959.

५) भट्ट, जनार्दन एम.ए., अशोक के धर्मलेख, काशी, सं. १९८० ।

६) पाण्डेय, डा. राजवली, अशोक के अभिलेख, वाराणसी, सं. २०२२ ।

लुम्बिनीस्थित अशोकको शिलास्तम्भाभिलेखको "देवानपियेन पियदसिन लाजिन" : एक अध्ययन

मानव इतिहासलाई धार्मिक र पौराणिक कथाबाट एक तहमाथि उठाई प्रामाणिक मानव इतिहासको रूपमा देखाउने कार्य सर्वप्रथम राजा अशोकले गरे । चतुर्दश शिलाभिलेख, १४ ठाउँका लघुशिलाभिलेख, तीनवटा गुहाभिलेख, ६ ठाँउमा रहेको सप्त स्तम्भाभिलेख, ४ वटा लघु स्तम्भाभिलेख, तक्षशिला र कन्दहारमा रहेको अरमाइ र यूनानी भाषाको लघुशिला अभिलेखबाट, निग्लीहवा र लुम्बिनीस्थित शिलास्तम्भ अभिलेखबाट स्पष्ट हुन्छ राजा अशाकले नै सर्वप्रथम आर्यावर्तमा व्यापक रूपमा अभिलेख राखेर जानुभयो । साथै आफ्नो अभिलखको प्रमाणबाट स्पष्ट व्यक्तित्त्व भएका प्रथम ऐतिहासिक राजा पनि अशोक नै हुनुहुन्छ ।

राजा अशोकको नाम अभिलेखहरूमा विभिन्न प्रकारबाट आइरहेको छ । "देवताहरूको प्रिय" राजा अशोकको सबभन्दा छोटो परिचय हो । कलिङ्गको प्रथम अभिलेखमा "देवानंपियस" दोश्रो अभिलेखमा "देवानपियस" उल्लेख गरिराखेको छ भने सहसराम, रूपनाथ, वैराट एरगुडी, गोविमठ, रजलमंदगिरी आदि ठाउँका अभिलेखहरूमा प्रारम्भमा नै "देवानपिये" लेखिराखेको छ । ब्रह्मगिरीको अभिलेखमा 'देवाणं पिये" उल्लेख छ । कुनै कुनै स्तम्भ अभिलेखमा पहिले "देवानंपिय पियदसिना" उल्लेख गरिसकेपछि बीच-बीचमा संक्षिप्त प्रयोगको रूपमा "देवानंपिये" मात्र उल्लेख गरिराखेको छ । उदाहरणको निमित्त चतुर्दश शिलाअभिलेखको गिरनार, कालसि, शाहबाजगढ र मानसेराको एघारौं र बाह्रौं अभिलेखहरूमा क्रमशः "देवानंपियो", 'देवानंपिये', 'देवनं प्रियो',

'देवनं प्रिये' उल्लेख यसको प्रमाण हो । यस्तै १३ औ अभिलेखको गिरनार संस्करणमा 'देवानं प्रियस' कालसिको संस्करणमा "देवनपियसं' आइराखेको छ । मास्की लघु शिलालेखमा 'देवानंपियसा असोकस' भनी नामनै उल्लेख छ भने गुर्जराको लघु शिलालेखमा 'देवानंपियस असोक राजस" भनी अझ स्पष्ट उल्लेख भइराखेको छ । बारबराको गुहाभिलेखमा भने 'लाजिना पियदस्सिना' भनी उल्लेख भएको छ । यस्तै वैराट (भाब्रु, कलकत्ता) को एउटा अभिलेखमा "पियदसि लाजा मागधे (धं) भनी देशको नाम उल्लेख गरिराखेको निकै महत्रवपूर्ण छ । चतुर्दश शिलाभिलेखको पहिलो अभिलेखको बीचमा गिरनार संस्करणमा प्रियदसिनो रञा, शहवाजगढ संस्करणमा "प्रियदशिस रञो", मानसेरा संस्करणमा "प्रियदशिस रजिने" उल्लेख भएको छ । तर पनि चतुर्दश शिलालेख क्रममा "देवताहरूका प्रिय प्रियदर्शी राजा" अर्थबोधक शब्द नै धेरै प्रयोग भएको देखिन्छ । उदाहरणको निमित्त गिरनारको "देवानं प्रियेन (पिंयेन) प्रियदसिना (पिंयदसिना)" राञा, कालसिको "देवानं पिये पियदसी लाजा", शहबाजगढको "देवण प्रिये प्रिय द्राशी रज" र मानसेराको "देवनं प्रियेन प्रियदशिन रज" स्मरणीय छ । चतुर्दश अभिलेख मध्ये तेश्रो, पाँचौं, छैठों, सातौं, नवौं, दशौं, एघारौं, बाह्रौं अभिलेखको प्रारम्भमा नै "देवताहरूका प्रिय प्रियदर्शी राजा" अर्थबोधक शब्दको रूपमा आइरहेको छ । अन्य अभिलेखमा केही शब्दपछि "देवताहरूका प्रिय प्रियदर्शी राजा" अर्थ बोधक शब्द आएको छ । जहाँ सम्म दिल्ली-टोपरा, दिल्ली-मेरठ, इलाहावाद-कौसम्बी, लौरिया अरराज लौरिया नन्दनगढ (मथिया), रामपुरवाका सप्त स्तम्भाभिलेखको कुरा छ, सबैमा प्रारम्भमा नै "देवताहरूका प्रिय प्रियदर्शी राजा" अर्थबोधक शब्द आइरहेको महत्वपूर्ण छ । अझ सारनाथ, कौशाम्बी र साँचीको लघु शिलास्तम्भको अभिलेखमा पनि यस्तै प्रयोग देखिन्छ । युनानी र अरेमिया भाषाको अभिलेखमा भने "राजा प्रियदर्शी" बोधक शब्द अभिलेखको अन्तमा आएको देखिन्छ । संक्षिप्त रूपमा भन्ने हो भने देवताहरूका प्रिय, राजा प्रियदर्शी,

देवताहरूका प्रिय प्रियदर्शी, देवताहरूका प्रिय प्रियदर्शी राजा, देवताहरूका प्रिय अशोक राजा, मगधमा बुद्ध, धर्म र संघ प्रति श्रद्धा व्यक्त गर्ने प्रियदर्शी राजा भनी अभिलेखमा विभिन्न तवरले उल्लेख गरिराखेको छ । चतुर्दश अभिलेखको प्रायः अभिलेखमा र प्रायः सम्पूर्ण शिलास्तम्भमा लुम्बिनीस्थित शिलास्तम्भ अभिलेखमा जस्तै शुरुमै देवताहरूका प्रिय प्रियदर्शी राजा उल्लेख भइराखेको छ । अतः लुम्बिनीस्थित शिलास्तम्भाभिलेखको "देवानपियेन पियदसिन लाजिन" को अर्थ देवताहरूका प्रिय प्रियदर्शी मगधका राजा अशोक हुन् भनी बुझ्न सकिन्छ ।

"देवानांप्रिय" शब्द जैन साहित्यको शब्दमा "देवाणुप्पिय" हुन आउँछ । "देवताहरूको प्रिय" अर्थको शब्द मात्र आएको ठाउँमा यसको अभिप्राय कहीँ कहीँ अशोकका पूर्वज राजाहरूको अर्थको रूपमा पनि लिने गरेको देखिन्छ । मुद्राराक्षस नामक पुस्तकमा अशोकका बाज्ये चण्डसिरि (चन्द्रगुप्त) लाई पिअदंसण विरोषण प्रयोग गरिराखेको पाइन्छ । एउटामा यता अशोकका नाती उत्तराधिकारी दशरथलाई नागार्जुन कौडाको तीन गुहाभिलेखमा देवताहरूका प्रिय (दषलथेन देवानंपियेना) उल्लेख गरिराखेको छ । महावंशको शब्दमा लंकाका राजा तिष्यको उपनाम विशेषण पनि "देवानांप्रिय" हो । महावंशमा अशोकलाई "धम्मासोक" पनि भनी राखेको छ । फेरि धम्मासोक (धर्माशोक) र देवानां प्रियतिष्य दुबै एक आपसमा अदिट्ठपुब्बो (पहिले नदेखेका) मित्र थिए । लंकाका प्रियतिष्यले बहुमूल्य रत्नादिको साथै अरिष्ठ, पुरोहित्य अमात्य र गणकलाई राजदूतको रूपमा पठाएको बेला धर्माशोकले पनि पंखा, चण्दन, रातो माटो, शंख, सुनको सरसामान आदि अनेकौं उपहारको साथै एउटा सन्देह पनि पठाएको थियो । उक्त सन्देशमा उल्लेख गरिएको छ –

"मैले बुद्ध, धर्म र संघको शरण ग्रहण गरेको छु, साथै आफू शाक्यपुत्रको शासनमा उपासक भइसकेको छु । हे नरोत्तम, यहाँले

पनि आनन्दपूर्वक श्रद्धा र भक्तिले उत्तम रत्न (बुद्ध, धर्म र संघ) को शरण ग्रहण गर्नुहोस् ।" अशोकले विभिन्न ठाउँमा धर्मदूत मण्डल पठाएको क्रममा महेन्द्र महास्थविरको नेतृत्त्वमा इट्ठीय, उत्तीय, सम्बल र भद्रशाल नामक भिक्षुहरू सहित जम्मां ५ जनाको धर्मदूत मण्डल श्रीलंका पठाएको थियो ।

पाली वाङमय अनुसार अशोकको आफ्नो कामको अतिप्रिय विशेषण नै "धम्म" रहेकोछ । धम्मयात्रा, धम्ममंगल, धम्मविजय, धम्मभेरी आदि कार्यमा आफूलाई व्यस्त राख्नु भएका अफ धम्म महामात्य नियुक्त गर्नुहुने अशोकलाई धम्मासोक (धर्माशोक) रूपमा वाङमयबाट व्याख्या गर्नु अत्यन्त सान्दर्भिक छ । पालिसाहित्यमा यो "धम्मासोक" शब्द दुईहजार वर्षपछिसम्म पनि बौद्ध-जन-जिभ्रोमा स्मरणीय भइरहेको छ । त्यसको प्रमाण तेह्रौं शताब्दीको बुद्धगया अभिलेखको धम्मासोक शब्दलाई लिन सकिन्छ । त्यस्तै आजसम्म भन्ने सुन्ने गर्दै आएको छ ।

"देवानापिय" "पियदसिन" दुबै शब्द अशोकको राजकीय उपाधि विशेषणको रूपमा वर्णन गरिएको छ । यसको समानार्थी अंग्रेजी शब्द His Majesty, His gracious, Majesty the Beloved of the gods भनी गरिएको देखिन्छ । जैनसाहित्यमा "देवाणुप्पिय" र हर्षचरितमा देवानप्रियको अर्थ सम्मानसूचक रूपमा प्रयोग भएको छ भन्ने हार्न र फिशेलको विचारमा यो संस्कृतको "देव अनुप्रिय"बाट बनेको हो । जूनागढस्थित रुद्रदामनको १५० ई. तिरको अभिलेखमा अशोकस्य मौर्यस्य भनि राखेको छ । नेपालको लिच्छविहरू जस्तै मौर्यहरू पनि हिमाली जातिका हुन् । यही देवानांप्रिय प्रशस्तिको परिवर्तित हुँदै कुशाणयुगमा "देवपुत्र" हुन आएको कुरा पनि यहाँनिर स्मरणीय छ ।

अशोकको प्रियदर्शी शब्दको व्याख्या गर्ने क्रममा महाकवि भदन्त अश्वघोषले "बुद्धचरित" मा उल्लेख गरेको छ – "धर्मरत

अशोकले अहंकारी शत्रुहरूलाई शोकाकूल गरे, साथै दु:खीहरूको शोकलाई शान्त पारे । उहाँ फल र फूलले झकमक सजिएको अशोक-वृक्ष जस्तै प्रियदर्शन हुनु हुन्छ ।"

अहिंसा, सत्य, सेवा, प्रेम, सदाचरण र सद्भावनाका ऐतिहासिक अभिलेखमा अतुल्य व्यक्तित्वको देवताहरूका प्रिय प्रियदर्शी राजा अशोकको बारेमा ब्राह्मण वाङमय प्राय: मौन जस्तो हुनु कम आश्चर्यजनक विषय होइन । अशोकको प्रशंसात्मक विवरण ब्राह्मण वाङमयमा कहीं कतै नरहेकै जस्तो छ । त्यसैले आधुनिक इतिहासकारहरूलाई "देवानांप्रिय" को अर्थ मूर्खको रूपमा लिइराखेको कारण धार्मिक विद्वेष देखिन आएको छ । पाणिनिको "अष्टाध्यायी" मा "देवानांप्रिय" शब्द उल्लेख भएको छैन, सर्वप्रथम पतञ्जलिंले आफ्नो महाभाष्यमा "देवानांप्रिय" शब्दको उल्लेख गरेपनि आदर वाचक शब्द भनेता पनि अशोकका समकालीन मानिएका कात्यायनले यसको अभिप्राय निन्दा एवं अपमान वाचक शब्दको रूपमा उल्लेख गरेको छ । त्यस्तै महाभाष्यका टीकाकार विद्वान भनिने कैयटले देवानांप्रिय शब्दसित मूर्ख भाव प्रस्तुत गरे । यस्तै भट्ठोजी दीक्षितले लघुसिद्धान्त कौमुदिमा ब्रह्मज्ञान नभएका पुरुषको अर्थको रूपमा "देवानांप्रिय" लाई मूर्खशब्दको रूपमा लिए । हेमचन्द्रको अभिधान चिन्तामणीमा पनि "देवानांप्रिय" को अर्थ मूर्खको रूपमा लिइराखेको छ । यस प्रकार एकातिर अशोकको गुण स्मरण र कृतज्ञता ज्ञापन ब्राह्मण वाङमयमा नरहेको, अन्यतिर अशोकको प्रसिद्ध राजकीय उपाधि शब्दलाई समेत "देवानांप्रिय इति च मूर्खे" प्रसिद्ध गरिएकोले यो ब्राह्मण वाङमयको बुद्धधर्मप्रति रहेको विद्वेषको उदाहरण मानिन्छ । अशोकले धर्मको नाममा हिंसा बलि, समाज (उत्सव जात्रा) को लागि हिंसा निषेध गरिदिएको कारण प्रतिक्रियात्मक रूपमा यसप्रकार काल्पनिक वर्णित सृजित हुन गएको भए कुनै आश्चर्यको कुरो होइन ।

देवताहरूका प्रिय प्रियदर्शी राजा लुम्बिनीमा आफ्नो अभिषेकको बीस वर्ष पूरा भए पछि यहाँ आउनुभएको थियो । आफू लुम्बिनीमा आएको संस्मृतिको रूपमा नै यो शिलास्तम्भ राखी त्यसमा अभिलेख कुँदाएको थियो । यस्तै सम्पूर्ण स्तम्भ अभिलेखहरूमा जस्तै लुम्बिनीको शिलास्तम्भ अभिलेखको प्रारम्भ गरिराखेको शब्द पनि "देवानपियेन पियदसिनलाजिन" "देवताहरूका प्रिय प्रियदर्शी राजा" भएको छ ।

(लेखकके नेपाल भाषामा लिखित "लुम्बिनीस्थित अशोकस्तम्भ" पुस्तकबाट श्री रत्नसुन्दर शाक्यद्वारा अनुदित)

लुम्बिनीस्थित अशोकको शिलास्तम्भाभिलेखको "वीसतिवसाभिसितेन" : एक अध्ययन

राजा अशोक शिलाभिलेखको पुरातात्त्विक प्रमाण भएको जम्बूद्वीपको पहिलो ऐतिहासिक राजा हुनुहुन्थ्यो । अशोकका पिता बिन्दुसार, बाज्ये चन्द्रगुप्त वा त्यसभन्दा पनि अगाडिका नन्दादि वंशका कुनै राजाको यति स्पष्ट रूपमा अभिलेख प्रामाण्य सचित्र भेटिएको छैन । त्यति मात्र होइन, आफ्नो राज्याभिषेकको वर्षको किटान गरेबाट पछि सम्बत् राख्दै जाने जस्ता कार्य पनि अशोकको अभिलखेबाट भएको देखिन्छ । अशोकका अभिलेखहरूमा सम्पूर्ण अभिषेक वर्षको अंक उल्लेख भएको पाएको छैन तापनि अभिषेकको आठौं वर्षको उल्लेख देखि २७ औं अभिषेक वर्षसम्मको उल्लेख भएबाट अभिलेखमा क्रमशः सम्बत् राख्ने परम्परा ल्याइदिएको देखिन्छ । अशोक आफ्नो अभिषेकको वार्षिक तिथि बन्दीहरूलाई मुक्ति दिएर मनाउन्थ्यो । अशोकले २५ बार बन्दीमुक्त गरेको थियो । अशोकको यस्ता अभिषेक वर्ष उल्लेखित स्तम्भहरूका उदाहरण यस प्रकारका छन् –

अभिषेक वर्ष	अभिलेख प्राप्त स्थान	अभिलेख
१. अठवषाभिषित	कालसि (देहरादून, उ.प्र.)	तेरौं अभिलेख
२. दसवर्साभिसितो दशवषविसितो	गिरनार (जूनागढ, काठियावाद) शाहबाजगढ	आठौं अभिलेख आठौं अभिलेख

अभिषेक वर्ष	अभिलेख प्राप्त स्थान	अभिलेख
३. द्वादसवासाभिसितेन दुवदशवषाभिसितेन दुवाउसवशाभिसितेन	गिरनार मानसेरा कालसि	चतुर्थ अभिलेख चतुर्थ अभिलेख चतुर्थ अभिलेख
४. त्रैदसवसाभिसितेन त्रेदशवषभिसितेन तेदसवसाभिसितेन	गिरनार मानसेरा (हाजरा, पाकिस्तान) कालसि	पञ्चम अभिलेख पञ्चम अभिलेख पञ्चम अभिलेख
५. चोदसवसा (भिसि) तेन	निग्लिहवा (कपिलवस्तु, नेपाल)	शिलास्तम्भ
६. एकुनवीसतिवसा– भिसितेन	वराबर (विहार राज्य, भारत)	तृतीय गुहा अभिलेख
७. सड्वीसतिवस अभिसितेन सड्वीसति वसाभिसितेन	दिल्ली (टोपरा अम्वालाबाट ल्याएको) लौडिया अरहराज मकिया लौडियानन्दनगढ	चतुर्थ स्तम्भलेख र पञ्चम स्तम्भलेख
८. सतविसति- वसाभिसितेन	दिल्ली (टोपरा अम्वालावाट ल्याएको)	सप्तम स्तम्भलेख

उपर्युक्त क्रममा उल्लेखित अठ, दस, द्वादश, तेदस (त्रैदस), चोदस, सकुनवीसति, सड्वीसति, सतविसति शब्दबाट नै आठ, दश, बाह्र, तेह्र, चौध, एक्काइस, छबीस र सत्ताइस वर्ष भनी गन्न सकिन्छ । 'वस' वा 'वसा' को अर्थ 'वर्ष' हुन्छ । अभिसित भनेको अभिषिक्त हो । संक्षेपमा कुनै विधिपूर्वक राजा भएको समारोह, उत्सव वा यात्रालाई 'अभिषेक' भनिन्छ ।

यसप्रकार अशोकको अभिषिक्त वर्षको बीसौं वर्षपछिलाई "बीसतिवसाभिसितेन" भनी उल्लेख गरिएको हो । निग्लिहवास्थित

अभिलेखमा जुन आजकाल खण्डित अवस्थामा छ तेश्रो पंक्तिमा "..... साभिसितेनच" लाई पनि पूरक रूपमा "वीसतिव" लिँदा "वीसतिवसाभिसितेन" दुई ठाउँमा निग्लिहवा र लुम्बिनी अभिलेखमा उल्लेख भएको देखिन्छ । स्पष्ट अखण्डित रूपमा रहेको भए सिर्फ लुम्बिनीमा मात्र यस वीसतिवस मिति (राज्याभिषेक वर्ष) उल्लेख भएको छ ।

लुम्बिनीस्थित "वीसतिवसाभिसितेन" (राज्य) अभिषेकबाट बीसौं वर्ष भने उल्लेख १२ वर्ष अगाडिदेखि सिलसिलावर रूपले अभिषेक वर्षसित मेल हुँदै आएको छ । अशोकको "अठवषाभिसित" अभिषेकको आठौं वर्ष निकै महत्त्वपूर्ण वर्ष थियो । यसै वर्षमा देवताहरूका प्रिय प्रियदर्शी राजाले कलिंग विजय गरेको थियो । त्यस युद्धमा एक लाख (शतसहस्त्र) भन्दा भढी मानिसहरूको ज्यान गएको थियो । डेढ लाख (दिपडिमित्ते पानषतषहशे) मानिसहरू अपहरण (अपुवढे) भए । त्यस कलिङ्ग युद्धबाट निकै ठूलो धर्मोपाय, धर्मकामना, धर्मानुशिष्टि (धम्मवाये, धम्मकामता, धम्मानुषाचि) भएको थियो । कलिंग विजयबाट देवताहरूका प्रियलाई ठूलो पश्चाताप भएको थियो । कारण अविजितहरू प्रति विजित हुन मानिसहरूको हत्या र अपहरण हुन गयो । सबभन्दा बढि विभिन्न धर्मानुयायी, माता-पिता, गुरु, ब्राह्मण (वाभन), परिचित, सहयोगी, दास र सेवकहरू राम्रो व्यवहार गर्ने मानिसहरूको मृत्यु हुनाले (अशोकलाई) दुःख भयो । मृतकहरूको मित्र, परिचित, सहयोगी, नाता कुटुम्बहरूलाई आ-आफ्नो स्नेहको कारण वियोगको ठूलो पीडा भयो । कति मरे, कति बन्दी भए, यसको एकांश हजारौंमा एकको मृत्य हुनु र अपहरण हुनु पनि देवताहरूका प्रियलाई दुःखको कारण भयो । देवताहरूका प्रियलाई (अब) धर्मविजय नै सही व्रिजय महशूस भयो त्यसैले धर्म लिपि कुदिँदै गए । किनभने आफ्नो सन्तान (पुत्र) र परसन्तान (नाती) हरूले शान्ति र लघुदण्डता (शरीरलाई कष्ट दिने) तिर मन नलगाओस्, यसैलाई विजय (धर्मविंजय) सम्झनु पर्छ भन्ने अशोकको

आशय छ । धर्मविजय नै सबैको निमित इहलोक, परलोक र उद्यमको आनन्द (मय) विजय हुन् ।

लुम्बिनीस्थित "वीसतिवसाभिसितेन" जस्तो 'अभिषेक' उल्लेख ७ वर्षपछिसम्म भइ रह्यो । अशोकको "सतविसतिवसाभिसितेन" "अभिषेकको २७ औं वर्ष" रहेको अभिलेख अति नै महत्त्ववपूर्ण छ । बाटोको दुबैतिर वृक्ष रोप्नु, आधा-आधा योजनको फरक गरी इनार निर्माण गर्नु र सबभन्दा वढी धर्माचरणको अनुशरणबाट मानव जातिको कल्याण हुनु यहाँ उल्लेख गरिएको छ । यस किसिमको इहलौकिक र पारलौकिक कल्याणकार्य पुत्र र नातिहरूले चन्द्र र सूर्यको आयु रहेसम्म गरिराखोस् भन्ने अभिप्राय उल्लेखित धर्मलिपि (धर्म अभिलेखमा) पनि रहेको अभिलेखबाट पत्ता लागेको छ ।

यस प्रकार आठौं अभिषेक वर्ष उल्लेखित अशोकको विभिन्न अभिलेख पछि एक प्रकारको अभिलेख अंक (क्रम) आइरहेको साँच्चै नै विचारणीय विषय हो । तर दुई चार अभिलेखहरूमा अभिषेक वर्षको उल्लेख अक्षरेपि रूपमा भाषाबाट गर्नु सत्ता अंक बोधक अक्षर पनि आएका छन् । जीवनको अन्तिम समयमा शायद अशोकलाई "अभिषेक वर्ष" स्मरण गर्ने शैलीको सम्बत् पनि मन परेन होला । बुद्धको महापरिनिर्वाण वर्षलाई स्मरण दिलाउने सम्बत्लाई अशोकले लिन लागेको अनुमान हुन्छ । महावंश र दीपवंश अनुसार बुद्धको महापरिनिर्वाण भएको २१८ वर्षपछि अशोक राजसिंहासनमा विराजमान भएको थियो । राजसिंहासनमा बसेको ४ वर्षपछिमात्र अशोकको अभिषेक भएको थियो । यसप्रकार राज्याभिषेकको ३३ वर्षपछि अर्थात् बुद्धको महापरिनिर्वाण भएको २५५ (२१८+४+३३) वर्ष पूरा हुन आएको देखिन्छ ।

अशोकको अभिलेखका व्युथेन, बुथेन, विबुथेन २५६ को बारेमा यहाँ केही विचार गरौं । अशोकका अभिलेखहरू मध्ये सिर्फ

आठ ठाउँको अभिलेखमा एक प्रकारको अंक (क्रम) र यो शब्द उल्लेखित भएको छ । अभिषेक वर्ष किटान गर्ने अशोकले यसप्रकारको अभिलेखमा अभिषेक वर्ष उल्लेख गर्न छोडी २५६ बोधक अंक प्रस्तुत गरे साथै यसको अगाडि ब्युथेन, बुथेन वा विबुथेन शब्द प्रयोग गरे । आर्यावतको इतिहासमा अभिलेखमा अंकको क्रम देखा परेको यो पहिलो अवसर हो । २५६ (=२०० +५०+६) अंकको निमित्त अलग अलग अक्षर आइरहेको यसको उदाहरण हो । पछि गएर १ देखि ९ सम्म, त्यस्तै १०, २०, ३० आदिलाई १००, २०० आदिलाई, १०००, २००० आदि भन्न पनि अलग अलग अक्षर प्रयोग गरिन लाग्यो ।

ब्युथेना (रूपनाथ लघुशिलालेख) शब्द पनि अशोकको अभिलेखमा स्थानीय रूपान्तर स्वरूप अनेक अक्षरले परिवर्तन गरे जस्तै परिवर्तन गरिराखेको वा फरक भएको पाइन्छ । "ब्युठेना" शब्द "ब्युथेन" (ब्रह्मगिरि र एरगुडी अ. बुथेन (जतिंगर अ.), विवुथेन (सहसराम र गुजरा अ.) मा आइरहेको छ । तैपनि यस शब्द मध्ये "ब्यूथेना" लाई प्रमुखता दिई यसको संस्कृत स्वरूप शब्द "ब्युथेन" गरी "विनासात" "विवासात" तवरले अशोकको प्रवासकालको अर्थ पनि लिएको छ । बूलर र फ्लीटको विचारमा गइसकेको वा भइसकेको अर्थमा बुद्धलाई स्मरण गरी यो अंक बुद्ध महापरिनिर्वाण सम्वत् मानेका हुन् । यसको अर्को अर्थ सहसराम अभिलेखमा "विवुथेन दुवे सपना लालिसता विवुथ" शब्दको आधारमा त्यस्तै महावस्तुको "रात्रिविवासातो" शब्दको आधारमा अशोकको प्रवास दिन २५६ मानिन्छ । केही मध्यस्थवादी विद्वानहरूको विचारमा यसको अर्थ अशोकबाट (विशेष रूपले बुद्धधर्मको पालन गरेको वा भिक्षु भएको) २५६ औं दिन भएदेखि बुद्धको महापरिनिर्वाण २५६ औं वर्ष पनि भएको देखिन्छ ।

दिव्यावदानको वर्णन अनुसार अशोकको धर्मयात्रा बुद्धको जीवन चरित्रको घटनाक्रम अनुसार भएको थियो । बुद्धको अध्युषित

स्थानमा जाने र पछिका जनताहरूलाई अनुग्रह (अनुकरण) को निम्ति चिन्ह राख्ने इच्छा अशोकले स्थविर उपगुप्तलाई जानकारी दिनुभएको बेला स्थविर उपगुप्तले राम्रै चेतना राख्नु भयो भनी साधुवाद दिएको थियो । अनि धर्मयात्राको क्रममा अशोक सबभन्दा पहिले लुम्बिनी आउनुभएको थियो । यहाँ आइ उपगुप्तले आफ्नो बायाँ हात फैलाएर यस स्थानमा भगवान बुद्धको जन्म भएको थियो भनी देखाउनु भयो । अशोकले यहाँ एक लाख स्वर्णमुद्रा (वितरण) गर्नु भयो । चैत्य (स्तूप) पनि स्थापना गर्नुभयो । यहाँबाट कपिलवस्तु भइ सिद्धार्थले काषायवस्त्र ग्रहणगरी प्रव्रजित भएको, बिम्बिसारले आधा राज्य लिन निमन्त्रण गरेको, आलारकालाम उद्दकरामपुत्रसँग भेंट भएको, दुष्कर तपस्या गर्नु भएको, सम्यकबोधि प्राप्त भएको ठाउँको यात्रा गर्नु भएको थियो । तर आठौं अभिलेखमा उल्लेखित "देवानंपियो पियदसि राजा दसवसाभिसितो संतो अयाय संबोधि" को अर्थ धर्मयात्राको मार्ग प्रशस्ति गरेको 'देवताहरूका प्रिय प्रियदर्शी राजा अभिषेकको १० वर्षपछि सम्बोधि स्थान जानुभएको" रूपमा पनि उल्लेख गरिएकोछ । संबोधि जानुभएको भन्नुको अर्थ "धर्मको अनुशरण गरेको" साथै संम्वोधि स्थान (बुद्धगया) जानुभएको दुबै हुन सकिन्छ । तसर्थ एक दृष्टिबाट हेर्ने हो भने लुम्बिनीमा आउनुभन्दा १० वर्ष अगाडि अशोक सम्बोधि स्थान जानुभएको देखिन आउँछ । यो वर्णन दिव्यावदानको सर्वप्रथम लुम्बिनी यात्रा भएको र प्रथम चैत्य लुम्बिनीमा बनाइएको भावसित भने पूरा पूरा फरक भएको देखिन्छ ।

अशोकको लुम्बिनी यात्रा ईसवीपूर्व २४६, २४८, २४९ वा २५० भएको रूपमा विद्वानहरूले उल्लेख गरेका छन् । बुद्धको महापरिनिर्वाण कति ईसवीपूर्वमा भएको हो भने बारेमा विचार विभिन्नता रहेकोले लुम्बिनीयात्राको समय निर्धारणमा पनि प्राचीन गणना परम्परा र ऐतिहासिक आधुनिक गणनाबाट मत विभिन्नता हुनु स्वाभाविकै छ । तर ईसवीपूर्व २४८ देखि ईसवीपूर्व २५०

सम्मको बारेमा निर्णय गर्न सूर्यग्रहणको आधारमा पनि विचार गरिएको छ । अशोकको २०, २७ र ३७ औं राज्य वर्षमा गरी तीन पटक सूर्यग्रहण भएको विवरण फाजि सिदरस्की (Fazy Siderxky) ले दिनु भएको छ । त्यस अनुसार ४ मई २४९ ई.पू., १५ जून २४२ ई.पू. र १९ नबम्बर २३२ ई.पू. सूर्यग्रहणको लागेको देखिन्छ । यता दिव्यावदानमा अशोकको ८४००० चैत्य स्थापना गर्ने इच्छा पूर्ण गर्ने क्रममा यश स्थविरले आफ्नो हटकेलाबाट सूर्यलाई छोपेको कथा छ । कारण निर्धारित दिनमा नै स्तूप निर्माण गर्ने कार्य पूर्ण होस् भने विचारले यश स्थविरले यसरी सूर्यलाई छोपेको थियो । यसैलाई इगरमण्ट (Eggermont) ले सूर्यग्रहणको अर्थ लिनु भएको हो । यसप्रकार दिव्यावदानको कथा वृत्तान्त, ज्योतिष गणना, प्राचीन कथाको नयाँ आयामिक व्याख्याबाट "वीसतिवसाभिसितेन" प्रसंगमा विचार गर्दा अशोकको लुम्बिनी आगमन ई.पू. २५० तिर भएको देखिन्छ ।

(आनन्दभूमि १७/३)

नेपाल भाषा प्रकाशित रचनाको अनुवादक : रत्नसुन्दर शाक्य

लुम्बिनीस्थित अशोकको शिलास्तम्भाभिलेखको "अतनआगाच महीयिते" : एक अध्ययन

लुम्बिनीस्थित अशोकको शिलास्तम्भ अभिलेखमा पाँच हरफ अभिलेखहरू छन् । "अतनआगाच महीयिते" भन्ने उल्लेखबाट दोस्रो हरफ अगाडी बढेको छ । यसको अर्थ सम्वन्ध शाक्यमुनि बुद्धले महापरिनिर्वाण हुनु अगाडी आज्ञा हुनु भएको कुरासँग जोडिएको छ । महापरिनिर्वाण अगाडी बुद्धले आयुष्मान आनन्दलाई आज्ञा गर्नु भएको थियो, "आगमिस्सन्ति खो आनन्द सद्धा भिक्खू भिक्खुनियो उपासका उपासिकायो इध तथागतो जातो'ति ।" अर्थात् "आनन्द, श्रद्धालु भिक्षु, भिक्षुणी, उपासक, उपासिकाहरू यहाँ तथागत जन्मनु भएको भनी आउँनेछन् ।"

बुद्धले जसरी आज्ञा हुनु भयो त्यसरी नै बुद्धको महापरिनिर्वाण पछि श्रद्धालु भिक्षु, भिक्षुणी, उपासक, उपासिकाहरू तथागतको जन्म भएको ठाउँ लुम्बिनीमा आउने गरे । "आगमिस्सन्ति" आउनेछन् भन्ने बुद्ध वचन यस अभिलेखको भाषामा "आगाच" आउनुभयो भए । "अतन" आफै, अर्थात कसैको कर र बलले नभइ, आफ्नै श्रद्धा स्वेच्छाले "आगाच" आएर संवेजन लिए । पूजा गरे । नमस्कार गरे । गौरव राखे । गौरवान्वित भए । लुम्बिनीको अभिलेख फेरि भेटेदेखि यसको व्याख्यामा विद्वानहरूको ध्यान आकर्षित भयो र आजसम्म आ-आफ्नो दृष्टिकोणबाट व्याख्या हुँदै आएको छ ।

ए. फुहररले १०० बर्ष अगाडी नै (१९९६ ईसवी) "अतनआगाच महीयिते" अर्थमा उल्लेख गर्नु भएको छ, अशोक "आफै नै आए, अनि पूजा गरे" (Worshiped) । साथै "आगाच" को समानार्थी पालि शब्द "आगच्छ" संस्कृत शब्द "आगत्य" भएको कुरा प्राकृत भाषाको स्वरूपसँग व्याख्यान टिप्पणी लेख्नु भएको छ । साथै "महीयिते" को समानार्थी संस्कृत शब्द "महीयिताय्" उल्लेख गरेर वन्दना गरे भन्ने अर्थ लगाएको छ ।

लुम्बिनी र कपिलवस्तुमा फुहरर पछि पुरातात्त्विक कार्य गर्ने १८९९ ईसवीमा आफ्नो कार्यको रिपोर्ट लेख्नु हुने बाबू पूर्णचन्द्र मुखर्जीले यस अभिलेखको भाषालाई पुरानो पालि भाषा भनी अतनआगाच महीयितेको अर्थ फुहररले जस्तै अर्थ लगाउनु भएको छ ।

लुम्बिनीमा अभिलेख भेटेदेखि यसको चर्चा परिचर्चामा संलग्न हुनु भएका जर्ज बूलरले भन्नु भएको छ, "अतनआगाच महीयिते" "आफै नै आएर पूजा गरे" । साथै टिप्पणीमा ए. फुहरर भन्दा अगाडी बढ्नु भइ "महीयिते" बारे उल्लेख गर्नु भएको छ । साथै संस्कृत भाषामा पनि यसको अर्थ "पूजा" नै हुने कुरा उल्लेख गर्दै शब्दकोषको आधारमा पुष्टि गर्नु भएको छ ।

लुम्बिनीमा रहेको अभिलेखलाई पडरिया अभिलेख भन्नु भन्दा रुम्मिनदेइ अभिलेख भन्नु पर्छ भनी पहिलो पटक भन्नु हुने, अभिलेखको व्याख्या र उत्खनन् क्रममा दुई पटक लुम्बिनी आफै आउनु हुने भी.ए. स्मीथले पनि "अतनआगाच महीयिते" को सामान्य अर्थ यस्तै स्वीकार गर्नु भएको छ । साथै उहाँले पूजाको ठाउँमा आदर गौरव राखेको कुरा उल्लेख गर्नु भयो । फेरी वहाँले नै "सिलाविगडभीचा" अर्थमा प्रो. फिसल (Prof. Phisehel) को तर्कमा पहिलेका विद्वतवर्गको ध्यान आकर्षित गर्नु भयो ।

लुम्बिनीस्थित अशोकस्तम्भ अभिलेखको अध्ययन क्रममा जे. एफ. फ्लीटले "अतनआगाच महीयिते" लाई खास रूपमा खटोल्नु भएको छ । "महीयिते" (सं. महीयितम् "महीय" शब्दको अर्को रूप हो । यसको अर्थ प्रसन्न, समृद्धि, ठूलो गौरव आदि हुन् । To be joyous or happy, to proper, thrive, to be held in high honour)। व्याकरण र व्याख्यामा यसको अर्थ "पूजाय" पनि हुन्छ । "महीय" "महत्" (ठूलो, विशाल, व्यापक) धातुबाट आएको शब्द हो । ठूलो आदी गौरव अर्थमा पनि यसको अर्थ आउँछ । उहाँले मानवधर्मशास्त्रको "व्यपेत कल्मषो नित्यं ब्रह्मलोके महीयते" "पतिं शुशूषतैयेन तेन स्वर्गे महीयते", महाभारतको "सर्व-व्याधि-विनिर्मुक्तो ब्रह्मलोके महीयते", जस्ता प्रमाण दिएर यसको अर्थ "पूजा गरे" भन्दा "गौरवान्वित" भए भन्ने पक्षमा जोड दिनु भएको छ । तर उहाँको अशोक लुम्बिनी आएको बेलासम्म उनी बौद्ध नभएको र त्यसैले पूजा नगरेको भन्ने तर्क चाहिं मलाई ठीक लागेन । कारण अशोक आफ्नो राज्यभिषेकको १० वर्षपछि नै पूर्ण बौद्ध भइ सकेको थियो । पूर्ण बौद्ध नभइकन वनयात्रा वा शिकार स्वभाव छोडेर धर्मयात्रा गर्नु सम्भव पनि त छैन ?

लुम्बिनी अभिलेखको दोस्रो हरफको शुरुका दुई शब्द समूहहरू हुन्, "अतनआगाच महीयिते" । पहिलो शब्द समूहको पहिलो शब्द "अतन" को अर्थ आफै रूपमा लिनुपर्दछ । कलिंगको धौलि र जौगडको अभिलेखमा पनि यो शब्द आएको छ । त्यहाँ "अतने कमं एतं पि जानिसंति तं पि तथा कलंति अ(थ) लाजिने अनुसथीति" (धौति) आफ्नो काम यो (भनेर) पनि जान्नुछ, त्यो त्यसै गर्नु पनि छ (किनभने) यो राजाको अनुसंथी (अनुशिष्ठि) हो । त्यस्तै नै चौथो शिलास्तम्भ अभिलेख समूहमा "अभिहाले वा दंडे वा अतपतिये मे कटे" मा "अतपतिये" आआफुलाई (स्वतन्त्रता भनेको) भन्ने अर्थमा आएको छ । तसर्थ लुम्बिनीको अभिलेखको "अतन" को अर्थ "आफै" हुन आउँछ ।

"आगाच" र "महीयिते" शब्द लुम्बिनी र निग्लिहवाको अशोकको शिलास्तम्भ अभिलेखमा छोडेर अशोकका गुहाभिलेख, स्तम्भाभिलेख, लघुस्तम्भाभिलेखमा कतै आएको छैन् । डा. राजबलि पाण्डेको "महीयिते"- को अर्थ हो, राजा स्वयं आफै आएर यस ठाउँलाई गौरवान्वित गरे । गोयलको विचारमा पनि स्वयं आएर गौरवान्वित गरेको हो । तर यसको अर्थ आफु गौरवान्वित भएको पनि हुन्छ । साथै "मही" को अर्थ पृथ्वी पनि हो । त्यसैले कहीं अशोकले यहाँ आएर श्रद्धा विभोर भएर षाष्टांग दण्डवत् गरे भन्ने अर्थ त आउँदैन ? दिव्यावदानंमा बयान गरेको छ, "अथ राजा सर्वशरीरेण तत्र पादयोर्निपत्थ उत्थाय कृताञ्जलिः प्ररुद्रन्नुवाच" अनि राजाले पाउँ (चरण चिन्ह)मा दण्डवत गरेर (ढोगेर फेरि उठेर) हात जोडेर आँखाभरि आँसु राखेर भने । त्यसैबेला रूखमा रहेको देवताले भन्यो, "पादानि सप्त क्रममाण एव श्रुता च वाचेपि तस्य शास्तुः !" अर्थात् मैले सात पाइला हिड्नु भएको देखें । फेरी शास्ताको वचन पनि सुनें ।

अशोकपछि लुम्बिनीको यात्रा गर्ने यात्रुहरूको अभिलेखहरूको प्रमाण क्रम खोज्नु बाँकी नै छ । तर पनि लुम्बिनीको उत्खननमा भेटिएको मुद्रा, मूर्ति, विशेषतः ईटाबाट मौर्य, शुंग, कुषान र गुप्त कालमा पनि यहाँ श्रद्धापूर्वक पूजा गर्न आउनेहरूको क्रम श्रृंखला स्पष्ट देखा पर्दछ । यात्रा विवरण अनुसार भने फाहियान भन्दा २०० वर्ष जति अगाडी आउने लि-ताओ-युंग (Li-Tao-Yoan) लाई उल्लेख गर्नु आवश्यक छ । चौठौं ईसवी शताब्दीको "शुइ-चिंग-चु" (Shui-Ching-Chu) श्रोतको उल्लेख अनुसार यसबेलासम्म सिद्धार्थको चरण चिन्हको रेखाचित्र यहाँ देखिन्थ्यो । सिद्धार्थले टेकेको भूमिमा सात पाइलाको चरण चिन्ह दाँयाबाँया ढुँगाहरू राखेर फेरि घोप्टे ढुँगा राखेर रक्षा गरिराखेको थियो । मानिसहरू यस चरण चिन्हमा सुगन्धित फूल चढाएर पूजा गरिरहन्छन् । त्यसबेलासम्म मायादेवीले समाएको रुख र त्यसै रुखमुनि सिद्धार्थ जन्मेको दृश्य भएको मायादेवीको मूर्ति पनि

रुखमुनि सिद्धार्थ जन्मेको दृश्य भएको मायादेवीको मूर्ति पनि राखिएको थियो । त्यस पछि चिन् वंशकालमा वाइ यु-चिन (WAI YUCH-CHIN) लुम्बिनी दर्शन गर्न आए । वहाँ पनि फाहियानको यात्रा कालभन्दा २५-३० वर्ष अगाडी आउनु भएको थियो । त्यस पछि फाहियान लुम्बिनी पुगे । फाहियानले पोखरी र त्यस रुखको वर्णन गरेको छ भने अशोक स्तम्भ बारे भने केही पनि उल्लेख गरेको छैन । यसपछि भिक्षु नरेन्द्रयश स्वात (वर्तमान पाकिस्तान) बाट लुम्बिनी आएर रातभरि त्यहाँ बसेर गएको थियो । त्यसरी हेर्दा लुम्बिनी आदि बौद्ध संवेजनीय स्थानहरुको दर्शन गरेर भिक्षु नरेन्द्रयश साइबेरिया रुस भएर चीन पुग्नु भयो । त्यसपछिको ह्वेनसांगको यात्रा विवरण जगल प्रसिद्धै छ । ह्वेनसाँगले पनि पोखरी, जन्मस्थल र यी दुईवटाको बीचको दूरी आदिको बर्णन गर्दै अशोक स्तम्भको वर्णन पनि गर्नु भएको छ । ह्वेनसाँगले, अशोकस्तम्भको टुप्पामा घोडाको मूर्ति भएको फेरी नागराजा रिसाएर (चट्यांग लागेर) अशोकस्तम्भ टुक्रा भएको वर्णन समेत गरेको छ । अशोकस्तम्भको टुप्पाको केही भाग टुक्राटाक्री र घोडाको शीर्षभागका स-साना टुक्रा जस्तो भेटिएको कुरा उत्खननको वर्णन क्रममा प्रकाशित भएको पनि छ । साथै अशोकस्तम्भ माथिदेखि चर्किरहेको चिन्ह आज पनि विद्यमान छ । ह्वेनसांगले बरू अशोकस्तम्भको अभिलेखको बारेमा केही पनि उल्लेख गरेको छैन । त्यसैले ह्वेनसाँगले होश नभएर अशोकस्तम्भको अभिलेख देखिएन भन्नु भन्दा बरू त्यसबेला अभिलेख छोपिएको हुन सक्छ भन्नु युक्तियुक्त हुन्छ । त्यसोपनि नभए बढी भन्दा बढी यति मात्र भन्न सकिन्छ, ह्वेनसाँगको विवरण हस्तान्तरण वा लेख्ने क्रममा यो कुरा छुट्न गएको हुनु पर्छ । ह्वेनसाँग पछाडिको चिनिया यात्री फांग चिन (Fang-Chin) ले अशोक स्तम्भ उल्लेख गरेर यसको विषय बुद्ध जन्मसँग सम्बन्धित छ भन्ने कुरा यस प्रसँगमा संम्झन योग्य छ ।

स्वयं आफै नै लुम्बिनी आएर पूजा गर्न आउंनेहरू वा स्वयं आफै गौरवान्वित भएकाहरू अर्थात् "अतनआगाच महीयिते" को अनुशरण गर्ने श्रद्धालुहरू अनगिन्ति छन् । यात्रा विवरण नलेखिएको वा भएको विवरण पनि हामीले खोज्न नसकेको र पढ्न नसकेको विवरणका प्रसिद्ध यात्रीहरु पनि थुप्रै छन् होला । श्रीलंका, बर्मा, थाइलैण्ड, जापान, मंगोलिया, र कोरिया आदि देशका श्रद्धालुहरू कहिलेदेखि कति "अतनआगाच महीयिते" का अंशियारी भए यसबारेमा हामीले आजसम्म केही पनि खोज गर्न सकेका छैनौं । गण्डकी प्रदेशका राजा रिपुमल्ल सं. १२३४ (ईसवी १३१२) तिर लुम्बिनी आएको अशोकको शिलास्तम्भमा कुंदिएको छ । अशोकको यस शिलास्तम्भमा नै अरु अरूपनि धेरै लेखिएका वा कुंदिएका लेखौटहरू छन्, यसको अध्ययन हामीबाट हुनु बाकी नै छ ।

बुद्धले संवेजनको निम्ति श्रद्धालु भिक्षु, भिक्षुणी, उपासक, उपासिकाहरू बुद्धको जन्म स्थलमा आउँनेछ भनी आज्ञा हुनु भयो । आफ्नै श्रद्धा र स्वेच्छाले यहाँ संवेजन लिन आउने पूजा गर्न आउने गौरवान्वित हुनेहरू अथवा लुम्बिनीको स्मारक चैत्य परिक्रमा गरेको प्रभावबाट सुगति प्राप्त गर्नेहरूको पुण्य कथा धेरै लामो छ । (ये हि केचि आनन्द चेतिय चारिकं अहिण्डन्ता कालं करिस्सन्ति । सब्बे ते कायस्स भेदापरं मरणा सुगतिं सग्गलोकं उपपज्जिस्सन्तीति – महापरिनिब्बाण सुत्त ।)

बुद्धशासनको अर्थात् २५४२ बर्ष अगाडी देखिको कथाको कुरा आजको २५४२ महापरिनिर्वाण संवत् बुद्ध-जयन्तीको सन्दर्भमा हामी सम्झन सक्छौं । जबसम्म बुद्ध, बुद्धधर्म, बौद्धसंस्कृति र बौद्धजन रहन्छ, त्यसबेलासम्म यो "अतनआगाच महीयिते"को कथा पनि लामो हुँदै जानेछ । त्यस पुण्यकथाको संस्मरणबाट हाम्रो संस्कार पनि पवित्र हुँदै जानेछ । अस्तु ।

(बुद्ध जयन्ती स्मारिका : २५४२)

सन्दर्भ

1) A. Fuhrer, Ph.D., Antiquities of The Buddha's birth place in the Nepalese Tarai, Indological Book House, Varahasi, 1972

2) Mukherji, Babu Purna Chadra, A report on a tour of exploration of Antiquities of Kapilvastu Tarai of Nepal, during February and March 1899, Varanasi, 1969.

3) G. Buhler, Ph.D., LL.D., C.I.E., The Asok Edicts of Paderia and Nigliva, Epigraphia India, Vol V – 1898-99.

4) Vincent A. Smith, M.A., I.C.S, The Runmindei Inscription, Hitherto know as the Padaria Inscription of Asoka, The Indian Antiquary, Vol. XXXIV, 1905.

5) Fleet, J.F., I.C.S., Ph.D., C.I.E., The Lumbini inscription and the conversion of Asoka to Buddhism.

6) Beal, Samuel Si-Yu-Ki's, Buddhist Records of the Western World, Delhi, 1981

7) L. Petech, Northern India according to the Shui-ehing-chu, Roma, 1950.

8) पाण्डेय, डा. राजबलि, एम.ए., डी. लिट्, अशोकके अभिलेख, वाराणसी, सं. २०२२

9) दिव्यावदान ।

लुम्बिनीस्थित अशोकको शिलास्तम्भाभिलेखको "हिदबुधेजाते सक्यमुनीति" : एक अध्ययन

लुम्बिनीस्थित अशोकको शिलास्तम्भ अभिलेखमा लुम्बिनीमा बुद्धको जन्म बारे दुई बार उल्लेख गरेको कुरा आज भन्दा शयबर्ष अगाडी नै प्रकाशनमा आइसकेको छ । अभिलेखको दोस्रो हरफको अन्तमा "हिदबुधेजाते सक्यमुनीति" र चौथो हरफको शुरुमा "हिदभगवंजातेति लुंमिनिगामे" भनी कुँदिराखेको छ । यहाँ यस लेखमा पहिलो प्रस्तुति "हिदबुधेजाते सक्यमुनीति" बारेमा केही अध्ययन गर्छौं ।

"हिदबुधेजाते सक्यमुनीति" को अर्थ "यहाँ शाक्यमुनि बुद्ध जन्म भएकोले" हो । डा. ए. फुहररले "हिद-बुधे-जाते-सक्यमुनी-ति" भनी शब्द छुट्याएर उल्लेख गर्नु भएको छ र "यहाँ शाक्यमुनि बुद्ध जन्म भएकोले" देवताहरूलाई मनपर्ने राजा प्रियदर्शी आफ्नो राज्याभिषेकको २० सौं वर्षपछि आफै आएर वन्दना गरे भन्ने अर्थ गाँस्नु भएको छ (१८९७ ईसवी) । यस भन्दा अगाडी फुहररले २ मार्च १८९५ ईसवीमा निग्लिहवाको शिलास्तम्भ देखिसकेको थियो । अनि १ दिसेम्बर १८९६ ईसवीमा लुम्बिनीको शिलास्तम्भ अभिलेख देखेपछि मसिको प्रतिलिपि लिएर प्रकाशमा ल्याउनु भएको थियो । उहाँले लुम्बिनीको यस अभिलेखको ऐतिहासिक र बौद्ध पवित्र स्थलको रूपमा के कस्तो महत्व छ भन्ने कुरा पनि दिसम्बर १८९६ मा इलाहावादबाट निस्कने PIONEER दैनिक पत्रिकामा प्रकाशित गर्नु भएको थियो ।

लुम्बिनीको शिलास्तम्भ अभिलेखको विश्लेषणात्मक अध्ययनमा जर्ज बूलरले 'हिद' शब्द 'इध' को ठाउँमा आएको कुरा उल्लेख गर्नु भई "यहाँ बुद्ध शाक्यमुनि जन्म भएको हो" भनी अर्थ लगाउनु भएको छ (Epigraphia India, Vol V - 1898-99)। साथै "सक्यमुनी" शब्दसँग जोडिएको "ति" को अर्थ "भनी" 'निम्ति' वा 'किनभने' हुन सक्ने टिप्पणी पनि गर्नु भएको छ। यसको अर्थ भयो यहाँ बुद्ध शाक्यमुनि जन्मनु भएकोले देवताहरूलाई मनपर्ने राजा प्रियदर्शी आफ्नो राज्याभिषेकको २० वर्षपछि आफै आएर पूजा गरे।

अशोककालीन ब्राह्मी अक्षरको राम्रो स्वरूपको नमूना नै लुम्बिनीमा रहेको अशोकको शिलास्तम्भ अभिलेखको अक्षर हो भन्ने स्वीकार गर्नु हुने भी.ए.स्मीथले पनि बुद्ध जन्म भएको ठाउँ भएर यहाँ अशोक आदर गौरवार्थ आउनु भएको कुरा उल्लेख गर्नु भएको छ। (Emperor Asoka, Buddhist Publication, India, 1981 P.212) तर कसै कसैको अर्थमा शाक्यमुनि बुद्ध जन्म भएकोले अशोक आएर पूजा गरेको र शिलास्तम्भ पनि स्थापना गरेको कुरा लेखेको छ (Asoka's Edicts, Amulyachandra Sen, Calcutta - 4, 1956, p. 122)।

अझ यसको अर्थमा यहाँ शाक्यमुनि बुद्ध जन्महुनु भएकोले सिलाविगभीचा कालापित (एउटा सामान्य ढुँगा बुद्ध जन्म भएको ठाउँमा राखे) र ढुँगाको स्तम्भ ठड्याए रूपमा समेत व्यापकता आयो (अशोकके धर्मलेख, जनार्दन भट्ट, एम.ए., ज्ञानमण्डल कार्यालय काशी, सम्बत १९८० पृ. ३८३)। श्री ५ को सरकारको प्रकाशनहरूमा भने बुद्ध जन्मनु भएकोले नै ढुँगाको पर्खाल राखेको कुरा स्वीकार गरी राखेको देखिन्छ। अशोकको शिलास्तम्भ अभिलेख भएको ठाउँमा राखेको लुम्बिनीको सूचना पाटीमा लेखिराखेको छ "यहाँ बुद्ध शाक्यमुनिको जन्म भएकोले ढुँगाको एउटा पर्खाल बनाइदिए, फेरि एउटा शिलास्तम्भ स्थापना गर्नु भयो।" हाले

IUCH, Dec. 1995 मा प्रकाशित गरिएको Restoration of Wetland in Lumbini सम्म पनि यही प्रवाह देखिन्छ । यस्तो हुनुको मुख्य कारण अभिलेखमा पूर्ण विराम वा अर्द्धविराम आदि केही नहुनु हो । यही प्रसंगमा निग्लिहवाको अभिलेखमा आफु आएको वर्ष, पूजा र शिलास्तम्भ स्थापना गरेको कुरा शिलालेखको अन्तमा लेखि राखेको पक्ष पनि बिचारणीय हुन आउँछ ।

अब यहाँ "बुद्ध" र "शाक्यमुनि" शब्दको बारेमा केही विचार गर्छौं । बुद्धलाई अनेक विशेषण र नामबाट स्मरण गर्ने परम्परा पहिल्यैदेखि छ । तर बुद्धको समयमा बुद्धको सामुन्ने भन्ने र बुद्धको समयमा बुद्धको कीर्तिघोष रूपमा उल्लेख गर्ने ९ वटा बुद्धगुण वाचक शब्दहरूमा "बुद्ध" शब्द ८ ठौं गुणवाचक रूपमा आइरहेको छ । बुद्ध के अर्थमा (केनट्ठे बुद्धो ?) को जवाफमा सत्य (चार आर्यसत्य) आफैले बुझ्नु हुने (बुज्झिता सच्चंतीति बुध), आफैले सत्य देखेर बुझी मानिसहरूलाई पनि जान्न बुझ्न दिनु हुने (बोधेता पजायति बुद्धा), सर्वज्ञ, सर्वदर्शी, क्षीणाश्रव भएकोले बुद्ध भनिएको हो । बुद्धको जीवनीको प्रसंगमा खोज गर्दा हामीहरूलाई भावबोध हुन्छ; त्यसबेला "बुद्ध" हुनु भनेको ठूलो नै धर्म ज्ञान भएको व्यक्ति हुनु हो । धर्मका साधक, श्रमण, ब्राह्मण, परिव्राजक र विद्वानमा यसको भावबोध छ । यसको लागि दुई उदाहरण लेऔं । बोधिज्ञान प्राप्तिपछि धर्मचक्र प्रवर्तनका लागि वाराणसीतिर पंचभद्रवर्गीय भेट्न जानु हुँदा बीच बाटोमा बुद्धले आफ्नो परिचय दिनु भई आफै बोधिज्ञान साक्षात्कार गरी बुद्ध भएको कुरा सुनाउँदा उपक परिव्राजकले भन्यो "तपाईले भने जस्तै आ-आफै बुद्ध हुने भएमा बुद्ध भन्नेहरू संसारमा थुप्रै थुप्रै हुनेछन् ।" त्यस्तै अनाथपिण्डिकले आफ्नो साथीबाट "म कहाँ आज बुद्ध र बुद्धका भिक्षुसंघलाई निमन्त्रणा गरिराखेको छौं" भनी भन्दा अनाथपिण्डिकले भन्यो "बुद्ध ? संसारमा बुद्ध उत्पन्न भयो ?" यसको अर्थ हो, बुद्ध भन्ने बितिक्कै त्यसबेलाको धर्म संस्कारमा धर्मको सर्वोच्च स्थानको प्राप्ति हो ।

"शाक्यमुनि" शब्द शुरु शुरुमा शाक्यकुलबाट प्रव्रजित हुने मुनिको परिचयात्मक शब्द हो । तर बुद्धको समयमा नै यो शब्द अर्थात् शाक्य शब्द व्यापक रूपमा श्रद्धा र भावनाको संसारमा फराकिलो भईसकेको थियो । शाक्यमुनि बुद्धका शिष्य श्रावकहरू साकियपुत्ता (शाक्य पुत्रहरू) भए । यो शाक्यपुत्र भन्नुको अर्थ बुद्धको विचरण भूमि र बुद्धधर्मको प्रचार सँगसँगै विस्तुत र व्यापक हुँदै गएर टाढाटाढा सम्म फैलिए । यसका उदाहरणहरू चीनका फाहियान र ह्वेनसाँगको यात्रा बिवरणहरू हाम्रो सामुन्ने छन् । फाहियानले आफुलाई शग वंशको शाक्य भन्नुमा गौरव अनुभव गरेको छ। अझ ह्वेनसाँगका लागि असित ऋषिले लक्षण हेर्ने कुमार शाक्य कुमार हो । सिद्धार्थ पनि शाक्य बोधिसत्व हो । पछि गएर शाक्यमुनि वा शाक्यसिंह शब्दको व्यापकतामा बुद्धको विशेषण पनि बढ्दै गए । तर विशेषण शब्दहरू जति बढेता पनि बुद्धसँगको 'शाक्य' शब्द भने कसैले छुटाउनु सकेन । यसको उदाहरण बिभिन्न कोष वा वाङमयको व्याख्या हाम्रो सामु छ । अमरसिंहको अमरकोषमा सर्वज्ञ, सुगत, बुद्ध, धर्मराज, तथागत, समन्तभद्र, भगवन्, मारजित, लोकजित, जिन षडभिज्ञ, दशबल, अद्वयवादी, विनायक, मुनीन्द्र, श्रीधन, शास्तां, मुनि गरी १८ वटा बुद्धका नाम विशेषण शब्दहरू दिएका छन् भन्ने लुम्बिनीमा जन्मनु भएका बुद्धको नाउँमा शाक्यमुनि, शाक्यसिंह, सर्वार्थसिद्ध, शौद्धोदनि, गौतम, अर्कवंधु, मायादेवी सुत नाम विशेषण दिएका छन् (अमरकोष सम्पादक: पं. बिष्णुदत्त शास्त्री, बम्बई, १९२१ ईसवी) । मोग्गलान थेरकृत पालि शब्दकोष "अभिधानप्पदीपिका" का सात वटा पर्यायवाची शब्दहरू मध्ये पाँचौ शब्द "साक्यसिंह" अनि छैठौं शब्द "सक्यमुनि" हो । तन्त्रयान साधनाको ने.सं. २२५ को पाण्डुलिपिसम्म पनि "नमः शाक्यमुनये तथागतस्य" उल्लेख गरेको छ। स्वयम्भूपुराण बुद्धमा स्तुति गर्दछ : –

"शुद्धोदन सुपुत्राय, गौतमाय च सर्वदा ।
मायादेवी सुपुत्राय, शाक्यसिंहाय ते नमः ।"

अभिलेखको लिपि शास्त्रीय प्रमाणको कुरामा भन्ने भए मौर्य अभिलेख नै वैज्ञानिक इतिहासको पहिलो र प्राचीनतम स्पष्ट आधार हो । साथै अशोकका अभिलेखको जहाँसम्म कुरा छ, शाक्यमुनि बुद्धको पूर्ण रूपमा उल्लेख भएको लुम्बिनीमा मात्रै हो । निग्लिहवामा रहेको अशोकको शिलास्तम्भ अभिलेखमा अर्को अतीत बुद्धको विशिष्ट नाम "कोनाकमन" शब्द आएको छ ।

वास्तवमा "हिदबुधेजाते सक्यमुनीति" अभिलेख दीघनिकायको महापरिनिब्बाण सुत्तको बुद्ध-बचन नै अशोकको धम्मघोष (धर्मघोषणा) भएको देखिन्छ । महापरिनिब्बाण सुत्तमा उल्लेख गरिराखेको छ, "आगमिस्सन्ति खो आनन्द सद्धा भिक्खु भिक्खुनीयो उपासक उपासिकायो इध तथागतो जातोति" अर्थात् "आनन्द, श्रद्धा भएका भिक्षु, भिक्षुणी, उपासक उपासिकाहरू यहाँ तथागत जन्मनु भएको हो भनी (संवेजनको निम्ति) यहाँ आउँनेछन् ।" बुद्धले आफुलाई उल्लेख गर्नुपर्ने बेलामा "म" शब्द जस्तै "तथागत" शब्द प्रयोग गर्नु हुन्छ । त्यसैले "इध तथागतो जातोति" अर्थात् "यहाँ तथागत जन्मनु भएछ भनी" पालिको प्रयोग अथवा पालि संस्कारको आदर्शलाई अनुकरण गरेर नै २३८ वर्षपछि ब्राह्मी लिपिमा अशोकको शिलास्तम्भ अभिलेखमा "हिदबुधेजाते सक्यमुनीति" "यहाँ शाक्यमुनि बुद्ध जन्म भएको भनी" रूपमा राजकीय धर्मघोषणा भएको हो । दिव्यावदानमा यो उद्घोषण भिक्षु उपगुप्तको मुखबाट "अस्मिन् महाराज प्रदेशे भगवान जातः" रूपमा हुन गएको छ । हुल्सको विचारमा यो पालिको अभिव्यक्ति अशोक अभिलेखको रूपान्तर हो । डा. राधा कुमुद मुकर्जी भन्नुहुन्छ, भिक्षु उपगुप्तले यसै महापरिनिब्बाण सुत्तको पालि अभिव्यक्ति यहाँ दोहऱ्याई रहनु भएको छ ।

अशोकको धेरैजसो अभिलेखहरूमा "हिद" शब्द आएका छन् । अशोक जनतालाई बुझाउन जनताको भाषा नै शुद्ध सम्झिनु हुन्छ । यसैकारण एउटै अर्धबोधक शब्द अलि अलि फरक फरक भएता पनि अभिलेखमा जनभाषा नै प्रयोग गरीराखेको देखिन्छ । स्वयं आफ्नो नाम "देवानपिय" समेत अनेक रूपबाट अभिलेखमा लेखाई राखेको तथ्य हाम्रो सामु छ । "हिद" शब्द पनि "हिदा" (यो लोकको अर्थमा) "हिदत पालले" "हिद लोकं" "हिदलोकिक पललोकिक (यस लोक परलोक अर्थमा)" रूपमा आएको छ । तर यी सबैको भाव अर्थमा "हिद" "यहाँ" नै हो । लुम्बिनी अभिलेखको "हिद" को सामान्य अर्थ पनि यहाँ हो । तर "यहाँ" भन्ने कुराबाट सिद्धार्थले पहिले पाइला टेकेको स्थान अशोकस्तम्भ रहेको ठाउँ बोधक भइ आएकोमा हाल आएर यसको अर्थ सिद्धार्थले पहिला भूस्पर्श गरेको नजिकैको ठाउँको भावबोधक हुन गएको छ ।

"बुध" लाई हामी "बुद्ध" भन्ने र लेख्ने गरिरहेका छौं । पालिमा पनि बुद्ध नै हुन्छ । तर अशोकको अभिलेखहरूमा "द" सँगै "ध" संयुक्त भएर "द्ध" आएको छैन । अशोकका अभिलेखहरूमा "बुधास" "बुधसि" र "बुधेन" मा "ध" मात्रै प्रयोग भइराखेको पाउँछ । "बुध"को साधारण अर्थ "बुझ्ने, चार आर्यसत्य र अष्टाङ मार्ग आफै साक्षात्कार गर्ने अनि आफुले पाएको बोधिज्ञान अरुलाई पनि बोध गराउनुहुने हो ।"

"सक्यमुनीति" को अर्थ "शाक्यमुनि भनी" हो । उहाँ शाक्य कुलमा जन्म हुनु भएका मुनि हुन् । अशोकका अभिलेखहरूमा "सकिये" (जौगढ अभिलेख, सारनाथ अभिलेख) आइराखेको छ । अशोकको अभिलेखमा "श" को प्रयोग नै नभएको होइन । शके, शको, शतनि, शत-सहस, शत सहस्र, शत, शतेष जस्ता शब्दहरू अभिलेखमा आएका छन् । पालि भाषामा भने दन्त्य "स" को मात्र प्रयोग हुन्छ । तर यहाँ शाक्यमुनि बुद्धको निम्ति "सक्यमुनि" मात्र उल्लेख हुनुको कारण पालि प्रयोगको अनुकरण हो भन्नु भन्दा

त्यसबेलाको भाषा र उच्चारणको अनुकरण भन्नु उचित छ । लुम्बिनी र कपिलवस्तुका निवासीहरू पनि त्यसबेला शायद दन्त्य उच्चारण गर्नेहरू हुन् । "सकिय" वा "साकिय" हरू आफ्नो कुल र जाति प्रति ठूलो गौरव गर्दथे । कोशलको राजा प्रसेनजितले बुद्धका श्रावक संघको समर्थन र स्नेह पाउनका लागि एउटी शाक्य जातिकी छोरी विवाह गर्ने प्रयास गरे । तर आफ्नो "साकिय" जातिको शुद्धताको इच्छा गर्ने शाक्यहरूले साकिय छोरी दिन मन पराएनन् । तर प्रसेनजितको ठूलो राजनैतिक शक्तिको कारणले गर्दा दिन्न पनि भन्न सकिएन । त्यसैले प्रसेनजितलाई झुक्याएर महानाम साकियको एक दासीबाट जन्मेकी एउटी छोरी दिए ।

अशोकको अभिलेखमा मात्र होइन् अशोक भन्दा अगाडीको पिप्परहवा अभिलेखमा पनि "साकियान" (शाक्यहरू) शब्द भेटिएको छ । अशोक पछिका पछिल्ला अभिलेखहरूमा भने 'श' र 'स' छ्यासम्यास रूपमा प्रयोग भइरहेको पाइन्छ । राजा मिलिन्दकालीन (दिसा सरहवी सूवा शिनकोटमा भेटिएको) एक भष्मपात्रको अभिलेखमा "शकमुनिस" उल्लेख गरेको छ । कुर्टम पेशावरमा भेटिएकोकुषाण कालीन ताम्र भष्मपात्रको खरोष्ठी लिपिको अभिलेखमा "भग्रवतस सक्यमुनिस" उल्लेख पाएको छ । हुविष्कको एउटा बुद्ध-प्रतिमामा भेटिएको "श(क्यमुनि" उल्लेख र तक्षशिलाको खरोष्ठी लिपिको ताम्रपत्रमा भएको "भगवत शकमुनिस" उल्लेख यसका अरु उदाहरणहरू हुन् । यसरी अभिलेखमा शाक्यमुनि शब्द उल्लेख भइरहेका प्रसंगमा नेपालका लिच्छविकालीन अभिलेखमा शाक्य र शाक्यमुनि शब्द उल्लेख भइ रहेको र मध्यकालीन नेपालको शुरु शुरु देखिका तालपत्र र पुष्पिका अभिलेखहरूमा शाक्य भिक्षु प्रयोग भएको सम्झना हुन्छ । धेरै टाढा किन जाऔं, मैले आफ्नो शैशवकालमा आफ्नो नामको पछाडी शाक्यवंश लेख्ने गरेको थिएं । आफ्नो नाउँ पछाडी "शाक्यवंश" को ठाउँमा "शाक्य" मात्र लेख्ने जुन परम्परा आज देखिन्छ, यो केही दशाब्दी अगाडी देखि मात्र आएको प्रचलन हो ।

लुम्बिनीस्थित अशोकको शिलास्तम्भाभिलेखको "सिलाविगडभीचा" : एक अध्ययन

लुम्बिनीस्थित अशोकको शिलास्तम्भमा कुँदिएको ५ हरफको अभिलेख निकै महत्रवपूर्ण छ । यस अभिलेखका सम्पूर्ण अक्षरहरू स्पष्ट स्पष्ट छन् अन्यथा यस ठाउँमा यो अक्षर वा यो शब्द हुनुपर्छ भने अनुमानको निमित्त उदाहरण नरहेकोले एक समस्या नै हुने थियो । यस अभिलेखको प्राय: शब्दहरूको अर्थ यही हो भनी किटान भइ सकेतापनि एउटा-दुईवटा कुरामा विशेषत: ३ वटा शब्द-समूहको अर्थ वर्णन गर्ने क्रममा विद्वानहरूमा एक मत नहुनाको कारणमा केही विचार गर्नु आवश्यक भएको छ । यस्ता ३ शब्द समूहमध्येमा एक शब्द समूह "सिलाविगडभीचा" हो । यहाँ यसैको बारेमा केही चर्चा गरिन्छ ।

"सिलाविगडभीचा" लुम्बिनीस्थित अशोकको शिलास्तम्भमा उल्लेखित तेश्रो हरफको पहिलो शब्द-समूह हो । "सिलाविगडभीचा" लाई "सिला-विगडभीचा", "सिलाविगडभी चा" "सिला-विगडभी-चा" "सिलाविगड-भीचा", सिला-विगड-भीचा" गरीकन अक्षरलाई यता-उता पारी वा आ-आफ्नै ढंगले बीचमा संयोजक चिन्ह (-) राखि पाठान्तर गरी अध्ययन भइ राखेको हामी पाउँछौं ।

अभिलेखको यस शब्द-समूहमा 'चा' राम्ररी स्पष्ट छ ता पनि "चा" को ठाउँमा 'च' हुनुपर्ने भन्नेहरू पनि छन् । यसरी कुँदिएकोमा नै "संशोधन" गर्न चाहनु अतिवादी दृष्टिकोणको

आकांक्षा मात्र हो । यथार्थमा भन्ने हो भने निपातको अर्थमा अशोकको अभिलेखहरूमा 'च' वा 'चा' धेरै ठाउँमा निवधि रूपमा आइरहेको देखिन्छ । उदाहरणको लागि चतुर्दश अभिलेखको पहिलो अभिलेखमा 'नो पि चा' (कालसि अभिलेख), "नो पि च" (शाहबाजगढी र मानसेरा अभिलेख), द्वितीय अभिलेखको "पसुचिकीछा च" (गिरनार अभिलेख) "पसुचिकिसा चा" (कालसि अभिलेख), तृतीय अभिलेखको "हेतुवो च" (गिरनार अभिलेख), "हेतुवता चा" (का.अ.), चतुर्थ अभिलेखको "विहिंसा च" (गि.अ.), "विहिंसा चा" (का.अ.), पाँचौ अभिलेखको "मोखाये चा" (का.अ.), "मोछये च" (मा.अ.) लाई लिन सकिन्छ । यसरी अशोकको अभिलेखहरूमा 'च' र 'चा' निर्वाध प्रयोग भएको कुरा स्पष्ट छ । तर 'चा' लाई निपातको रूपमा नलिइकन 'भी' अक्षर सगै जोडेर "सिलाविगड" पछि "भीचा" शब्द बनाएको र लुम्बिनी अभिलेखको 'सिलाविगडभीचा' को अर्कै अर्थ लगाइएको पनि पाइन्छ । अशोकको प्राकृत "भीचा" पालिको भिंका, भेंका, भिञ्जाको रूपान्तरको रूपमा मानेको खण्डमा यसको अर्थ "सानो हात्ती" हुन आउँछ । (Ashoka and his inscriptions – Beni Madhaba Barua M.A.,D. Litt. (London), Calcutta-12, 1968 (Third Edition) p. 345) । यस किसिमको अर्थ प्रयोग गरिराख्नुको आधार बोधिसत्त्वको मातृकुक्षि प्रवेशलाई रेखाचित्र कोर्ने र त्यहीं "गजोत्तम" भनी उल्लेख गरिएको प्रमाण हो । दार्शनिक एवं ऐतिहासिक रूपमा "सिलाविगडभीचा" लाई "सिला विगडभी च" रूपमा विभाजन गर्नु नै न्यायोचित्त भएको र विगडभीको संस्कृत पयार्यवाची शब्द विगतभि भयबाट मुक्त भन्ने अर्थ पनि लगाएको देखिन्छ ।

डा. बूहलर (Dr. Buhler), जसले १८९७ इसवींमा अशोकको अभिलेखको लिप्यन्तर प्रकाशित गर्नु भएको छ, को भनाइ अनुसार 'सिलाविगडभी' को संस्कृत पयार्यवाची शब्द "सिलाविकटाभी" हो । यसको अर्थ हुन जान्छ "शिलामय ठूलो

सूर्यको शिला-चक्का बनाइयो" र यो लुम्बिनीमा यस कारण स्थापित गरियो, जसबाट शाक्यमुनिको अर्कबन्धु वा आदित्यबंधु (सूर्यवंश) इक्ष्वाकु वंशलाई स्मरण हुन सकोस् (Epigraphia Indica, Volume V.P. 4/5. A Fuhrer Ph.D. Antiquities of Buddha Sakyamuni's birth place in the Nepalese Tarai, Kathmandu, 1972 p.34; Purna Chandra Mukherji, A Report of a tour of exploration of the antiquities of Kapilavastu tarai of Nepal during February and March 1899, Delhi, 1969, Page 35)।

१८९६ ईसवीमा अशोकस्तम्भको खुदाइको क्रममा जमीन सतहबाट ३ फीट तल र स्तम्भको आधारशिलाबाट ९ फिट ८ इन्चमाथि अशोकको अभिलेख भएको कुरा प्रकाशित गर्नु हुने ए. फुहररको कथन अनुसार अशोकका अन्य अभिलेखहरूमा नपाइएको, तर लुम्बिनीस्थित अशोक स्तम्भमा मात्र रहेका छःवटा शब्दहरूमध्ये एक शब्द यो पनि हो । उहाँले यसलाई "सिला-विगडभी-चा" को रूपमा उल्लेख गर्दै विगडभीको संस्कृतको त्यही अर्थ जनाउने शब्द 'विगर्दभी' समानार्थी मान्नुभएको छ । यसको अर्थ गधा जस्तो भद्दा नभएका घोडा हुन आउँछ । शिलामय अश्व-मूर्ति बनाइकन शिलास्तम्भको टुप्पामा राखियो । यो घोडाको मूर्ति कंथक घोडाको प्रतीक हो ।

अरू पक्षका विचारकहरूको भनाइ अनुसार सिलाविगडभी (शिला+आविरस), गडभी गधानी (a she-ass) हो । यस पक्षको विचारमा संस्कृत गर्दभी पालि भाषामा गद्रभी भईकन अशोकको प्राकृतमा गडभी हुन गएको हो (Radhagovinda Basak, M.A., Ph.D, Ashokan Inscriptions, Calcutta, 1954, p. 150)। पूर्णचन्द्र मूखर्जीले सिला विगडभीको संस्कृत समानार्थक शब्द विगर्डभी वा विकटभ्री प्रस्तुत गर्नु भएको- छ । यसको अर्थ विगड संस्कृतको विकट (विकृटं) बाट बन्न आएको शब्द हो । शिलाको

प्राकृतिक स्वरूप नष्ट गरी अन्य रूप निर्माण गरिएको भने पनि हुन्छ । यो पालि शब्द 'पासादविकतिका' रूपाकारबाट सजाएको आवास समानार्थी शब्द हो । "सिंहव्याग्धादि रूप विचितो उन्नानयो अत्थरगो" सिंह व्याघ्र र यस्तै रूप सजिएको भने प्रसंग यहाँनिर स्मरणीय हुन आउँछ (Radha Kumud Mookerji M.A., Ph.D., Litt, F.A.S.B., Ashoka, Delhi, 1955, p. 297)।

"सिलाविगडभीचा" को अर्थ शिलाको घोडाको मूर्ति भन्ने अर्थ लगाउने पक्षको लागि एक बलियो आधार ह्वेनसांगको यात्रा वृतान्तको उल्लेख पनि हो । ह्वेनसांगले वर्णन गरेको छ, "स्तूपहरू संगै त्यहाँ एक लामो शिलास्तम्भ छ, यसको टुप्पामा घोडाको मूर्ति राखिएको छ र यो अशोकले बनाएको हो (Samual Beal, Buddhist records of the Western World, Delhi, 1981 (Reprint), Book VI., p. 25)।

ढुंगाको घोडाको मूर्ति बनाउन लगाइ शिलास्तम्भको टुप्पामा त्यो मूर्ति राखिएकै भएता पनि त्यही शिलास्तम्भको अभिलेखमा पनि यसबारेमा उल्लेख गर्नु अस्वाभाविक वा अनावश्यक देखिन्छ । अशोकको अन्यत्रका शिलास्तम्भहरूमा कतैं सिंह कतैं साँढे आदिको मूर्ति राखिएका छन् तर ती शिलास्तम्भहरूमा यस्ता मूर्तिहरू राखिएको छ भनीकन कहीं उल्लेख गरिएको छैन ।

कारपेण्डियर र उहाँपछि हुल्सले पनि "सिला+विगड+भी" को अर्थ विगड (अश्व-घोडा) को रूप धारण गरिएको शिला भनी उल्लेख गरिएता पनि "विगड" को "अश्व" अर्थ अनुमानित मात्र मान्नु भएको छ । पूरा (सिद्ध) अर्थ होइन । त्यसैले अन्य दृष्टिमा "सिलाविगड-भीचा" को अर्थ संस्कृत स्वरूपमा "शिला-विकटभित्तिका" हो र यसको अर्थ ढुंगाको बलियो बार (Railing) हो (डा. राजबली पाण्डेय, एम.ए.,डी., लिट., विद्यारत्न, अशोकको धर्मलेख, वाराणसी, सं. २०२२, पृष्ठ १८९) । अशोकले आफ्नो

अभिलेखमा ढुंगाको छेकवार राखिएको उल्लेख शिलास्तम्भमै उल्लेख गर्नाको विशेष कारण दर्शाउदै तर्क गर्दछ, मौर्ययुगमा प्रायः काठको मात्र छेकबार राखिन्थ्यो । यसरी काठको छेकबारको ठाउँमा ढुंगाको छेकवार बनाइएको हुनाले नै स्तम्भमा यसको उल्लेख गरिएको हो । (Amulyachandra Sen M.A., LLB, Ph.D., Ashoka's Edics, Calcutta, 1956, p.122) । मौर्ययुग पछि सुंग युगको साँचीको दोश्रो स्तूपमा, भरहूतको ढोकामा र बुद्धगयाको उत्खननमा भेटिएका ढुंगाको छेकवार (Railing) निकै उन्नत प्रकारको छ । तसर्थ ढुंगाको छेकबार राख्ने शुरुवात अशोकको युगमा भइसक्नुमा कुनै आश्चर्य छैन । तर यो अभिलेखमा नै उल्लेख गर्नु पर्ने प्रकारको कुरो होइन । यद्यपि भारत सरकारको आधिकारिक रूपमा भएको पछिल्लो प्रकाशनमा पनि "शिलाविगडभी चा" को अर्थ "शिलाविकट भित्तिका" ढुंगाको एक प्राचीरको अर्थमा स्वीकार गरेको छ *(जनार्दन भट्ट, एम. ए., अशोकके धर्मलेख, काशी, सम्बत १९८०, पृ. ३८३, जनार्दन भट्ट अशोकके धर्मलेख, पब्लिकेशन्स डिवीजन, सूचना एवं प्रचार मन्त्रालय, ओल्ड सेक्रेटरियट, दिल्ली मई १९५७, पृ. ११५)* ।

श्री ५ को सरकारको आधिकारिक प्रकाशनको सन्दर्भमा कुनै एउटा ठोस र स्थिर निर्णय देखिन्दैन । "ढुंगाको अश्वमूर्ति भनी" वा "शिला प्राकार" (ढुंगाको छेकवार) आदि अनेक अर्थ प्रकाशनको विवरण यहाँ क्रमशः प्रस्तुत गरिन्छ ।

आवास तथा भौतिक परियोजना विभाग, लुम्बिनी समिति नेपालले बैशाख २०२८ मा प्रकाशित (पृष्ठ संख्या नभएको) "लुम्बिनी" पुस्तिकामा अशोकको शिलास्तम्भाभिलेखको अनुवाद हो –

"जब राजा देवनाम प्रियदशिन २० वर्ष सम्म अभिषिक्त भए (राज्यसिंहासनमा रहे) उनी आफै आए र यस स्थलमा पूजा गरे, कारण शाक्यमुनि बुद्ध यहाँ जन्मनुभएको थियो ।

उनले ढुंगालाई घोडाको भार बहन गर्ने काममा प्रयोग गरी त्यसको कारण पनि आफै बने र उस्तै ढुंगालाई यसको स्तूप खडा गर्न लगाई भगवानका वरद् पुत्र जन्मेको ठाउँ यही हो भनेर देखाउने काममा प्रयोग पनि गरे । उनले लुम्बिनी गाउँलाई कर माफी गरी उत्पादनको १/८ भाग मात्र तिरे पुग्ने व्यवस्था गरे ।"

त्यसपछि "सिलाविगडभीचा" को अर्थ ढुंगाको अश्वरूप स्वीकार गरियो । (He both caused to be made a stone bearing a horse and caused a stone pillar to be set up. H.M.G. of Nepal, Ministry of Industry and Commerce, Department of Tourism, February 1973, p. 8) ।

यसै शब्दानुवादलाई लुम्बिनी विकास समितिको नाउँमा जनवरी १९७५, १९७६ र १९८० मा प्रकाशित पुस्तिकाहरूमा र पर्यटन विभागको १९७५ मार्चको प्रकाशनमा स्वीकार गरिएको छ । पछि पुरातात्त्विक उत्खनन्मा महत्त्वपूर्ण पुरातात्त्विक महत्त्वका वस्तुहरू पत्ता लागेको सन्दर्भमा ह्वेनसांगद्वारा उल्लेख गरे अनुरूप अशोकस्तम्भको टुप्पोमा शिलामय घोडाको (सम्भावित रूपको) पाँच टुक्राहरू पनि भेटिएको कुरा उल्लेख गरी यसको चित्र समेत प्रकाशित गरियो (Babu Krisha Rijal, Archaeological Activities in Lumbini 1976-77, p. 11, Plate No. 5., 1976-78, p. 15. Plate No.6) ।

यस्तै १९४७ इसवी बैशाखको The Maha Bodhi पत्रिकामा प्रकाशित Dr. B.C. Law, Ph.D., D. Litt, M.A., B.L. को रचना पुनः प्रकाशित गरियो जसमा "सिलाविगडभि"को अर्थ शिलाको अश्वमूर्ति भनी उल्लेख गरिएको छ (Lumbini Kapilvastu, H.M.G., L.D.T. Lumbini year 1979, p.9) ।

पछि फेरि श्री ५ को सरकार लुम्बिनी विकास कोषले केही कारण नै नदेखाईकन एकैचोटी D.C. Cirkar को Inscription of Asoka लाई उद्घृत गरी "सिलाविगडभी" लाई ढुंगाको चारैतिर रहेको छेकबार (A Stone Wall around the place) रूपमा अर्थ स्वीकार गर्न लागे (Babu Krishna Rijal, Acting Chief Special Archaeological Project Lumbini, Archaeco-logical activities of Lumbini, 1978-83 H.M.G./Nepal, Lumbini Development Committee / Lumbini Develop-ment Project 1983) .

श्री ५ को सरकार लुम्बिनी विकास पुरातत्रव परियोजनाबाट राखिएको अशोक स्तम्भको नजिकैको सूचना पाटीमा उल्लेख गरिएको छः –

"यहाँ बुद्ध शाक्यमुनिको जन्म भएकोले ढुंगाको एउटा प्राचीर बनाउन लागि बक्स्यो र एउटा शिलास्तम्भ स्थापना गरिबक्स्यो ।"

यसरी श्री ५ को सरकारको प्रकाशनबाट "सिलाविगडभी" को अर्थ ढुंगाको अश्वमूर्ति र ढुंगाको छेकवार दुबै अर्थ स्वीकार गरेको देखिन्छ । यता नेपालका इतिहासविद्हरूबाट यसको सही अर्थ खोजविन गर्ने कार्य अहिलेसम्म भएको देखिन्दैन ।

इतिहास संशोधन मण्डलबाट प्रकाशित अर्को एक प्रसंग यहाँ उल्लेखनीय छ । "किराती राजा थुङ्कोले बुद्धको जन्मस्थल लुम्बिनीमा राजा अशोकले राखिएको शिलास्तम्भबाट अश्वमूर्ति गिराउन लाएको थियो । त्यसको समर्थन गराउन त्यहाँ त्रिगंगाको मूर्तिमा पनि अश्वमूर्ति देखाइराखेको छ । आदि प्रमाणबाट मानदेवले स्थापना गरेको त्रिगंगाको वामनको मूर्ति किराती राजा थुङ्कोको शालिक हो भनी प्रमाणित हुन्छ" भने-पाठलाई अशुद्ध मानी शुद्ध पाठ दिइ उल्लेख गरेको छ, "गुप्त राजा समुद्रगुप्त (वि.सं. ३८७-

४३२) र कुमार गुप्त (वि.सं. ४७१-५१२)ले अश्वमेधको चिन्ह स्वरूप आ-आफ्नो टकमा घोडा कुँदाएका थिए । मानदेवको यस त्रिगंगाको मूर्तिमा पनि अश्वमेघ यज्ञको बोध गराउनको लागि नै घोडा कुँदाएको हो ।"

किराँती राजा थुङ्को र अशोक समकालीन हुन तथा थुङ्कोले लुम्बिनीस्थित अशोकस्तम्भको अश्वमूर्ति गिराएको हो भन्ने तथ्यमा कुनै प्रमाण छैन । (धनवज्र वज्राचार्य, प्रधान सम्पादक, इतिहास संशोधन प्रमाणप्रमेय (पहिलो भाग, नेपाल , २०१९ मंसिर, पृ. १९९-२००) ।

'सिलाविगडी'को अर्थ अश्वमूर्तिको साथै कुनै स्मारक पनि लिइराखेको छ । ("He caused a stone inclosure to be made and a stone pillar to be erected" – Romila Thaper, Asoka and the decline of Mauryas, London. 1963, P. 50 and 226)।

ध्वनिशास्त्रको दृष्टिबाट विचार गर्नेहरू विकट=विकृतबाट "विगड" को व्युत्पति विगड=विगर्ह=विग्रहबाट "विगड" लाई ब्युत्पति भन्दा मान्ने र पुनः "भी" र "चा" मा जोर दिनलाई मात्र आएको निपात मान्दछ । "सिलाविगड भी – चा कालापित सिलाथभे च उसपापिते" एउटा ढुंगाको आकृति मात्र बनाएको होइन अपितु एउटा शिलास्तम्भ पनि बनाउन दिएको थियो (राधा कुमुद मुकर्जी एम. ए., पी.एच.डी., डि.लिट. अशोक, पटना, ई. १९४७ पृ. १६८) । शिलाको स्वरूप बदलेर उभ्याइएको कुरालाई कसैले स्मारिकाको अर्थ लाएको छ भने कसैले स्पष्ट रूपमा शिला-प्रतिमा रूपमा स्वीकार गरका छन् (भदन्त आनन्द कौशल्यायन, लुम्बिनी, 'धर्मोदय' को लुम्बिनी विशेषांकमा प्रकाशित रचना, कलकत्ता १९५२, पु. ९६) ।

"सिलाविगडभीचा" को अर्थ शिलाको अश्वमूर्ति (शिलामय अश्व प्रतिमा) भनिएकोमा प्रश्नचिन्ह (?) राखी विशेषत: "उबलिकेकटे" र "अठभागियेच" को "कर" वा "पोटा" पुरानै असम्बद्ध रूपमा अर्थ लिइराखेको (Keisher Bahadur K.C., The Judicial customs of Nepal, Kathmandu, sccond Edition, 1971 p. 82-97) देखेर मेरो विनम्र अनुरोधमा बैङ्कको सुप्रसिद्ध धम्मसा (धर्मशास्त्र) विश्वविद्यालयमा ९ अप्रिल १९८० दिन एक सानो विद्वत गोष्ठीको आयोजना गरेको थियो । यस गोष्ठीमा चक्रवाट, महाचूलालंकोर विश्वविद्यालय र धम्मसा विश्वविद्यालयका विद्वान् महास्थविरहरू र प्राध्यापकहरूले भाग लिनुभएका थिए । यस गोष्ठीमा "सिलाविगडभीचा" "उबलिकेकटे" र "अठभागियेच" बारेमा परिचर्चा भएको बेला "सिलाविगडभीचा" को अर्थ शिलामा कुँदिएको वा शिलालाई अर्को रूप दिइ शिला प्रतिमा बनाएको भने निष्कर्षमा आई टुंगियो । यसको अर्थ अन्य एक रूप अर्थात् त्यस स्थानमा शिलाको कुनै प्रतिमा स्वरूप स्थापना गरे । यो प्रतिमा हाल लुम्बिनीमा रहेको सिद्धार्थको जन्म दृश्य अंकित मूर्तिको पूर्वरूप (Prototype) मूर्ति हुनुपर्छ भने अनुमान गरियो । साथै यसको पूरा निर्णयको निम्ति सिद्धार्थको जन्म सम्बन्धी मूर्ति निर्माणको विकासक्रमको पूरा पूरा अध्ययन र अन्वेषण हुनु नितान्त आवश्यक छ भने निर्णय पनि गरियो ।

यसै प्रसंगमा शुइ-चिन्-चु (Shui-Chin-Chu) भन्ने यात्रा विवरणको अंशको सम्झना हुन्छ । शुइ-चिन्-चु फाहियान अगाडिका एउटा चिनिया यात्रीको यात्रा विवरण हो । यस विवरणमा मायादेवीले सिद्धार्थ जन्मको बेला समाएको अशोक वृक्षको वंशानुगतको पुरानो अशोकवृक्ष यात्रीले देख्नु भएको वर्णन छ । साथै यसै रुख मुनि मायादेवीले सिद्धार्थ जन्माउन अघि अशोकवृक्ष समाइरहेको राजा अशोकद्वारा निर्मित बहुमूल्य ढुंगा (Lapislazuli) को मूर्ति पनि थियो । श्री पेटे (L. Petech) ले अहिले लुम्बिनीमा

रहेको सिद्धार्थ-जन्मको महामायादेवीको मूर्ति उसै अशोकद्वारा बनाउन लगाउनु भएको मूर्तिको प्रतिकृति हुनसक्ने अनुमान गर्नु भएकोछ (Northern India according to the Shui-Chin-Chu, L. Petech, Roma, Is. M.E.O. 1950, Page 35) ।

"सिलाविगडभीचा" शब्द अशोकका अरू अभिलेखहरूमा उपलब्ध नभएको लुम्बिनीमा मात्रै प्रयोग भएको एक शब्द हो । फुहररको यो भनाइलाई भी.ए.स्मीथ (V.A.Smith) ले पनि अशोकस्तम्भको अर्थ्याउदा विभिन्न विचार दिने अपरिचित अनौथा (Strange) शब्दहरू मध्ये एक शब्द मान्नु भएको छ । विशेषत: भाषाशास्त्र अनुसार विचार गर्दा विभिन्न अर्थ अर्थ्याउने गर्दछ । साथै ह्वेनसांगको यात्रावृतान्तको अश्वमूर्तिको प्रभावमा पर्ने, साँची आदि ठाउँको ढुंगाको बार (Railling) संस्कार बोक्ने, वा सिद्धार्थ-जन्मको मायादेवी मूर्तिको पूर्व रूप सोच्नेहरूले थरी थरी विचार गरेका थिए, र बिचार गर्दै आएका छन् ।

श्री केन्नेथ आर नरमनले (Kenneth R. Norman) यस एक शब्द समूहको उहापोह गर्नु भइ सिंगो ११ पृष्ठको लेख (A Note on Silavigadabhica in Asoka's Rummindei Inscription) लेख्नु भएको छ । उहाँले निष्कर्षमा यसको अर्थ "and a wall made from, or decorated with, Stone" मा विश्वास व्यक्त गर्नु भएको छ । (The Buddhist forum vol III, School of oriental and African studies, university of London, 1994, page 237) ।

लुम्बिनी विकास कोष, श्री ५ को सरकार पुरातत्रव विभाग र जापान बुद्धिष्ट फेडरेशनको संयुक्त पुरातात्त्विक उत्खनन्मा सिद्धार्थ-जन्म-स्मारक (मायादेवी मंदीर,) को १६ फीट जति तल एउटा ढुंगा भेटियो । यो ढुंगा (Sand Couglomorate Stone) ६८ एम.एम. लामो, बढी भएको ठाउँमा चौडाईमा ३५ एम. एम. को छ

र भ्रण्डै मानिसको पाइतला आकारको छ । यस महत्त्वपूर्ण पुरातात्त्विक उपलब्धिलाई संवेदनशील रूपमा सर्वोच्च स्तरबाट उद्धोषण गरी सार्वजनिक रूपमा प्रकाशमा ल्याउने प्रयास गर्दा गर्दै सर्वप्रथम यस बारेमा जापानको प्रसिद्ध दैनिक आसाहि (ASAHI) मा २६।७।१९९५ दिन प्रकाशित भयो । सिद्धार्थले प्रथम भूस्पर्श गरेको ठाउँमा रहेको यस चिन्ह-ढुंगा बारेमा ब्लू स्टार होटलमा इतिहासविदहरू, विद्वानहरू, पुरातत्त्व र वास्तुकलाविदहरूका बीचमा एक अन्तरक्रियाको आयोजना गरेको थियो । त्यहाँ मैले सिद्धार्थले प्रथम भूस्पर्श गरेको निर्देशन गर्ने ढुंगा हो भन्ने विचार प्रकट गरेको थिएं । अन्तत: माघ २१ गते आदित्यबार २०५२ सोमबार फरवरी १९९६ का दिन तत्कालीन प्रधानमन्त्री शेरवहादुर देउवाद्वारा अंग्रेजी भाषामा उद्घोषण भयो "अन्तर्राष्ट्रिय विशेषज्ञहरूको टोलीको सशक्त सल्लाह र निर्देशनमा पुरातत्त्वविदहरूले शाक्यमुनि बुद्धको जन्मको पवित्र स्थल लुम्बिनीमा भेटिएकोले हामी सबै गौरवान्विक भएका छौं (It is the matter of Pride for all of us that the sacred place of the nativity of Shakyamuni Buddha in Lumbini has been discovered by the archacologists under the able advice and guidenace of International team of experts)।

लुम्बिनीको अशोकस्तम्भ-अभिलेखको "शिलाविगडभीचा" शब्दको एक शताब्दी देखि व्याख्या, टीका टिप्पणी, संश्लेषण विश्लेषण हुँदै आएको थियो । १९०३ ईसवी मा प्रो. पिसल (Prof. Pischel) ले "सिलाविगडभीचा" को जुन अर्थ लगाउनु भएको थियो त्यसलाई प्राकृत भाषाको स्वरूप र व्याकरण दृष्टिबाट शंका गर्दै अस्वीकार्दै आएको अर्थ नै अन्तत: एक शताब्दी पछिको पुरातात्त्विक उपलब्धिबाट उहाँकै अथ्याईको नजिकन गइ आज सधैंको लागि स्वीकार गर्नु परेको देखिन्छ । ढुंगाको प्राचीर, अश्वमूर्ति, सिद्धार्थ-जन्म-स्मारक मूर्ति (मायादेवी मूर्ति), सूर्यको प्रतीक ढुंगा आदितिर नअलमलिइ चून ढुंगा रूपमा स्वीकार्नु परेको छ । अशोकले ल्याएको

खरो ढुंगा जसबाट अशोक स्तम्भ निर्माण भए (Asoka caused a faultless block of stone to be prepared, and from it had a stone pillar made, which he erected) भन्ने व्याख्या पुरातात्त्विक उत्खननको प्राप्तिबाट अन्तिम संशोधन गरियो ।

अशोकको शिलास्तम्भ अभिलेख स्थापनाको उद्देश्य अभिप्राय धम्म चिरस्थायी (चिलठितिके) हो भन्ने कुरा दिल्ली टोप्रामा पुन: स्थापना गरिएको सातौं शिलास्तम्भको अभिलेखबाट स्पष्ट हुन्छ, "एतं देवानंपिये आहा इयं धंमलिबि अत अपि सिलाथंभानि वा सिलाफलकानि वा तत कटविया एत एसा चिलाठितिके सिया" अर्थात् "देवताहरूलाई मन पर्नेले यसो भन्नु भएको छ, यो धर्मलिपि (धर्मको अभिलेख वा घोषणा) जहाँ शिलास्तम्भहरू छन् वा शिलाफलकहरू छन् त्यहा लेख्न लगाउनु पर्दछ जसबाट (बुद्धधर्म) चीरस्थायी होस् । यति हुँदा हुँदै पनि शिलास्तम्भ, गुहा र शिलापटमा, अभिलेख लेख्न लगाउने प्रथम र आजसम्मको विश्व इतिहासमा अद्वितीय रूपमा देवताहरूको प्रिय प्रियदर्शी मगधको राजा अशोकको धर्माशोकको धर्मको चीरस्थायी आँकाक्षा अनुरूप थुप्रै कार्य हुनु बाँकी छ । अशोकको अभिलेखको अध्ययन विशेषत: लुम्बिनी स्थित अशोकको शिलास्तम्भको अभिलेखको पूर्ण अध्ययन र अन्वेषण गर्नु मलाई लाग्दछ, नेपालको एक राष्ट्रिय दायित्त्व हो र यो दायित्त्व निभाउने कार्य जति सक्छ त्यति चाँडै भए एउटा ठूलो कल्याणकारी कार्य हुनेछ ।

(लेखककै नेपाल भाषामा लिखित रचना श्री रत्नसुन्दर शाक्यबाट अनुदित)

लुम्बिनीस्थित अशोकको शिलास्तम्भाभिलेखको "सिलाथभेच उसपापिते" : एक अध्ययन

लुम्बिनीस्थित अशोकको शिलास्तम्भाभिलेखको विशेषता

लुम्बिनीस्थित अशोकको शिलास्तम्भ अभिलेखका विभिन्न विशेषताहरू मध्ये स्वयं शिलास्तम्भमा नै "सिलाथभेच उसपापिते" "शिलास्तम्भपनि ठड्याए" भन्ने उल्लेख हुनु पनि एक विशेषता हो । अशोकका अभिलेखहरू शिलाभिलेख, लघुशिलाभिलेख, गुहाभिलेख, स्तम्भाभिलेख र लघु स्तम्भाभिलेख रूपमा विभाजन गरिन्छ । लुम्बिनीस्थित राजा देवानप्रिय प्रियदर्शी अशोकको शिलास्तम्भ अभिलेख लघु स्तम्भाभिलेख अन्तरगत पर्दछ ।

लुम्बिनीस्थित अशोकको शिलास्तम्भ लघु स्तम्भाभिलेख भन्नुको कारण यस शिलास्तम्भको उँचाई र गोलाई अरु शिलास्तम्भको तुलनामा कम भएकोले होइत, न त यस शिलास्तम्भको भौतिक स्तरमा न्यूनता भएर अथवा वास्तुकलाको स्तरमा निम्नस्तर भएर नै हो । यसको एक मात्र कारण हो, यस शिलास्तम्भमा एउटा मात्र विषयको अभिलेख हुनु । यस्तै नै एक मात्र अभिलेखको विषय भएका सारनाथ, साँची र निग्लिहवाका अशोकको शिंलास्तम्भहरूलाई पनि लघु शिलास्तम्भ अभिलेख नै भनेको छ । त्यस्तै लुम्बिनी र निग्लिहवास्थित अशोकको शिलास्तम्भको अभिलेखहरूलाई तराईका दुई स्तम्भ अभिलेखहरू पनि भन्ने गरिन्छ ।

अशोकका शिलास्तम्भहरू मध्ये दिल्ली-मेरठ, लौरिया-अरराज, लौरि-नन्दनगढ, रामपुरवा र प्रयाग-कौशम्बीका शिलास्तम्भहरूमा समान पाठका छःछःवटा अभिलखेहरू छन् र दिल्ली-टोपरा शिलास्तम्भमा एउटा अतिरिक्त अभिलेख सहित सातवटा अभिलेखहरू छन् । सांचीस्थित र सारनाथस्थित अभिलेखहरू मध्येमा सांचीको अभिलेख ११ हरफहरूको र सारनाथको अभिलेख ८ अरफहरूको छ । लुम्बिनीस्थित र निरिलहवास्थित अशोकको शिलास्तम्भको अभिलेखको विषय भिन्न भिन्न भएता पनि शैलीमा एउटै स्वरूप छ । अर्को कुरा, सबै लघु शिलास्तम्भहरूका ढुंगाको प्रकार, गोलाई, वास्तुकला र शिल्पमा मात्र समान विशेषता रहेको होइन, अभिलेखको लेखाई समेत उस्तै उस्तै छ ।

लघु शिलास्तम्भ अभिलखेहरू मध्येमा लुम्बिनीको शिलास्तम्भ अभिलेख एउटा मात्र पूर्णतः शब्द शब्द सम्म अक्षत अवस्थाको हुनु एउटा ठूलो सौभाग्यको कुरा हो । अरु सबै लघु शिलास्तम्भहरूका अभिलेखहरू पूरक पाठ ठम्याउन सक्ने रूपमा होस् अथवा अनुमान गर्नु पर्ने रूपमा होस् थोर बहुत अभिलेखको हरफहरूमा पापर उपकेको वा फुटेकोले खण्डित अवस्थाका छन् । दुर्भाग्यको कुरा बरु एउटै छ, लुम्बिनीको यो शिलास्तम्भ लौरियानन्दनगढ आदि ठाउँका अशोकको शिलास्तम्भको जस्तो टुप्पाको कमलाकार र अश्वमूर्ति अखण्डित रूपमा पाइएन । यसै कारण अशोकको लुम्बिनीस्थित शिलास्तम्भ मूलतः कति फीट लामो थियो भन्न असजिलो भएको देखिन्छ । अशोकको शिलास्तम्भ ७० फीट उँचो सम्म भएको कुरा ह्वेनसांगको यात्रा विवरणबाट ज्ञात हुन्छ, यद्यपि आजसम्म भेटिएका अशोकका शिलास्तम्भहरूमा भने सबै भन्दा उँचो ४४ फीट ९.५ इन्च लामो भएको शिलास्तम्भ हो । त्यो रामपुरवाको शिलास्तम्भ हो ।

अशोकको शिलास्तम्भको संख्या र ऐतिहासिक विवरण

अशोकले ८४,००० स्तूपहरू बनाएका थिए भन्ने वर्णन उपलब्ध भए जस्तै अशोकले जम्मा कतिवटा शिलास्तम्भहरू खडा गरिए भन्ने जान्नलाई प्रामाणिक श्रोत अहिले सम्म पाएको छैन । एकातिर फाहियान आदि यात्रुहरूका यात्रा विवरणमा उल्लेख भएका अशोकका शिलास्तम्भहरू मध्येमा अहिलेसम्म कटिपय शिलास्तम्भहरू भेटाउन सकेको छैन भने अर्कोतिर यस्ता यात्रा विवरणमा उल्लेखै नभएका ठाउँमा पनि अशोकका धेरै शिलास्तम्भहरू र शिलाभिलेखहरू भेटिएका छन् । अशोकको शिलास्तम्भको महत्व र विशेषतालाई मौर्य युगको लगतै पछि पनि स्वीकारेको छ । यसैकारण त्यस्तो शिलास्तम्भ खडा गरेर अभिलेख कुंदाउन नसकेता पनि शिलाफलक र शिला-शिल्पकलामा अशोकका शिलास्तम्भहरूका प्रतिकृतिहरू कुंदाएको थियो । सांची र भरहूतका शिलाद्वार र शिलाफलकमा मात्रै यस्ता अशोकका शिलास्तम्भहरूका प्रतिकृति ४० वटा पाएका छन् ।

फाहियानले ६ वटा अशोकका शिलास्तम्भहरू देखेको कुरा आफ्नो यात्रा वृत्तान्तमा उल्लेख गरेको छ । भगवान बुद्धबाट सर्वाधिक वर्षावास भएको श्रावस्ती जेतवन विहारको ढोकाको दुबैतिर अशोकका दुई शिलास्तम्भ फाहियानले देखेको थियो । एउटा शिलास्तम्भको टुप्पामा धर्मचक्र भए, अर्को शिलास्तम्भको टुप्पामा वृषभ थियो । तर यी दुबै अशोकस्तम्भ अहिले सम्म उत्खननमा पाएको छैन । फाहियानले अशोकको ५० फीट उँचो शिलास्तम्भ संकाश्यमा देख्नु भएको थियो र शिर्षभाग सिंहको मूर्तिबाट सुशोभित थियो । संकाश्यमा एउटा शिर्षभाग सहितको अशोकस्तम्भको अंश आज पनि सुरक्षित छ तर त्यसको शिर्षभागको मूर्ति भने सिंहको होइन, हात्तिको हो । फाहियानले कुशीनगरबाट वैशालीतिर लाग्दा ३० योजनको दूरीमा एउटा अभिलेख सहितको अशोकको शिलास्तम्भ देखेको थियो । यो शिलासम्म्भ लौरिया-अरराजको हुन

सक्ने अनुमान गरिन्छ । फाहियानले पाटलिपुत्रमा अशोकका दुईवटा शिलास्तम्भ देखेको थियो, जसमध्ये एउटाको उँचाई ३० र शिर्षभागमा सिंहको मूर्ति थियो । पटनाको उत्खननमा थुप्रै अशोकको शिलास्तम्भको जस्तो बलौटे ढुंगाका टुक्राहरू पाएका छन् र आजकल प्राचीन पाटलिपुत्र रूपमा संरक्षित संग्रहालयको पुरातात्त्विक उत्खनन क्षेत्रभित्र एउटा अशोकस्तम्भको टुक्रा सुरक्षित गरी राखेको छ । फाहियानको यात्रा वृतान्तमा सांची, सारनाथ, लुम्बिनी, निग्लिहवा र कोशम्बीको शिलास्तम्भ वा अभिलखबारेमा चर्चा गरिएको छैन । त्यस्तै दिल्ली-टोपरा, दिल्ली-मेरठ, लौरिया-नन्दन र रामपुरवाको अशोकको शिलास्तम्भबारेमा पनि फाहियान मौन छ । (दिल्ली) टोपराको ४२'७" लामो र रामपुरवाको ४४' ९.५" उँचो अशोकस्तम्भ उहाँले नदेख्नुको कारण उहाँ त्यस ठाउँमा नपुगेको अथवा त्यसबेला ती अशोकस्तम्भहरू नदेखिने स्थिति नै हुनु पर्दछ ।

ह्वेनसांगले अशोकका १५ वटा शिलास्तम्भहरूबारेमा उल्लेख गर्नु भएको छ । श्रावस्तीका दुबै अशोकस्तम्भहरू ह्वेनसांगले पनि देखेको थियो । यी दुबै ७० फीट उँचाइको थियो । तर अहिलेसम्म यति लामो अशोकस्तम्भ पाएको छैन । संकाश्यस्थित अशोकको शिलास्तम्भ चमकिलो थियो । ह्वेनसांगले फाहियानले जस्तै वैशालीको बाटोमा होइन, बरु बैशालीमा नै सिंह-शिर्ष भएको ५० फूट लामो अशोकको शिलास्तम्भको वर्णन गरेको छ । कनिंघमले बखरामा पाएको अभिलेख नभएको अशोकस्तम्भ यसलाई मान्नु भएको छ । पाटलिपुत्रस्थित अशोकका दुई वटा शिलास्तम्भहरूको पनि ह्वेवसांगले वर्णन गरेको छ । यस बाहेक ह्वेनसांगले कपिलवस्तु नजिक क्रकुच्छन्द बुद्धको र कपिलवस्तुको पूर्वतिर कनकमुनि बुद्धको शिलास्तम्भ भएको वर्णन गरेको छ । दुबै अशोकस्तम्भहरूको शिर्षभागमा सिंहको मूर्ति थियो भने पहिलो स्तम्भ ३० फूट उँचाईको अर्को २० फूट उँच्चाइ थियो । स्तम्भहरूको अभिलेखको विषय क्रकुछन्द र कनकमुनि बुद्धको

महापरिनिर्वाण थियो । तर निग्लिहवामा पाएको अशोकस्तम्भको अभिलेखको विषय कोनाकमन (कनकमुनि) बुद्धको स्तूपको 'दुतियंवढिते' (पहिले रहेको भन्दा डब्बल ठूलो आकारको अथवा पुनः निर्माण) स्तम्भ हो । लुम्बिनीस्थित अशोकको शिलास्तम्भबारेको ह्वेनसांगको वर्णन माथि धेरै चर्चा भइसकेको छ । ह्वेनसांगले कुशीनगरमा दुईवटा अशोकको शिलास्तम्भ देखेको थियो । एउटा अभिलेखको विषय बुद्धको निर्वाण कथा भए अर्को अभिलेखको विषय अस्थिधातु विभाजनको कथा थियो । तर दुःखको कुरा हो, यी दुबै अशोकका शिलास्तम्भहरू अहिले सम्मको उत्खननमा पाउन सकेको छैन । ह्वेनसांगले सारनाथमा अशोकको ३ वटा शिलास्तम्भ देखेको थियो । ती तीनवटा मध्ये धर्मचक्र प्रवर्तन स्थानमा रहेको शिलास्तम्भ ७० फूट उँचो थियो । एउटा शिलास्तम्भको टुप्पामा सिंहको मूर्ति थियो । सारनाथको उत्खननमा पाएको चतुर्मुखीसिंह एशियाको प्रस्तर कलाकौशलको एक अद्वितीय नमूना मानिन्छ । पुरानो मूलगन्थ कुटीको भग्नावशेष सामुनेको अशोकस्तम्भको विषय भने संघ शुद्धि सम्बन्धी छ । ह्वेनसांगले देखेको हात्तिको मूर्ति सहितको ५० फूट उँचो अशोकस्तम्भ पनि अहिले सम्म भूमिगत नै छ । सारनाथको बाटोमा भएको ऐना जस्तो चम्किलो अशोकस्तम्भलाई भी.ए. स्मीथले बनारसको लाटसँग तुलना गर्नु भएको छ र यसलाई ईसवी १९०८ मा विनाश गरिदियो । दिल्ली-टोपरा, दिल्ली-मेरठ, प्रयाग-कोशम्बी, लौडिया-अरराज, लोटिया-नन्दन र रामपुरवाका अशोकको शिलास्तम्भहरू बारेमा ह्वेनसांगको यात्रा विवरण मौन छ ।

अशोकका शिलास्तम्भहरूको गणना गर्दा अभिलेख नभएका पूरा रूपमा विद्यमान वैशालीको शिलास्तम्भ र खण्डित रूपमा भएका पाटलिपुत्र, तथा गोटिहवाको शिलास्तम्भलाई छुट्याउने गरेको देखिन्छ । यतिमात्र होइन, अशोकको अभिलेख भएका अशोकको शिलास्तम्भहरूलाई उनद्वारा निर्माण र स्थापित गरेको नकारने

दृष्टिहरू पनि छन् । अशोकको शिलास्तम्भहरू जस्तै देखिने तर कुनै अभिलेख नभएको खडा अवस्थाका शिलास्तम्भहरू भएकोले अशोकले आफ्ना पूर्वजहरूले खडा गरेका शिलास्तम्भहरूमा आफ्नो अभिलेख कुंदन लगाउनु सम्भावना देखाउने गर्दछ । अर्को कुरा अशोकले जहाँ जहाँ शिलास्तम्भ र शिलापट उपलब्ध छन्, त्यहाँ त्यहाँ धर्म चिरस्थायीका लागि अभिलेख लेख्ने प्रेरणा दिएको अशोकको आफ्नै अभिलेखको प्रमाण पनि दिने गर्दछ । साथै लुम्बिनी र निग्लिहवास्थित अशोकको शिलास्तम्भमा जस्तै "सिलाथभेच उसयापिते" भन्ने स्पष्ट उल्लेख अरु शिलास्तम्भहरूमा छैनन् भने जिकिर गर्दछ तर, यी तर्कहरू अशोकको शान्ति र अहिंसाको धर्म सन्देश नजरन्दाज गर्ने अथवा "देवानीप्रिय इति च मूर्ख" अर्थ्याउनेहरूको शुष्क तर्कमात्र हुन् । किनभने अशोकका पूर्वज मौर्य राजा चन्द्रगुप्त र विन्दुसारको कुनै शिलास्तम्भ अभिलेख प्राप्त भएको छैन । चन्द्रगुप्त विजिगिषु कार्यमा व्यस्त भए बिन्दुसार नवस्थापित साम्राज्यको व्यवस्थामा संलग्न थिए । अर्को कुरा अशोक पछि पनि कुनै राजाले यस्तो शिलास्तम्भ बनाएको प्रमाण छैन । अझ भनौ भने लाजै मर्ने कुरा हो, समुद्रगुप्त जस्ता राजाले आफ्ना प्रसिद्ध प्रशस्ति समेत (अशोककै अभिलेख भएको कौसम्बीबाट ल्याएर प्रयासमा पुनः स्थापित गरेको) अशोकेको प्रयाग-कौशम्बी शिलास्तम्भ अभिलेखहरूका हरफ हरफका बीचमा अथवा अशोकको अभिलेखलाई उपकाएर मेटिएको ठाउँमा कुंदाएको छ । समुद्रगुप्त पछि जहाँगीर र अकबर जस्ता जहाँपनाहहरूले पनि अशोकको अभिलेख भएको शिलास्तम्भमा नै आ-आफ्ना अभिलेख कुंदन लगाए । यहाँ सम्म कि प्रयागका चन्दा दाताहरूको नाउँ प्रयागका पुरोहितहरूले अशोकस्तम्भमा खोप्न दिएर पैसा कमाए । तेश्रो कुरो हो, लुम्बिनी र निग्लिहवामा "सिलाथभेच उसपापिते" (शिलास्तम्भ पनि स्थापित गरे) भन्ने स्पष्ट लेखाउनु पर्ने कारण । लुम्बिनीमा "षिलाविगडभीचा कालापित" गरेको र निग्लिहवामा "थुबे दुतियंवढिते" गरेको हुनाले कितानका साथ यो पनि गरें त्यो पनि गरें

भन्ने भाव स्पष्ट पार्न "सिलाथभेच उसपापिते" भन्ने उल्लेख गर्नु परेको हो । यो इतिहास कै लागि ठूलो शौभाग्यको कुरा हो "सिलाथभेच उसपापिते" "शिलास्तम्भ पनि ठड्याएँ" भन्ने अभिलेख पाएकोले लुम्बिनी र निग्लिहवास्थित अशोकको शिलास्तम्भ अभिलेख अशोकद्वारा स्थापित शिलास्तम्भ हो होइन भन्ने विवादमा पर्नु परेन ।

अशोकस्तम्भको ढुंगा, ढुंगाको कालिगढी र पालिश

अशोकका शिलास्तम्भहरू चुनार बलौटे ढुंगा (Sandstone) बाट बनेका हुन् । अशोकस्तम्भ रहेको स्थानको दृष्टिबाट यस्ता ढुंगा पाउने नजिकको ठाउँ मिर्जापुर, इलाहाबाद हो । ७० फूट वा ५० फूट लामो शिलास्तम्भ बनाउन बलौटे चून ढुंगाको कतिको ठूलठूला पहाडका ढुंगा चाहियो होला अनुमान गर्न सकिन्छ । ठूलठूला पहाड़लाई काटेर अनि गोलाकार दिन ठूलो कुशलतापूर्ण कालिगढी चाहिन्छ । अशोकको शिलास्तम्भमा कतै कहीं खोटो खाल्टो नभएको गोलाकार, अनि प्रतिफूट एक चौथाइ इञ्च टुप्पोतिर सानो ब्यास हुदै जाने शिलास्तम्भ निर्माणमा ग्रीक रोमन कालिगढीको पनि योगदान हुनु स्वाभाविक छ । हजारौं वर्षको हुरि बताश घाम पानिमा निश्चल रूपमा उभिएर पनि पालिश कायम रहने विशिष्टता आजको शिल्प कुशलतालाई पनि चुनौति हो । शूक्ष्मदर्शक यन्त्रको परीक्षणबाट सिद्ध भएको छ, यस पालिशमा कुनै प्रकारको वार्निशको प्रयोग छैन । यो मात्र घर्षणबाट निर्मित भएको तलक हो भन्ने अनुमान गरिन्छ ।

अशोकका शिलास्तम्भहरूको अभिलेख लेखौट शिलालेख र गुहालेखहरूका अभिलेख भन्दा राम्रो छ । सारनाथ, सांची, लुम्बिनी र निग्लिहवाका अभिलेखहरूको लेखौट एउटै हाथको जस्तो देखिन्छ । यस उसले गर्दा यस्तो पनि अनुमान गर्दछ सबै अभिलेखहरू पहिला पाटलिपुत्तमा लेख्ने कुंदने गराउँछ । अनि स्थापित गर्ने ठाउँमा पुऱ्याइन्छ । तर यसो गर्दा सम्पूर्ण श्रम दोहरो हुन्छ । यो सम्भव

जस्तो देखिन्दैन । बरु बलौटे चूना ढुंगा उपलब्ध हुने ठाउँमा नै गोलाकार रूप दिने पालिश गर्नेकाम सहज सम्भव छ । अभिलेख पनि शायद त्यहीं कुँदाउने गरिन्थ्यो होला ।

अशोकको शिलास्तम्भ निर्माणको श्रम र कुशलताको अनुमान गर्न मजबूत श्रोत उपलब्ध छैन । तर ढुवानीमा लाग्ने श्रम बारेमा विचार गर्न हामीलाई केही आधार जरुर उपलब्ध छ ।

अशोकको शिलास्तम्भमा अशोकको श्रद्धा-श्रम

अशोकेको शिलास्तम्भको तौलको बारेमा भारतीय पुरातत्त्वका प्रतिष्ठाता कनिंघमले ५० फूट उँचाइ र ५० इञ्च गोलाइको एउटा शिलास्तम्भको तौल ५० टन हुने कुरा लेख्नु भएको छ । यस हिसाबबाट लुम्बिनीस्थित अशोकको शिलास्तम्भको तौल ३० टन जति हुनु पर्ने देखिन्छ । तर इन्जिनियर श्री स्वयम्भूरत्न तुलाधरको अनुमान अनुसार लुम्बिनीस्थित अशोकको शिलास्तम्भ ३०'१४" उँचाईको र तौल ३७ टनको छ । साथै अशोककालीन भूमि सतह आजभन्दा ६ फुट मुनि हुनु पर्दछ ।

लुम्बिनीस्थित अशोकको शिलालेख र शिलास्तम्भको महत्त्व स्वयं स्पष्ट छ । तर गहिएर विचार गरेको खण्डमा यो शिलालेख लुम्बिनीसम्म पुऱ्याउन धेरै नै श्रम, श्रद्धा र कुशल व्यवस्थापन चाहेको कुरा स्पष्ट हुन्छ । टोपरामा स्थापित गरिराखेको अशोकको शिलास्तम्भ ४२ फूट ७ इञ्च लामो छ । दिल्लीको सुल्तान फिरोजशाह तुगलक (१३५१-८८ ईसवी) ले यस अशोकस्तम्भ कुंदिराखेको अभिलेख अर्थ्याउन सके अपार सम्पदा श्रोत भेटिने आशयबाट दिल्ली ल्याइएको मानिन्छ । ९० कोस जति टाढाको टोपराबाट दिल्लीसम्म ल्याउन ४० पांग्राभएको विशेष गाडा बनाउन लगायो । हरेक पांग्रामा एक एक वटा डोरी र हरेक डोरी तान्न २०० जना मानिसहरू लगाए । यसरी ८००० (४० X २००)

मानिसहरूको श्रमबाट गाडा तानेर अशोकस्तम्भ जमुना नदीसम्म पुऱ्यायो । अनि विशेष डुंगामा राखेर दिल्लीसम्म पुऱ्याइयो । फेरी गाडाबाट ल्याइकन दिल्ली गेटको तिनतले कोटलामा ठड्यायो । यस हिसावबाट विचार गर्ने हो भने मिर्जापुर देखि लुम्बिनीको शालवन सम्म अशोकको यो शिलास्तम्भ पुऱ्याउन विशेष गाडामा राखेर कमसेकम ५००० जति मानिसहरूले तानेर ल्याउनु पऱ्यो होला । यो साधारण श्रम, श्रद्धा र व्यवस्था-कुशलताको परिचायक होइन ।

लुम्बिनीस्थित अशोकको शिलास्तम्भ अभिलेख उद्देश्य

अशोकको सम्पूर्ण अभिलेखहरूको उद्देश्य धर्मको चिरस्थायी हो । रूपनाथ (मध्यप्रदेश, जबलपुर) स्थित लघुशिला अभिलेखको पाँचौ हरफमा " ... सिलाठभे सिलाठभसि लाखापेतवय" अर्थात् "जहाँ शिलास्तम्भ छ त्यहाँ शिलास्तम्भमा अभिलेख लेखाउनु" भनिएको छ । त्यस्तै सहसराम (विहार राज्य, शाहाबाद) स्थित शिला अभिलेखको आठौ र अन्तिम हरफ हो, " ... हेता सिलाथंभा तत पि लिखापयाथाति" अर्थात् "मेरो राज्यमा जहाँ सम्म शिलास्तम्भ बनेको छ त्यहाँ सम्म शिलास्तम्भ अभिलेख लेखाऊ ।"

अशोकले शिलास्तम्भ खडा गरेर अझ शिलास्तम्भमा नै अर्को अर्को पनि शिलास्तम्भहरू खडा गरेर धर्म अभिलेख लेख्न प्रेरणा दिएको छ । दिल्ली-टोपराको शिलास्तम्भको सातौ अभिलेखको ३२ औं र अन्तिम हरफमा कुंदिएको छ, "धंमलिबि अत अथि सिलाथंभानि वा सिलाफलकानि वा सिलाफलकानि वा तत कटविया एनएस चिलठितिके सिया" अर्थात् "शिलास्तम्भ र शिलाफलक तयार भएका ठाउँहरूमा धर्मलिपि (धर्म अभिलेख) लेखाउनु, जसबाट धर्म चिरस्थायी हुन मदद हुनेछ ।" निग्लिहवा स्थित देवानंप्रिय प्रियतिष्यको शिलास्तम्भको अभिलेखको चौठो र अन्तिम हरफका शुरुका केही अक्षरहरू फुटी सकेको छ । तापनि "

··· पापिते" अभिलेख भएबाट लुम्बिनी कै शिलालेखको "सिलाथभेच उसपापिते" अभिलेख यसका लागि पूरक आधार बनेको छ ।

लुम्बिनीस्थित अशोकको शिलास्तम्भको ५ हरफका अभिलेखमा तेश्रो हरफको पुच्छारको अभिलेख हो, "सिलाथभेच उसपापिते" । यसको अर्थ हो, शिलास्तम्भ पनि खडा गरियो । अभिलेखमा कुनै विराम चिन्ह नभएकोले र ५ हरफको अभिलेखको तेश्रो वा बीचको हरफमा यो "सिलाथभेच उसपापिते" अभिलेख भएकोले यसलाई अगाडीका कुरामा अथवा पछिका कुरामा जता पनि हेतु, तत्व वा विशेषण रूपमा अर्थ्याए पनि अर्थ्याउन सकिन्छ । भी.ए.स्मीथज्यूले बुद्ध जन्मनु भएकोले यहाँ एउटा घोडाको मूर्ति र एउटा शिलास्तम्भ खडा गरे भनेर अभिलेखको पूर्वांशसँग अर्थ गाभेको छ । बूलरको विचारमा सूर्यप्रतीक ढुंगा र शिलास्तम्भ खडा गरेको हो । जनार्दन भट्टज्यूको अर्थ्याई हो, यहाँ शाक्यमुनि बुद्ध जन्म भएको थियो, त्यसै कारण यहाँ प्रस्तरको प्राचीर र प्रस्तर स्तम्भ स्थापित गरियो । अरु अर्थ्याईमा शाक्यमुनि बुद्ध जन्मनु भएकोले अशोक आफ्नो २० औं राज्याभिषेक पछि यहाँ स्वयं आइकन पूजा गरेको देखाएको छ । अर्को दृष्टिमा शाक्यमुनि बुद्ध जन्मनु भएकोले यहाँ देवानप्रिय प्रियदर्शी राजा आफै आई दण्डवत गरे अनि जन्मस्थलमा एउटा चिन्ह ढुंगा राखेर एउटा शिलास्तम्भ पनि खडा गरे । भगवं जन्मनु भएकोले लुम्बिनीमा बलि हिंसा निशेध गरे । अष्टांग मार्गको (अनुकरण गरी) (बुद्ध शासनको) भागीय पनि (बन्न भने प्रेरणा दिए) ।

लुम्बिनीस्थित अशोकको शिलास्तम्भाभिलेखको "हिदभगवंजातेति लुंमिनिगामे" : एक अध्ययन

लुम्बिनीस्थित अशोकशिलास्तम्भमा "हिदभगवं जातेति लुंमिनिगामे" अर्थात् यहाँ "भगवं जन्मनु भएको हुनाले लुंमिनि ग्राममा" भन्ने कुरा कुँदिएको छ । त्यस भन्दा अगाडी त्यहाँ शाक्यमुनि बुद्ध जन्मनु भएकोले अशोकले साष्टांग प्रणाम गरेको कुरा आइसकेको छ । लुम्बिनी शब्दबाट अब सबै धर्मावलम्बी र बौद्धहरू परिचित छन् । परन्तु लुम्बिनीको अर्थ भने अहिलेसम्म स्पष्ट रूपमा ठम्याउन सकेको छैन । त्यस्तै लुम्बिनी शब्दको ऐतिहासिक विश्लेषण हुनु पनि बाँकी नै छ । अत: यस रचनामा "भगवं" र "लुम्बिनी" बारेमा केही विचार गर्ने प्रयास गरिन्छ ।

बुद्धवचनको मूलभूत कुराको प्राचीन संकलन 'तिपिटक' हो र यस अन्तर्गतका 'सुत्तपिटकको' खुद्दकनिकायमा पन्ध्रवटा पुस्तकहरू छन् । यी पन्ध्रवटा पुस्तकहरूको क्रममा सुत्तनिपात 'खुद्दकनिकायको' पाँचौ ग्रन्थ हो । सुत्तनिपात भाषा, भाव र शैलीको दृष्टिकोणबाट एक प्राचीन ग्रन्थ मानिएको छ । यसको भाषा र छन्द पनि प्राचीन भाषा र छन्दसंग सन्निकट मानिन्छ ।

विद्वानहरूले सुत्तनिपातका सूत्रहरू वैराट *(भ्राब्रु)* स्थित अशोकको अभिलेखको "धम्मपलियाय" धर्मपरियाय अन्तर्गत सम्बन्ध गरी देखाएको छ । अशोकको अभिलेखमा उल्लेख गरिएका सात धर्म-परियायहरुमध्ये एक धर्मपरियाय मुनिगाथा भएको कुरा विद्वानहरूले मानेका छन् । यसरी अशोकको अभिलेखसँग सम्बन्धित

सुत्त निपातको नै 'नालकसुत्त' मा पनि आएको छ । यस नालकसुत्तमा लुम्बिनीमा शाक्य जनपदको गाउँ पनि भएको कुरा चौथो गाथामा सुरक्षित छ :-

"सो बोधिसत्तो रतनवरो अतुल्यो,
मनुस्सलोके हितसुखताय जातो ।
सक्यानं गामे जनपदे लुम्बिनेय्ये,
तेनह्म तुट्ठा अतिरिव कल्यरूपा[1] ॥"

प्राणीहरूको हित र सुखको निम्ति मनुष्यलोकमा शाक्य जनपदको लुम्बिनी ग्राममा उनी अतुल्य रत्नवर हुनु भएका बोधिसत्त्व जन्मनुभयो । यसकारण हामी साह्रै नै सन्तुष्ट र प्रसन्न छौं ।

लुम्बिनीस्थित अशोक स्तम्भमा लुम्बिनी नाउँ "लुंमिनि" रूपमा कुँदिएको छ र साथै "गामे" अर्थात् गाउँमा शब्दपनि सँगै कुँदिएको छ । बुद्धचरितमा भने "लुम्बनी" शब्द पनि उल्लेख गरिएको छ । बुद्धचरितको पहिलो सर्ग "भगवत्प्रसूतिः" को छैठौं श्लोक हो :-

सा लुम्बनीनाम्नि वने मनोज्ञे ध्यानप्रदे देववनादनूने ।
वासेच्छ्या प्राह पतिं प्रतीता सत्त्वानिभं दोहदमामनन्ति ॥[2]

विश्वास गर्ने उनी रानी मनोहर ध्यानप्रद र देववन *(नन्दन वन)* भन्दा कम नहुने "लुम्बनी" नाउँको वनमा निवास गर्ने इच्छा भएर पतिसँग प्रार्थना गरिन् । गर्भ अनुसार नै दोहद *(गर्भकालीन इच्छा)* हुन्छ भन्ने मानिन्छ ।

---

१ सुत्तपिटके खुद्दकपाठ सुत्तनिपात, पालि सिरी नव नालन्दा प्रकाशन पृष्ठ ३७५ ।

२ बुद्धचरित - व्याख्याकार महन्त श्री रामचन्द्रदास शास्त्री, चौखम्बा विद्या-भवन, वाराणसी – १, १९७२, पृष्ठ २ ।

ललितविस्तरमा लुम्बिनीको उल्लेख धेरै ठाउँमा आएको छ। ललितविस्तर अनुसार बोधिसत्त्वकै तेज प्रतापबाट बोधिसत्त्वको जन्मको मूर्हुत् जानिकन महामायाले रातको प्रथम प्रहरमा शुद्धोदनकहाँ गईकन भन्नु भयो :-

देव श्रृणु हि महचं भाषतो यं मतं मे
अचिर चिरचिरेणा जात उद्यान बुद्धिः।
यदि च तव न रोषो नैव दोषो न मोहः
क्षिप्रमहु व्रजेया क्रीडउद्यानभूमिं ॥[1]

हे देव, मलाई जुन प्रसन्नता छ त्यो कुरा मबाट चाँडै सुन्नुहोस्। अतिचिरकालपछि उद्यान जान मन लागेको छ। यदि हजूरलाई रोष छैन, द्वेष छैन, मोह छैन भने म चाँडै क्रीडोद्यान भूमि जान्छु।

द्रुमवर प्रतिबुद्धाः फुल्लिता शालवृक्षाः।
युक्त भविय देवा गन्तुमुद्यानभूमिं ॥[1]

बृक्षहरूमा श्रेष्ठ शालवृक्ष फूल फुलिरहेछ मानौं त्यो सुतेर भर्खरै जागेको हो। त्यस उद्यान भूमिमा जान ठीक होला।

ऋतु प्रवर वसन्तो योषितां मण्डनीयो
भ्रमखरविघुष्टाः कोकिलबर्हिगीताः।
शुचिरुचिरविचित्रा भ्राम्यते पुष्परेणुः
साधु ददहि आज्ञां गच्छमो मा विलम्बः ॥[1]

आईमाईहरूलाई सुन्दरता प्रदान गर्ने श्रेष्ठ ऋतु वसन्त ऋतु हो। त्यस ऋतुमा भमराहरू राम्ररी भुन भुनाईरहेका छन्। कोइली र मयूरहरू गाइरहेका नाचीरहेका छन्। पवित्र, सुन्दर र रंग बिरंगी फूलहरूको पराग उडीरहेछ। देव, त्यस उद्यानमा घुम्नकोलागि अबेर नगरी चाडै आज्ञा भए हामी घुम्न जान्छौं।

---

१ ललितवस्तिर, अनु.शान्तिभिक्षु शास्त्री, उत्तर प्रदेश हिन्दी संस्थान, १९९२, पृ. १७३

महामायाको यो वचन सुनी राजा शुद्धोदनले भन्नुभयो :-

हयगजरथपंक्त्या वाहना योजयध्वं ।
प्रवरगुणसमृद्धां लुम्बिनीं मण्डयध्वं ॥[1]

घोडा र हात्तीसँगै रथहरूसँगै अर्थात् घोडाको सेना, हात्तीको सेना र रथको सेनासँगै पैदल गाडीहरू तयार गरिकन श्रेष्ठगुणबाट समृद्ध लुम्बिनीलाई मण्डित गर ।[1]

यसरी महामायादेवीलाई लुम्बिनी वन जानको लागि राजा शुद्धोदनबाट वचन पाएपछि लुम्बिनीलाई नन्दनवन जस्तै सिंगारियो र लुम्बिनीको निमित्त महामायादेवी प्रस्थान गरिन् । त्यसबेला देवताहरूले समेत जगतमा श्रेष्ठ पुरुष जन्मिनेछ भनिकन फूल वर्षाए । यसरी लुम्बिनी वन सुगन्धित भयो र सुगन्धित जलबाट सिंचित गरियो । मायादेवी लुम्बिनी वनमा प्रवेश गरिकन रूखको बीचबीचबाट घुमफीर गरिरहेको बेला उनी प्लक्षवृक्षको नजिक पुग्नु भयो । बोधिसत्त्वको तेजबलबाट प्लक्षवृक्ष प्रणाम गर्न झुक्नथाल्यो । आकाशमुनि देखिने बिजुलीजस्तै झट्टै दायाँ हात पसारिकन मायादेवीले प्लक्षको शाखा समाउनु भयो । लीलासँगै पृथ्वीतिर हेर्दै अडेस लिने जस्तै खडा हुनु भयो । बोधिसत्त्व आमाको कोखबाट निर्लिप्त भइ स्मृतिवान र जागरुक भएर निस्कनुभयो । इन्द्र, शक्र र सहंपत्ति ब्रह्माले काशीमा बनिएको दिव्य रेशमको वस्त्र ओढाइकन बोधिसत्त्वलाई ग्रहण गर्नु भयो । ललितविस्तरको यस वर्णनबाट प्रष्ट हुन्छ ललितविस्तरले पनि लुम्बिनीलाई वनको रूपमा नै वर्णन गरिएको छ ।

जातक अट्ठकथा अनुसार महामायादेवीले आफ्नो माइती देवदहनगर जाने इच्छा राजामा बिन्ति गरेकी थिइन् । यसरी

---

१ ललितविस्तर, अनु. शान्तिभिक्षु शास्त्री, उत्त प्रदेश हिन्दी संस्थान, १९९२, पृ. १७३-१७४ ।

स्वइच्छाबाट राजाको आज्ञा लिईकन महामायादेवी माइती जानलाग्दा राजा शुद्धोदनले कपिलवस्तु देखि देवदहनगर सम्मको बाटो पूर्णघट, ध्वजापताका र केराको बोटबाट सिंगारिकन सुवर्णपालिका *(सोवण्णसिविकाय)* बसालिकन हजारौं अमात्यहरू सहित ठूलो परिषद्कासाथ विदाई गरे । यसपछि जातक अट्ठकथा वर्णन गर्दछ, "द्विन्नं पन नगरानं अन्तरे उभयनगरवासीनम्पि लुम्बिनीवनं नाम मंगलसालवन अत्थि । तस्मिं समये मूलतो पट्ठाय याव अग्गरसाखा सब्बं एकफालिफुल्लं अहोसि । साखन्तरेहि चेव पुप्फन्तरेहि च पञ्च-वण्णभमरगणा नानप्पकारा च सकुनसंघा मधुरस्सरेन विकूजन्ता विचरन्ति । सकलं लुम्बिनीवनं चित्तलतावनसदिसं महानुभावस्स रञ्ञो सुसज्जित आपणमण्डलं विय अहोसि ।

देवीया तं दिस्वा सालवनकीलं कीलितुकामता उदपादि । अमच्चा देविं गहेत्वा सालवनं पविसिंसु । सा मंगलसालमूलं गंत्वा सालसाखायं गण्हितुकामा अहोसि । सालसाखा सुसेदितवेत्तग्गं विय ओनमित्वा देविया हत्थपथं उपगच्छि । सा हत्थं पसारेत्वा साखं अग्गहेसि । तावदेव चस्सा कम्मजवाता चलिंसु । अथस्सा साणिं परिक्खिपित्वा महाजनो परिक्कमि । सालसाखं गहेत्वा तिट्ठमानाय एवं चस्सा उब्भउट्ठानं अहोसि । नं खणं येवं चत्तारोपि सुद्धचित्ता महाब्रह्मानो सुवण्णजालं आदाय सम्पत्ता तेन सुवण्णजालेन बोधिसत्तं सम्पटिच्छित्वा मातुपुरतो ठपेत्त्वा "अत्तमना देवि ! होहि महेसक्को ते पुत्तो उप्पन्नो" ति आहंसु ।[1]

दुवै नगरको बीचमा दुवै नगरवासीहरूको लुम्बिनी वन भने एक मंगल शालवन थियो । त्यस समय *(त्यो वन)* फेददेखि लिएर टुप्पासम्मका संपूर्ण शाखा प्रशाखामा लटरम्म फूल फुलेका थिए । शाखाहरू र फूलहरूको बीचबाट पाँच रंगका भ्रमरहरू, नाना

१ त्रिपिटकाचार्य भिक्षु धर्मरक्षितद्वारा संपादित जातकअट्ठकथा (पठमो भागो, भारतीय ज्ञानपीठ, काशी १९५१, पृष्ठ ४१)

प्रकारका पंक्षीहरू मधूर स्वर गरीकन गीत गाउँदै उडिरहेका थिए। सारा लुम्बिनी वन चित्रलतावन जस्तै प्रतापी राजाको सुसज्जित बजार जस्तो थियो। त्यो देखी देवीको मनमा शालवनमा क्रीडा गर्ने इच्छा उत्पन्न भयो। अनि अमात्यहरूले देवीको सवारि शालवनमा चलाए।

देवीले सुन्दर शालमुनि गई शालवृक्षको शाखा समाउन चाहेकी थिइन्। शालवृक्ष शाखा *(आफै)* राम्रै सिद्ध गरिएको वेतको लठिको टुप्पा जस्तै निहुरेर देवीको हातको नजीकै आयो। अनि देवीले हात पसारेर शाल शाखा समाइन्। उसैबेला कर्मजवायू अर्थात् प्रसववायु चल्यो। पर्दा घेरेर मानिसहरू आफै अलग भएर गए। शालवृक्षको शाखा समाइकन उभिंदाउभिंदै तिनलाई "गर्भ उत्थान" भयो। त्यसबेला शुद्धचित्त भएका चारै महाब्रह्माहरूले सुनको जाल लिई नजीक गइकन त्यस जालमा बोधिसत्त्वलाई ग्रहण गरेर आमाको सामुन्ने राखीकन भने – "देवी, सन्तुष्ट हुनुहोस्। तपाईलाई महाप्रतापी पुत्र उत्पन्न भएको छ।"

पालि त्रिपिटकमा मज्झिमनिकायको देवदहसुत्तमा पनि लुम्बिनीको प्रसंग आएको छ। त्यहाँ "भगवा तं निगमं लुम्बिनीवने विहरति" भनिएको छ। त्यसको अर्थ भगवान बुद्ध त्यस *(देवदह)* निगमको सहारामा लुम्बिनीमा वस्नु भएको थियो। देवदहसुत्तको यस प्रसंगबाट लुम्बिनी बुद्ध जन्मेकै प्रसंगबाट मात्रै सम्बद्ध भएको होइन, अपितु बुद्धको यहाँ बसाइ समेत भएको कुरा पनि प्रमाणित हुन्छ।

"महावस्तु अवदान" मा प्रभूतपुण्य भएकी आमा बन्ने महामाया आफ्नो गर्भ दश महीना पूर्ण हुँदा लुम्बिनीवन जान चाहेकी र तदनुसार लुम्बिनीवनमा क्रीडार्थ जान्दै प्लाक्ष शाखा समाउँदै

दक्षिण पार्श्ववाट मुनि जन्माउनु भएको वर्णन गरिएको छ ।[1]

यसरी लुम्बिनीलाई प्राचीन कालदेखि वनको रूपमा र गाउँको रूपमा वर्णन गरिएको पाइन्छ । पालि र संस्कृत भाषाका बुद्धजीवनीको वर्णन अथवा काव्य प्रसंगमा वनको रूपमा वर्णन गरिएको छ भने सुत्तनिपात अशोकको शिलास्तम्भ अभिलेखमा गाउँको रूपमा वर्णन गरिएको छ । यसबाट के संकेत हुन्छ भन्ने लुम्बिनी शाल वृक्षको एक उल्लेखनीय वन थियो र यहाँ नजिकै वसोवास गर्न योग्य गाउँ पनि थियो । यसै कारण महामाया आफ्नो माइती जान लागेको वेलाको सिद्धार्थ जन्म प्रसंगमा "वन" र "उद्यान" रूपमा लुम्बिनीको सम्झना गर्दा लुम्बिनी गाउँको याद गरिएको हो । सिद्धार्थको जन्मस्थल शालवृक्षको वन लुम्बिनी तथागतको महापरिनिर्वाणपछि संवेजनीय पुण्य *(तीर्थ)* स्थल रूपमा प्रख्यात भयो र यहाँको गाउँको विकास पनि विस्तारै हुँदै गयो । लुम्बिनीमा अहिले शाहीसेना बसि रहेको वा लुम्बिनीको सबैभन्दा पुरानो धर्मशाला नजिकैको पुरातात्त्विक उत्खनन् गर्दा यहाँ मौर्यकालदेखि गाउँ भएको कुरा प्रमाणित भएको छ । बुद्धकालीन समयमा प्रत्येक राज्यमा वन र उद्यान रहने किसिमको कपिलवस्तु र देवदहको मध्यवर्ती कानन शालवन क्रमशः पातलो हुँदै गयो । केही शताब्दी लुम्बिनीको ऐतिहासिक महत्त्व र सांस्कृतिक सौरभ जन-मानसबाट उपेक्षित भइसकेपछि पुनः "लुम्बिनी" को महत्त्व प्रकाशमा आउँदा सम्म १२/१३ किलोमिटर उत्तरतिर शालवन टाढा पुगिसकेको थियो ।

लुम्बिनी फाहियानको शब्दमा लुगमिग हो ।[2] राजमहिषी

---

१ महावस्तुअवदानं (प्रथम खण्डः), डा. एस्. वागची (Dr. S. Bagchi), मिथिला विद्यापीठ, १९७०, पृ. ११०-११२

२ विजय श्रीवास्तव एम. ए – कपिलवस्तु लुम्बिनी – दिग्दर्शन, वाराणसी १९७०, पृ. ५३

पोखरीमा स्नान गरी त्यसको उत्तरी द्वारबाट बाहिर निस्कि बीस पाइला उत्तरतिर लागिकन शालवृक्षको शाखा समाइकन उभिनु हुँदा राजकुमारको जन्म भयो । तर वीलको अनुदित पुस्तकमा यो लुगमिग शब्दको उल्लेख भएको देखिंदैन । बरु वीलज्यूले आफ्नो ह्वेनसांगको पात्रा विवरणको अनुवादमा लुम्बिनीको लागि "लवणी-ल-फ-नि" शब्दको चर्चा गर्नु भएको छ। पादटिप्पणीमा भनिएको :-

The name Lumbini is said to have been derived from that of the wife of Suprabuddha; his daughter was Maya, the mother of Buddha. The Chinese equivalent in the text La-fa-ni, may possibly be connected with the Sanskrit lavana, saline; but Lavani is a feminine personal name.[१]

ल-फ-नि, लवणी, लावणीबाट लुम्बिनी शब्द बनेको भन्ने तर्क, देवदहको राजा सुप्रबुद्धकी रानीकी लुम्बिनी नाउँबाट बनेको उद्यानको नाउँ भएर लुम्बिनी वन कहलाइएको भन्ने विचार अथवा एक अन्य कथा प्रसंग अनुसार सुप्रबुद्धको सेनापतिकी पत्नीको नाउँ लुम्बिनी भएको उल्लेखबाट[२] मलाई लाग्छ विचारको लागि श्रोत मात्र हुन् अन्तिम निष्कर्ष होइन । लकहितले (Rock hill) आफ्नो "बुद्धजीवनी" (The life of the Buddha) मा अर्को चिनीया शब्द Loungmi-ni, Lan-pi-ni उल्लेख गर्नु भएको छ।

लुम्बिनी शब्दको व्युत्पत्ति बारेमा "लुम्बिनी मालेज्या व व्युत्पत्ति – विचार" भन्ने रचनामा बेग्लै किसिमको विचार प्रस्तुत

---

१ Buddhist record of the western World. S.Beal, Delhi 1981, VI p. 23.

२ विजय श्रीवास्तव, कपिलवस्तु –लुम्बिनी-दिग्दर्शन- वाराणसी १९७०, पृ. ४९ Sri K. D. Bajpai, M. A, Curator, Archacological museum Mathura, Buddhist centres in U.P. – The Information Director

गरिएको छ । कपिलवस्तु र देवदहको बीचमा एउटा नदी थियो, जसको नाउँ रोहिणी हो । रोहिणी नदीको किनारामा ठूलो घना वन थियो । ईसवीपूर्व १५०० देखि प्रचार भएको आर्यभाषा संस्कृत साधारण मानिसहरू बोल्न सक्तैनथ्यो । त्यसकारण बुद्धले पालि प्राकृतमा आफ्नो धर्म प्रचार गर्नु भएको थियो र यही जनजिब्रोमा रोहिणी नदी नजिकको वन नै लुम्बिनीवन हुन गयो ।

"लुंमिनि" जनजिब्रोमा रुमिनी हुनु बिल्कुल स्वाभाविक छ । डा. फुहरर र पर्सिभल लायण्डनले लेखेको लुम्बिनीको पत्तालगाएको बेला त्यस ठाउँलाई रुम्मिदेइ भनिन्थ्यो । हाल पनि यसलाई रूपन्देही भनिने गरेको सुनिन्छ । भाषिक विश्लेषण अनुसार पाली भाषामा पनि "र" र "ल" निर्वाध प्रयोग हुन्छ । रोहिणीको "रो" "लो" हुनु संभव छ । लो भनेको ल्+अ+उ हो । यसमा "अ" लोप भई "ल+उ"="लु" हुन जानु सम्भव देखिन्छ ।

लिच्छवीकालको गोष्ठीमा "गो" को ग+अ+उ को मध्यमा रहेको "अ" लोप भई गुठी भएको छ । त्यस्तै "हि" र "म्बि" को बारेमा पनि विचार गर्न सकिन्छ । "ह" अक्षर महाप्राण भएको हुनाले अरू जुनसुकै महाप्राण अक्षरसँग अर्थात् ख, घ, थ, ध र भ सँग परिवर्तन हुन सकिन्छ । जस्तो: प्राकृत भाषामा "मुखको" "मुह", 'मेघ'को "मेहो" र 'सभा'को 'सहा' हन्छ । अक्षरको बीचमा पऱ्यो भने महाप्राणमा पनि सघोष (घ,झ,ढ,भ,) को ठाउँमा अघोष (ग,ज, ड,द,ब) हुन्छ । संघोष महाप्राण अक्षर सधैं "ह" हुनसक्ने अथवा अघोष अक्षरमा नै परिवर्तन हुन सक्ने हुन्छ । अनि अध्यको एक अक्षर लोप हुँदा अर्को एक अक्षर बाँकी हुन्छ । दुई श्वर वा व्यञ्जन अक्षरको बीचमा प्राय: गरिकन सघोष महाप्राण रहनै सक्तैन । यसकारण "हि" को गि, जि, डि, दि वा बि हुनसक्ने अवस्थाले "हि" को "बि" हुन गयो । दि वा बि हुनसक्ने अवस्थाले "हि" को "बि" हुन गयो । अब प्रश्न आउँछ "म" कसरी रहन आयो । "हि" को पछाडि "णी" उच्चारण गर्नु पर्दा लुको पछाडिको "म" अथवा

अघिल्लो "लो" बाट आएको "अ" लोप भएको ठाउँमा "लु" अक्षर सुराघात भएर त्यसैले केही अक्षर लिन सकिने स्थिति छ । सबभन्दा सजिलो "बि" लाई सुहाउँदो "म" भएकोले त्यहाँ "म" जोड्न आएको हो । किनभने "णि" नासिक्य वर्ण हो । यसकारण उसको सुहाउँदो "म" जोड्न आयो । यसरी समिभवन *(आफूजस्तो)* हुने भाषाको लागि अत्यन्त प्रचलित स्वभाव हो यही "हि" लुम्बिनी "म्बि" भए । म र बि एक ठाउँमा वस्न सक्नाको अर्को कारण हो, दुवै अल्पप्राण वर्ण हुनु । रोहिणीको "णि" को "नी" हुनु स्वाभाविक छ । किनभने यसरी उच्चारण हुने संस्कृतबाट प्राकृतकालमा कम भएतापनि पछि व्यापक भएको देखिन्छ ।[१]

'लुम्ब्' (लुम्बति, लुम्बियति, लुम्बयते) को एक अर्थ दुःख, पीडा, यातना, संताप, क्लेश, थकावत दिनेबाट शान्ति पाउने रूपमा प्रयोग भएको पनि हुन सकिन्छ । 'लुम्बति अत्तनि पविट्ठानं दरथं हिंसतीति लुम्बिनी' अर्थात् यस शालोद्यानमा प्रवेश गर्नेहरूको क्लान्ति, ग्लानि, दुःख दर्दलाई नाश (हिंसा) गरिदिने, बद्ध गरिदिने हुनाले लुम्बिनी भनिएको हो । जिनालंकार टीका अनुसार लुम्बिनी (लुबी+णी+इनी) बाट व्युत्पन्न एक शालोद्यानको नाउँ हो । लुबि=लुबि धातु भूचु=भूवादि चुरादि गणिक धातु हो । वर्ध= बध गर्ने, यातना दिने, हिंसा गर्ने अर्थमा प्रयोग हुन्छ । पालि अर्थकथामा लुम्बिनी कानन, लुम्बिनिवन, लुम्बिनिसालवनुय्यान रूपमा प्रयोग भएको पनि पाइन्छ ।

यसरी लुम्बिनी शब्दको व्युत्पति, विकास र अर्थको विषयमा अध्ययन अन्वेषणका लागि एक महत्त्वपूर्ण विषय भएको छ ।

(**"धरणी"** ९/१ : २०४६ जेष्ठ ७०

---

१ न्हसला, ७/७, काशीनाथ टमोट, ने.सं. १०९७, पृ. ५३-५८

लुम्बिनी-वन : लुम्बिनी-ग्राम

वैशाख-पूर्णिमा, बुद्ध-पूर्णिमा, पुष्प-पूर्णिमा *(स्वाँयापुन्ही)* का दिन सिद्धार्थ गौतमको जन्म, वहाँको सम्बोधि-प्राप्ति र तथागतको महापरिनिर्वाण भएको थियो । त्रिविध संयोगको पुण्यदिवसमा सिद्धार्थ गौतमको, धार्मिक भाषामा भन्ने भए बोधिसत्त्व राजकुमारको र अभिलेखको भाषामा भन्ने भए शाक्यमुनि बुद्धको जन्मस्थल लुम्बिनी बारेमा केही चिन्तन मनन गर्नु र केही लेख्नु वांछनीय छ ।

तिपिटकको सुत्तपिटक अन्तर्गत खुद्दकनिकायको एक संकलन *(ग्रन्थ)* को नाउँ हो, सुत्तनिपात । सुत्तनिपात भाषा र छन्दको दृष्टिबाट पनि बुद्धकालीन छेउसम्म पुऱ्याउने संकलन मानिन्छ । यसमा संकलित सुत्तहरू मध्येमा ३ सुत्तहरूको नाउँ वैराटको अशोकको अभिलेखमा उल्लेख भएको छ । यसै ग्रन्थमा लुम्बिनी बारेमा उल्लेख गरिएको छ, "उनी रत्नवर अतुल्य बोधिसत्त्व प्राणीहरूको हित र सुखको निम्ति मनुष्य-लोकमा शाक्यहरूको जनपद *(अन्तर्गत)* लुम्बिनी ग्राममा जन्मनु भयो । यसकारण हामी अत्यन्त संतुष्ट र प्रसन्न छौं ।" लुम्बिनीस्थित अशोकस्तम्भमा मौर्यकालीन ब्राह्मीलिपिमा कुँदिएको छ, "हिदबुधेजाते साक्यमुनि" अर्थात् "यहाँ शाक्यमुनि बुद्ध जन्मनुभएको" छ । "हिंदभगवंजातेति लुंमिनिगामे" "यहाँ भगवान् जन्मनुभएकोले लुम्बिनी ग्राममा" । यसरी प्राचीन वाङ्मय र अभिलेखमा लुम्बिनीमा सिद्धार्थ कुमारको जन्म भएको वर्णन समस्वरमा अभिव्यक्त भएकोछ । त्यस्तै लुम्बिनीको उत्खननमा ग्रामीण अवस्थितिको प्रमाण पनि पाएको छ ।

बुद्धको जीवनी सम्बन्धी पालि र संस्कृत भाषाको वाङ्मयमा लुम्बिनीवनको वर्णन राम्ररी गरेको छ । जातक अट्ठकथाको 'अविदूरे निदान' मा कपिलवस्तु र देवदह दुई नगरको बीचको उभय नगरबासीहरूको लुम्बिनी-वन नाउँको मंगल शालवंन भएको उल्लेख गरेको छ र लुम्बिन-वनलाई *(स्वर्गको)* चित्तलता बन जस्तै आनुभावयुक्त सुसज्जित छ भनी उल्लेख गरेको छ । मज्झिमनिकायको 'देवदहसुत्त वण्णना' मा बुद्ध देवदह निगमको आधारमा *(भिक्षाटन गर्दै)* लुम्बिनीवनमा विहार गर्नुभएको प्रसंग यहाँ स्मरणीय छ । "ललितविस्तर" अनुसार महामायाले वृक्षहरूमा श्रेष्ठ शालवृक्षको उद्यानमा जाने इच्छा गरेपछि राजा शुद्धोदनले श्रेष्ठ गुणहरूबाट समृद्ध लुम्बिनीलाई सजाउनुभयो *(प्रवरगुण समृद्धां लुम्बिनी मण्डयध्वं)*। लुम्बिनीलाई सबै प्रकारका वृक्षहरू र विविध फूलबाट सजिएको नन्दन *(वन)* जस्तो विविध वस्त्र *(पताका)* र रत्नबाट झकिझकाउ हुने गरी सजायो । अनि देवताहरूले आज लुम्बिनीमा जगत्का श्रेष्ठ *(पुरुष)* जन्मिने छ भनी फूल वर्षाए र पताका फहराए । अशोकको धर्मयात्राको विवरण प्रस्तुत गर्दै दिव्यावदान पनि मायादेवी लुम्बिनी जानुभएको वर्णन गर्दछ । यसरी अनेक प्रसंगबाट ललितविस्तरमा लुम्बिनीलाई वनको रूपमा वर्णन गरिएको छ। बुद्धको जीवन गाथा "बुद्धचरित" मा लुम्बिनीलाई वनकै रूपमा स्पष्ट गरेको छ "प्रातकालीन प्राची जस्तो शोभित भएर अनि मोहको थकानबाट रहित भएर *(महामाया)* देवीले घना बन जाने इच्छा गरिन् । त्यस पछि रानीले मनोहर, ध्यानप्रद, देववन *(नन्दनवन)* भन्दा कम नभएको लुम्बिनी नामक बनमा निवास गर्ने इच्छा गरी आफ्नो पतिसँग बिन्ति गरिन् ।" चिनिया भाषाबाट संस्कृत भाषामा पुनः अनूदित "महापरिनिर्माण सूत्र" अनुसार बुद्धमाताको मुखबाट उच्चरित श्लोकांश अनुसार बुद्ध लुबिनी -वनमा जन्मनुभएको हो । *(जातो बुद्धो लुंबिनीवने)*। उत्तरतिर टाढा हुँदै गएतापनि पातलिँदै गएतापनि लुम्बिनीको उत्तरतिर आज पनि शालवृक्ष बनको अवशेष हामी देख्दछौं । यस उसले सिद्धार्थ गौतमको

जन्म भएको बेला लुम्बिनी–वन हो, त्यहाँ नजिकै छेउछाउमा सानातिना गाउँहरू पनि थिए ।

फाहियानको वर्णन अनुसार लुम्बिनी एक राजकीय उद्यान हो र यसलाई मानिसहरू लुगमिंग भन्दछन् । राजमहिषीले पोखरीमा स्नान गरी त्यसको उत्तर *(द्वार वा दिशा)* बाट निस्केर २० पाइला गइकन शालवृक्षनिर उभिनुभयो र राजकुमारलाई जन्माउनुभयो । व्हेनसांगको यात्रा वृत्तान्त अनुसार पनि लुम्बिनी एउटा उद्यान हो । चिनिया उल्लेख अनुसार यसको नाउँ ल-फ-नि हो यो संस्कृत शब्द लवणको रूपान्तर शब्द हो र 'लवणी' एक स्त्रीलिङ्ग नामवाचक शव्द भन्न सकिन्छ ।

लुम्बिनी सिद्धार्थ गौतमकी बज्यै, महामायाकी आमा, सुप्रबुद्धकी रानीको नाउँ हो । अर्को विश्वास अनुसार देवदहकी महारानीको नाउँबाट लुम्बिनी उद्यान बनिएको होइन, अपितु सुप्रबुद्धकी मुख्य नायक *(अमात्य)* की जहानीको नाउँबाट बनेको यो एउटा उद्यान हो । तर तिब्बती मूल श्रोत अनुसार सुप्रबुद्धकी रानीको नाउँ लुम्बिनी हो र यसको अर्थ नगरकी राम्री शोभिनी नारी हो । एक बार घुम्न जाँदा रानी लुम्बिनीले देवदह नजिक एक सम्भ्रान्त श्रेष्ठीको एउटा राम्रो बगीचा देखिन् । रानीले त्यो बगीचा पाउन चाह्यो । राजाले श्रेष्ठीको बगीचा म तिमीलाई दिन सकिन्दैन भनी श्रेष्ठीको बगीचा भन्दा पनि आकर्षक, राम्री, सुगन्धित र चराचुरुंगी भएको उद्यान बनाइ दियो र त्यस बगीचाको नाउँ पनि लुम्बिनी राखी दियो ।

'लुम्बिनी-वन' र 'लुम्बिनी-ग्राम' को प्राचीन गौरव अनुकूल हाल लुम्बिनी-वन र ग्राम दुबै हुँदैछ । लुम्बिनीमा केही दशकपछि नै घना जंगल बन्ने तरखरमा शाल आदि विभिन्न वृक्षहरू फैलिँदै घना हुँदै गइरहेको छ । साथै गत २।३ वर्षभित्रै लुम्बिनी नव ग्रामका लागि वातावरण बन्दै गुरुयोजनाको कार्यान्वयन हुँदै गएको छ । लुम्बिनीमा

भव्य लुम्बिनी यात्रु-विश्राम-गृह, अनौठो लाग्दो भव्य संग्रहालय, पुस्तकालय र पूल बनिसकेको छ । अखण्ड शान्ति-प्रदीप लुम्बिनीमा बलिरहेको छ । गुरु योजनाको यो कार्यान्वयन यो सम्पन्नता लुम्बिनीका सबै यात्रीहरूले देख्न सक्ने गरी शीघ्रातिशीघ्र जान आउन साधन केही समयका लागि नै किन नहोस् व्यवस्था हुनु जरुरी छ । अशोक स्तम्भबाट अखण्ड शान्ति-प्रदीप, शान्त-क्षेत्र र मंदिर क्षेत्र जोडिने सेतु, संग्रहालय, पुस्तकालय र यात्रु-विश्राम-गृह जान आउन अभ्यस्त-स्वभाव यात्रीहरूमा आइसकेपछि हिँड्न वा डुंगाबाट जाने प्रायोजित विधि बनेको खण्डमा बुद्धप्रति र लुम्बिनीप्रति श्रद्धा राख्ने सबै यात्रीहरू सबै पर्यटनहरूले देखिनेछन्, अनुभव गर्नेछन् सिद्धार्थको जन्मस्थल लुम्बिनीग्राम लुम्बिनीवन, बुद्धको संदेश बौद्धसंस्कृतिका परम शान्ति !

(आनन्दभूमि : १७/२, बि.सं. २०४६)

अशोकको सप्त स्तम्भाभिलेखहरूको उद्देश्य-सन्दर्भमा लुम्बिनीमा रहेको अशोकको शिलास्तम्भाभिलेखको "उबलिकेकटे" र "अठभागियेच" : एक अध्ययन

अशोकका अभिलेखहरू गुफा र पर्वतको प्राकृतिक ढुँगा पाटामा भए जस्तै मौर्य पालिस र मोटो गोलो ढुँगाको थामहरूमा पनि छन् । अशोकका सबै अभिलेखहरूलाई चतुर्दश शिला लेख, गुहालेख, लघु शिलालेख, सप्त स्तम्भलेख र लघु स्तम्भलेख गरी पाँच प्रकारबाट विभाजन गरेका छन् । लुम्बिनी र निग्लिहवामा रहेका दुई स्तम्भ अभिलेखहरूलाई पनि अभिलेखको लम्बाई हिसावबाट छोटो भएकोले र एउटै मात्र विषयको अभिलेख भएकोले लघु स्तम्भ लेख भनिन्छ । यी दुई स्तम्भाभिलेखहरूलाई तराई स्तम्भलेख पनि भनिन्छ ।

अशोकले शाहवाजगढी (पेशावर जिल्ला), मानसेरा (हजारा जिल्ला), कालसी (देहरादून जिल्ला), गिरनार (सोराष्ट्र जुनागढ), घौलि (उडिसा पूरी जिल्ला) र जौगढ (आंघ्र गंजाम जिल्ला) सम्म फैलिने गरी छ ठाउँहरूमा एउटै बेहोराका चौध चौध वटा शिलालेख कुद्न लाएको थियो । यी चौध अभिलेखहरू मध्येमा पहिलो अभिलेखमा नै अशोकले जीव हिंसा हुने हवन (यज्ञ) नगर्न र उत्सव चार्डपर्व (समाज) नमनाउन धम्मलिपि (अभिलेख)द्वारा आग्रह गर्नु भएको छ । साथै यस अभिलेखमा आफ्नो पाकशालामा सूपको लागि दिनौं हजारौं प्राणीहरू मार्ने गरेकोमा अब सो धम्मलिपि कुंद्न

लगाएको बेलासम्म दुईवटा मयूरहरू र एउटा मृग मात्र मार्ने गरिसकेको कुरा उल्लेख गराएको छ । त्यो पनि दिनहूं निश्चित रूपमा गर्दैन । साथै ती तीन प्राणीहरू पनि पछि मार्ने छैन भनि सुचित गरिएको छ । त्यस्तै तेश्रो र एघारौं प्रकारको अभिलेखहरूमा प्राणी हिंसा नगर्नु राम्रो (पाणानं अनारंभो साधु) भनी उल्लेख गरेको छ ।

अशोकको सात स्तम्भाभिलेखहरूको जहाँ सम्म कुरा छ, सातै स्तम्भाभिलेखहरूमा प्राणी अहिंसामा जोड दिएको छ । शुरु शुरुमा अशोकका स्तम्भ अभिलेखहरूलाई पढ्न र पहिचान गर्न आफ्ना अनभिज्ञता दर्शाउन नचाहने पण्डितले स्तम्भलाई भीमसेनले तमाखु खाने नलि वा भीमसेनको गदा आदि भनेर सोझा सीधा मानिसहरूलाई अन्धो विश्वास गराई आएका थिए । अशोकका अभिलेखलाई पनि पढ्न नसकिने देवताका अक्षर अथवा पढ्न नहुने पिशाचहरूको अक्षर भनि आएको थियो । धेरै पाश्चात्य विद्वानहरूको बर्षौं वर्षको अथक परिश्रमबाट एक एक गरेर मौर्य अभिलेखका अक्षरहरू चिन्ने काम भए । श्रीलंकाका पालि भाषाको जीवित परम्पराबाट संस्कृत भन्दा फरक संस्कृत वा प्राकृत जस्तै एक अर्को प्राचीन तर सम्पन्न भाषा वाङ्मय छ भनेर देखाइरहेकोले अभिलेखको अक्षर "स्य" नभई "स" गरेर त्यस्तै दानं हो दानम् होइन भन्ने बुझेपछि अन्ततः पालि प्राकृत रूपको बाटो खुल्यो अर्थ लगाउन पनि सजिलो भयो । त्यसो भएता पनि अझ पनि केही शब्दहरूको अर्थ लगाउने काममा संस्कृतीकरणको र संस्कृत भाषाको व्याकरण कै आयामबाट मात्रै अर्थ्याउने प्रवृत्ति भएकोले विद्वानहरू बीच मत भिन्नता रहिरहेको छ । लुम्बिनीमा भएको अशोकको शिलास्तम्भको अभिलेखको अर्थ लगाउने काममा पनि यसरी एक दुई कुरामा विचार गर्नु आवश्यक छ । त्यस्ता शब्दहरू मध्येमा एक "उबलिकेकटे" हो र अर्को "अठभागियेच" हो । यस बारेमा बिचार

गर्न अशोकका अरु स्तम्भ अभिलेखहरूको अहिंसा र शान्तिको सन्देशतिर नै पहिले विचार गर्नु पर्छ।

अशोकका सातवटा अभिलेखहरू भएका छःवटा शिलाभिलेखलाई सप्त स्तम्भाभिलेख भनिन्छ। यी सात अभिलेखहरू भएका मध्येमा टोपरा र मेरठका २ स्तम्भहरू फिरोजशाह तुगलाकबाट १४ धौं शताब्दीमा दिल्लीमा ल्याई ठड्याइएको छ। अरु स्तम्भहरू रायपुरवा, लौडियाननन्दन गढ, लौडिया अरराज र इलाहावादमा छन्। अशोकले शिलास्तम्भ अभिलेखमा आफैले "मे इयं धंमलिपि लिखापिता" भनिइ राखेको अभिलेखहरूलाई हामी सजिलैसँग "धर्म अभिलेख" भन्न सक्छौं।

पहिलो स्तम्भ अभिलेखबाट अगाय (I) धंमकामताय (I) अगाय पलीखाया अगाय सुसूसाय (I) अगेन भयेना अगेन उसाहेना अर्थात् "आफूलाई धर्म मनपर्ने, आफूलाई आफू स्वयंले हेर्ने, आफूलाई आफैले राम्रोकाम (शुश्रूषा) मा लगाउने, आफु (नराम्रो हुने देखि) डराउने, आफै उत्साहित हुने" शिक्षाबाट पालि "दसधम्म सुत्त" को सम्झना गराउँछ। यही धर्म पालन गर्नु, काम गर्नु, सुख दिनु र परप्राणीको रक्षा गर्ने विधिको निर्देशन पनि छ।

"दोश्रो" स्तम्भाभिलेखमा "धंमे साधु कियं चु धंमेति अपासिनवे बहुकयाने" अर्थात् "धर्म गर्नु सुहाउँछ। धर्म भनेको के हो ? खराब काम कम गर्ने राम्रो (कल्याण) हुने काम धेरै गर्नु नै धर्म हो।" यस अभिलेखबाट बुद्धको प्रसिद्ध त्यो उपदेशको सम्झना गराउँछ जुन धम्मपदमा आएको छ। सबै प्रकारका पाप नगर्नु कुशल कार्य भित्रैदेखि गर्नु, चित्त परिशुद्ध गर्नु यही बुद्धहरूको अनुशासन हो। अशोकले यस अभिलेखमा फेरि भनिएको छ, "चखुदानेपि मे बहुविधे दिने", "मैले अनेक प्रकारबाट आँखा दान गरें।" यहाँ आँखा दानको अर्थ ज्ञानको आँखा दान हो। अर्थात् मिथ्या दृष्टि वा धर्मको मलीनता हटाइदिने सम्यक् दृष्टि दिएँ भन्नु

नै यसको अर्को अभिप्राय: हो । किनभने अशोकले आफ्नो आँखा दान गरेको अथवा कुणालले जस्तै आँखाले देख्न नसक्ने गरी बसेको कहीं कुनै वाङ्मयले संकेत सम्म पनि गरेको छैन । यो सम्यक् दृष्टि केलाई भन्छ ? यसको जवाफ पनि अभिलेखमा नै छ, "दुपद चतुपदेसु पखिवालिचलेसु विविधे मे अनुगहे कटे आपानदाखिनाये" अर्थात् "दुई खुट्टाले टेक्ने चार खुट्टाले टेक्ने उडिरहने अथवा पानीमा रहने विविध प्राणीहरू प्रति मैले अनुग्रह गरेको छु । मैले प्राणदान (नमार्ने) अभय दिएँ ।" यस अभिलेखका अभिव्यक्तिहरूबाट खुट्टा नहुने, दुईवटा खुट्टाले टेक्ने, चारवटा खुट्टाले टेक्ने, धेरै खुट्टाले टेक्ने प्राणीहरूलाई नमार भन्ने बुद्धको मैत्रीको शिक्षामा "मेत्तसुत्त" अनुकरण भइरहेको स्पष्ट हुन्छ । जसले यो अहिंसाको राम्रो पालन गर्छ, उसले पुण्यको काम गरेको हुन्छ । यस अभिलेखको यो उद्देश्य यही अहिंसाको आचरण गराउने र धर्म चिरस्थायी गर्ने हो ।

अशोकको तेस्रो स्तम्भाभिलेखमा उल्लेख गरिएको छ, "कयानंममेव देखति इयं मे कयानं कटे ति नो मिन (ा) पापं देखति इयं मे पापे कटे ति" अर्थात् "मैले यो राम्रो गर्नेछु भनेर राम्रो (मात्र) देखिनेछु, यदि मैले पाप गरेछु भने (आफ्नो) पाप नदेख्ने हुन्छ ।" मानिसमा आफुसँग हुने आसिनव (=आदिनव, गल्ति, त्रुटि) नै यो हो । यस उल्लेखमा "दसधम्मसुत्त" अन्तरभूत छ । साथै अरुको दोष खोटलन सजिलो हुन्छ तर आफ्नो दोष देख्नु गाह्रो छ भन्ने उपदेश अगाडी राखिएको छ । मानिसले चंड, निष्ठूर र क्रोधलाई पापको कारण रूपमा देख्न सक्नु पर्दछ भन्ने अशोकको आशय छ ।

चारौं स्तम्भाभिलेखले भन्छ, अशोकका रज्जुक (=उच्च-कर्मचारी), जनपदका जन (मानिस) हरूको हितसुखमा ध्यान राख्न र भित्री हृदयदेखि राम्रो चिताउने काम गर्नु (अनुगहिनेव) हो । आफ्नो बच्चा साच्चैका धाई आमा (विवतापे धातिये) लाई जिम्मा लगाएर आफ्नो बच्चालाई सुख हुन्छ भनि धुक्क भइ बसे जस्तै यी रज्जुकहरूबाट जनपदको जनहित सुख हुन्छ भनेर पूर्ण विश्वस्त वा

निर्धक्क भइ अशोकले विकेन्द्रीकरण शासन प्रणाली लागु गरेको देखिन्छ। यस उपमा भित्र आमाले आफ्नो एक्लो छोरालाई माया गरे जस्तै समस्त प्राणी प्रति मैत्री राख्नु भन्ने "मेत्तसुत्त" को आदर्शले श्वास फेरिरहेको जस्तो देखिन्छ । यस अभिलेखमा बन्धनागारमा परेका अथवा मृत्युदण्डको सजाँय पाएका मानिसहरूलाई समेत तीन दिन छोडेर मृत्युदण्डबाट मुक्त गराउनका लागि उसका आफन्तहरूले नातेदारहरूले (रज्जुकको) ध्यान आकर्षित गर्न अथवा दण्ड भोग्नु अगाडी धर्माचरण, संयम र दानादि पुण्य गर्न अवसर दिएको तथ्य उल्लेख भएको छ। यसले न्यायको क्षेत्रमा पुनर्विचार (मुद्दा दोहऱ्याउने) बाटो खुलाउने र आफ्नो चरित्र सुधार गर्न अवसर दिने मानवीय पक्षको न्यायिक सुधार भएको हामी देख्न सक्छौं । अशोकको यो उदार दृष्टिकोण साम, दाम, दण्ड र भेद नीति भन्दा निक्कै फरक देखिन्छ।

पाँचौ शिलास्तम्भाभिलेखमा पनि हामीले अहिंसा र प्रेमका आयामिक विकासका कुराहरू देख्छौं । पाँचौ प्रकारका अभिलेखमा भनि राखेको छ, "देवानंपिये पियदसि लाज हेवं आहा (आह) सड्वीसतिवसा- भिसिनेत मे इमानि जातानि अवधियानि कट्टानि सेयथा सुके सालिका अलुने चकवाले हंसे…" अर्थात् "देवताहरूको प्यारो प्रियदर्शी राजा आफ्नो राज्याभिषेकको २६ वर्ष पछि यी जातिका प्राणीहरूलाई मार्न पाउँदैन भनि भनिएको छ। जस्तै सुगा, मैना, चक्रवाक, हाँस … । यसरी विभिन्न चराहरू उल्लेख गरेकोले राम्रो पंक्षी नमार्ने, सेतो र गाउँको परेवा भनिने नमार्ने, खान नहुने प्रकारका पशुपंक्षी शिकारका शौखले प्राणीहरू नमार्ने, दूध ख्वाइरहने भेडा, बाख्रा, बँगुर नमार्ने, एक जीव पाल्न अरु प्रकारका पशुपंक्षी नमार्ने, पूर्णिमा, चतुदर्शी, प्रतिपदाका दिन नमार्ने भन्ने आदेश दिएको पनि हामी यहाँ देख्छौं । अशोकको अभिप्रायः जसरी भए पनि जसो गरेर भएतापनि प्राणी हिंसा न्यून न्यूनतम गर्दै जानु अहिंसा शिक्षाको जड राज्यमा फैलाउँदै जानु हो । उत्ता फेरी अशोकको शिलालेखमा

हामी देख्छौं, हिंसायुक्त समाज (=जात्रा, पर्व, चाड) अशोकलाई मन पर्दैन । माथि उल्लेख गरे अनुसार यता घुमाएर पनि उत्ता घुमाएर भए पनि हिंसा कार्यबाट मानिसहरूलाई पर सार्नु नै अशोकको अभिप्राय: हो । भनिन्छ एक वर्षको ३६५ दिनहरूमा ५६ दिन पशुवध गर्न नपाइने अभिलेख तथ्यबाट अशोकको अभिलेखको अहिंसाको मूल्य र मान्यता स्पष्ट हुन्छ । "सेयथा" भनेर अवध्य प्राणीहरूको लाइन लामो गरिराखेकोमा हामी पालिको "सेय्यथापि" भन्ने बहु प्रचलित भाषा शैली प्रयोग भएको पनि देख्न सक्छौं ।

छैठौं प्रकारका शिला-स्तम्भाभिलेखमा "सबनिकायेसु पटिवेखामि सव पासंडापि मे पूजिता" अर्थात "सबै निकायमा मैले हेरे, सबै धर्म सम्प्रदायको मैले मान गरे" भन्ने उल्लेख छ । अशोकलाई धर्मको नाउँमा धर्मबाट कलह र अशान्ति ल्याएर हिंसाको छुरा धारिलो गर्ने मन पर्दैन । मारलाई पनि नमार्ने बरू त्यस मारको हृदय परिवर्तन गर्ने बौद्ध नीति हामीलाई थाहा छ । अशोकको यो धार्मिक उदारतामा पनि बुद्धले उपालि, अभयराज कुमार र सिंहसेनापतिलाई दिनु भएको बुद्धको धार्मिक शान्ति, सहिष्णुता र उदार प्रवृतिको उपदेश चरित्रार्थ भइरहेको स्पष्ट देखिन्छ ।

अशोकका सातौं स्तम्भाभिलेख अरु स्तम्भाभिलेख भन्दा लामो छ । यस अभिलेखलाई धर्म प्रचारको सिंहावलोक पनि भनिन्छ । कसरी मानिसहरूलाई धर्ममा परिचालन गर्न सकिन्छ र कसरी मानिसहरूलाई सुहाउँदो तरिकाबाट धर्मबाट उठाउन सकिन्छ भनि आफुमा विचार आएको अनि फेरि उनीहरूलाई धर्मको उपदेश दिएर धर्म सुनाएर धर्म आचरणमा उद्योगरत गर्ने भन्ने निर्णय उल्लेख गरेको तथ्य यस अभिलेखमा छ । वास्तवमा रज्जुक जस्तै उच्चकर्मचारीहरूको नियुक्तिको उद्देश्य पनि प्रजालाई धर्म प्राण बनाउनु हो । अझ अशोकले आफ्नो शिलास्तम्भलेख पनि यसै उद्देश्यबाट प्रेरित भई राखेको हो । शिलास्तम्भका नै शब्दमा भन्दा "देवानंपिये पियदसि लाजा हेवं आहा एतमेव मे अनुवेखमाने

धंमथंभानि कटानि, धंम महामता कटा, धंम सावने कटे" अर्थात् "देवताहरूको प्यारो प्रियदर्शी राजाले यसरी भनिरहेछ, यसकै उद्देश्यले मैले धर्म स्तम्भ बनाउन दिए (स्थापना गर्न लाएं), धर्म महामात्र (मंत्री) नियुक्त गरें, धर्म विधि (श्रवण) को रचना गरें।" यसै अभिलेखमा मानिसहरू र पशुहरूको लागि छाँया (शीतल) को निम्ति रुख रोप्ने, आधा आधा माइल जतिको दूरीमा पानीको इनार बनाउने आदेश दिएको छ । अशोकका विचारमा ध्यानको धेरै महत्व छ । ध्यानबाट देखें यसको आधारमा धर्मको बृद्धि हुन्छ, प्राणीहरू नमार्ने र यज्ञमा पशुहरू नमार्ने हुँदै जान्छ । यज्ञमा पशुहरू नमार्ने हुँदै जाते क्रम र अशोकलाई यज्ञमा पशु बलि नदिने र अरु कार्यका लागि प्राणीहरू नमार्ने धर्म चन्द्रसूर्य रहुँजेलसम्म स्थिर रहोस् भन्ने चाहना छ। यो धर्माचरण आफ्ना छोरा नाती सबैबाट पालन होस् भन्ने पनि अशोकको चाहना छ । अझ यस्तो धर्मको अभिलेख जहाँसम्म ढुँगाको थाम र ढुँगाको पाटा (शिलालेख) मा उपलब्ध हुन्छ, जहाँसम्म हुन सकिन्छ त्यहाँ सम्म ढुँगाको थाम र शिलापत्र बनाएर यस्तो सन्देश खोप्नु भनु अशोकको आग्रह छ।

अशोकका छः वटा शिलास्तम्भहरूमा उत्कीर्ण यी सात स्तम्भाभिलेखहरूमा अहिंसा धर्मको उल्लेख छ। धर्मको नाममा बलि दिने र जुनसुकै प्रकारका हिंसा होस् ती निर्मूल गर्ने अशोकको आशय स्पष्ट छ । उता अशोकका स्तम्भाभिलेखमा अझ अरु अभिलेखहरूमा समेत कतै कर पोता माफ गरेको बर्णन पाइन्दैन । यस सन्दर्भमा हामीलाई लुम्बिनीमा रहेको अशोकको स्तम्भाभिलेखको केही वाक्यांशमा पनि केही विचार गर्नु आवश्यक देखिन्छ । त्यहाँ स्तम्भाभिलेखका चौरौं हरफमा "उवलिकेकटे" कुंदिएको छ। यसको अर्थ्याइमा पाचौं हरफको "अठभागियेच" पनि तानेर गाभिने गरेको पनि देखिन्छ।

अहिलेलाई "बलि" र "उबलिकटे" लाई प्राचीन पालि वाङ्मयको आधारमा अध्ययन गर्नु आवश्यक भएको तथ्यतिर इंगित

गर्न चाहन्छु । पालिमा "उ" उपसर्ग उल्टो अर्थ दर्शाउने रूपमा प्रयोग गरिन्छ । "लुप" को अर्थ विनाश गर्ने भए "उल्लुम्पति" को अर्थ बचाउने हुन जान्छ । "मूल" को अर्थ प्रतिष्ठित गर्ने भए "उल्लपेति" अर्थ जडदेखि उखेलिनु हुन्छ । 'भुज' खाने भए "उब्भुजति" बलपूर्वक उगलनु (बान्ता) गर्नु हो (पालि महाव्याकरण, भिक्षु जगदीश काश्यप एम. ए., महाबोधि सभा, सारनाथ, १९४० पृ. १०७) । यस दृष्टिबाट "उबलिककटे" बलियुक्त पूजा बन्द गर्नु हो । देव देवी प्रसन्न पार्न आफ्नो मनोकांक्षा पूरा गर्न प्राणी मार्ने अथवा असुरको प्रतिनिधि वा प्रतीक प्राणीहरू रूपमा मार्नु पनि बलि हो । "बलि" को अर्थ आफ्नो मनले सकेजति केही चढाउनु वा दिनु पनि हो । "बलि" को अर्थ पशु नमारीकन त्यसै छाड्नु पनि हुन्छ । तर यो धर्मको नाउँमा पशु मार्न नचाहने तर शंकाको संस्कारवश पशु बलि दिन पनि चाहने प्रवृतिबाट पछि मात्र विकास भएको देखिन्छ ।

"उबलिकेक्कटे" को अर्थ विभिन्न तरिकाबाट लगाएका छन् (१) पहिलो अर्थमा धार्मिक करबाट मुक्त गरी दिएको र अनि उत्पादनको कर (पोता) मा पनि आठ भागमा एक भाग तिरे पुग्ने गरी वर्णन गरिन्छ । तर हिमालयको काखको फाँटमा रहेको त्यसबेलाको कपिलवस्तुमा अथवा पछि पनि पाश्चात्य जगतमा मध्यकालीन युगको जस्तो धर्म कर लिने गरेको देखिदैन । न त भारतको पछिको रजिया अथवा नेपालका राणाकालीन पण्डित ब्राह्मण पुरोहितहरूको चन्द्रायणिको आँखाबाट हेरेर अशोकको यस अभिलेखको शब्दको अर्थ लगाउन सकिन्छ । अशोक सम्बन्धी वाङ्मयमा धर्म र उदारताको थुप्रै वर्णन छ, तर कतैपनि कर मुक्तिको वर्णन वाङमयमा पाईदैन । उता यसै तथ्यलाई "बलि" को अर्थ कर मान्नेहरूले लुम्बिनीको यस स्तम्भ उल्लेखलाई दुर्लभ विशिष्टता रूपमा लिएको पनि देखिन्छ ।

दोस्रो अर्थ्याइमा लुम्बिनीवासीहरूलाई भुमि कर (उत्पादन पोता) आठ भागमा छः भाग लिने गरी माफ गरी दियो भन्ने आशयको छ । यो कुरा प्रमाणित गर्न पनि अशोकको पालामा उत्पादनको आठ भागमा अथवा यो भन्दा बढी भाग कर तिर्नु पर्ने बारेमा निश्चित वर्णन छैन । यस्तै एक अर्को अर्थ्याइमा करमुक्त गरिदिए र अर्थको भागी a recipiest of wealth पनि गरिदिए रूपमा लिएको छ ।

'तेस्रो' अथ्याईमा उत्पादनको छःभागमा एक भाग कर लिने गर्दै आएकोमा आठ भागमा छ भाग मात्र कर तिरे पुग्ने गरेको भन्ने आशयको छ । यो भनाई बुद्धकालीन कपिलवस्तुमा त्यसबेलाको धार्मिक कर जस्तो कुनैमा कर छैन भन्ने विचारक पक्षको हो । यो विचार प्राय: धर्मनीतिको पुस्तकहरूमा उत्पादन कर छःभागमा एक भाग लिने विश्वासमा आधारित छ । जब कि अर्थशास्त्रमा उत्पादनको चार खण्डमा एक खण्ड सरकारी लाग्ने कुरा छ । पछि अकबरको पालामा तीन खण्डमा एक खण्ड र काश्मीरको सुल्तानले आधा नै सरकारी लाग्ने गरेको छ । तर सातै वटा स्तम्भाभिलेखको प्रमुख उद्देश्य सन्दर्भबाट हामीलाई यसरी उत्पादन करमा विचार गर्ने ठाउँ नै दिएको देखिन्दैन । कोनाकमन बुद्धका स्तूप "दुतियंवढिते" दोब्बर ठूलो गरेर बनाएको गाउँ अथवा दोस्रो पटक जीर्णोद्वार गरेको ठाउँ लुम्बिनी नजिकको निग्लिहवामा अथवा त्यस्तै नै सारनाथ आदि ठाउँमा अशोकले यस्तो उदारता किन देखाएन ? बोधि (बुद्धगया) को सन्दर्भमा किन यो आवाज बुलन्द भएन ? ह्वेनसांगले उल्लेख गरे अनुसार (तर अहिले सम्म नभेटिएको) कुशीनगरको अभिलेखमा कर मिनाहा वा सुविधाको उदारता किन देख्न पाइएन ? साँचीको स्तम्भाभिलेखमा साँची प्रति यस प्रजा सुविधाको गाथा किन सुन्न पाइएन ? यस प्रकारका प्रश्नहरूबाट त्यो सातौं स्तम्भाभिलेखको अंहिंसा बिस्तारको उद्देश्य सन्दर्भले हामीलाई लुम्बिनी बुद्ध जन्म भएको ठाउँमा हिंसा गर्नु नहुने, धर्मको नाममा

बलि नदिनु, प्राणी हत्या नगर्नु, भन्ने त होइन, भन्ने प्रश्न उठाएको छ । लुम्बिनी जस्तो सबै पवित्र ठाउँमा हिंसा गर्नु हुँदैन भन्नु सहज छैन । अशोक अहिंसाको प्रसारमा र परिपालनमा बल प्रयोग गर्न नचाहनु तथा विस्तारै अहिंसाको अभ्यास गराउन चाहनु स्वाभाविक छ । अगाडी उल्लेख गरे जस्तै अशोकले आफ्नो शिलाअभिलेखहरूमा भनेको छ, अशोकको दरबारको चुल्होमा प्राणी हिंसा क्रमशः घटाएर २ वटा मयूर र १ वटा मृग मात्र अहिले अभिलेख लेख्दा सम्म मार्ने गरेको व्यहोरा छ । अभिलेख अनुसार भविष्यमा यो पनि रोक्ने विचार भएको कुरा पनि उल्लेख छ । त्यसैले लुम्बिनीमा जस्तै सबै ठाउँमा पूर्ण बलि मुक्त क्षेत्र "उबलिकेकटे" "बलिरहित" गर्नु साम्राज्य भरि सम्भव छैन । त्यसैले अशोकले नै कही समाज (जात्रा, पर्व, उत्सव) मा कहीं केही दिन यसदिन उसदिनमा भनेर, कहीं यस्तो उस्तो भनेर कहीं यस्तो उस्ता तरिकाबाट भनेर बलिमुक्त क्षेत्र गरेको देखिन्छ । अनि उबलिकको अर्थ स्पष्ट गर्न वा बढी आर्थिक सुविधा दिएको अर्थ लगाउन "अठभागिचेच" जोड्नु पर्ने पनि छैन । अर्थ पनि संक्षिप्त रूपबाट सम्झन सक्छौं ।

"अठभागियेच" को एक अर्थ "अष्टभागीय पनि" भए, अर्को अर्थ "अर्थको भागीय पनि" हुन्छ । बूलरज्यूले राजाको महान दानका भागी अर्थ्याउनु भएको छ । यहीं हामीलाई दिव्यावदान अनुसार अशोकले हजारौं स्वर्ण मुद्रादान गरेको प्रसंगको सम्झना हुन्छ ।

'भागिये' को अर्थ सहभागी हुनु पनि हो । अशोकको अभिलेखमा "अठ" शव्द व्यापक रूपबाट प्रयोग भएको छ । त्यहाँ यसको अर्थ "आठ" रूपमा मात्रै छ । तर "अठ" को भागिदार हुनु भन्नुको अर्थबाट ग्रामवासी तिर लक्ष्य गर्दछ, न कि राजातिर । वैककमा एक अन्तरक्रिया यसै विषयमा हुँदा वाट चक्रवाटका फ्रा. कित्तिसोभन (चखुं) आफ्नो निर्णयमा भन्नु भयो, राजाबाट यसरी यति भाग उति भागमा भनीरहनु वा अभिलेखमा कुंदन लगाउनु स्वाभाविक छैन । चार भागमा एक भाग अथवा छःभागमा एक भाग

भइरहेकोमा आठ भागमा एक भाग गरी दियो भनीरहनु त्यहाँ त्यस प्रसंगमा स्वाभाविक सम्भावना छैन । यसै कुरामा प्राध्यापक धनित यूपो (Dhanit Yoopo) ले सहमति जनाउनु भयो ।

"उबलिकेकटे अठभागियेच" को अर्थ धार्मिक कर वा यात्री कर वा उत्पादन करसँग माफि गरेको होस्, (२) उत्पादन कर आठभागमा एक भाग मात्र तिरे पुग्ने सहुलियत दिएको होस, (३) आठ भागमा एक भाग कर लिने गरी राखेकोमा कर माफि गरिदिएको होस् त्यस्तो गर्न सकेको लुम्बिनी अशोकको साम्राज्य अन्तरगत परेकोले भन्ने उल्लेख पनि गर्दछ । यता श्री ५ को सरकारले यस कुरालाई नकार्न पनि सकेन । सही व्याख्यातिर ध्यान पनि दिएन । बरू आश्चर्य, आफ्नो कुनै कुनै प्रकाशनमा अभिलेखको यो अंश नै काटेर अपूर्ण अभिलेख प्रकाशित गर्ने तिर लागेको पनि देखिन्छ ।

यस उसले यसको अर्थ हुन्छ लुम्बिनीमा हिंसा छोड्ने कार्य गर । अनि अष्टांग मार्गको भागी बन्न । यही अर्थ विश्वसनीय पनि छ । प्रियदर्शी अशोक (Imranprydrs) को तक्षशिलाया भेटिएको अरेमई लिपिको एक मात्र अभिलेखमा अष्टांग मार्गको संकेत छ । यसलाई आधार मानेको खण्डमा लुम्बिनीलाई हिंसा उन्मुक्त क्षेत्र बनाई अनि अष्टांग मार्गको भागी होऊ भन्नु नै "उबलिकेकटे" र "अठभागिचेच" अर्थ सिद्ध हुँदैन र ?

लुम्बिनी विश्वशान्तिको एक प्रतीक

लुम्बिनी बोधिसत्त्व सिद्धार्थको जन्मस्थल हो । "पब्बज्जा सुत्त" (सुत्तनिपात) को "हिमवन्तस्स पस्सतो" उक्ति भौगोलिक रूपमा आज पनि चरितार्थ छ । राम्रो मौसमको शीतकालीन समय आज पनि लुम्बिनीबाट हिमालयको चुचुरो शान्त र रमणीय रूपमा स्पष्ट देखा पर्दछ । कपिलवस्तु र देवदहको बीचमा लुम्बिनी अवस्थित छ । लुम्बिनी एक रमणीय शालवन हो । "नालकसुत्त" सुत्त निपातमा बोधिसत्त्व सिद्धार्थको जन्म बारेमा वर्णन गर्दछ :–

सो बोधिसत्तो रतनवरो अतुल्यो,
मनुस्सलोके हितसुखताय जातो ।
सक्यानं गामे जनपदे लुम्बिनेय्ये,
तेनह्मतुट्ठा अतिरिव कल्यरूपा ॥

अर्थात् - प्राणीहरूको हितको लागि सुखको लागि मनुष्य लोकमा शाक्य जनपदको लुम्बिनी ग्राममा उत्तम र अतुल्य रत्नबर बोधिसत्त्व उत्पन्न हुनुभयो ।

बुद्धको महापरिनिर्वाण पछि चार दर्शनीय स्थानहरूमध्ये लुम्बिनी प्रथम स्थान हो । दिव्यावदान यसै कारण लुम्बिनीको गुण गाउँछ "इदंहि पठमं चैत्यं" यही नै पहिलो चैत्य हो । अशोक आफ्नो शिलास्तम्भमा आफ्नो श्रद्धा लिपिवद्ध रूपमा अभिव्यक्त गर्दछन् -

"हिदबुधेजाते सक्यमुनीति ...."
"हिदभगवंजातेति लुंमिनीगामे"

अर्थात् - यहाँ शाक्यमुनि बुद्ध जन्मनु भएकोछ, यहाँ लुम्बिनी ग्राममा भगवान् जन्मनु भएकोछ ।

अशोकको लुम्बिनीस्थित स्तम्भ अभिलेखका पाँच हरफका शब्दहरू मध्येमा फुहररको खोज अनुसार छःवटा शब्दहरू अशोकका अन्य शिलालेखहरू र स्तम्भ अभिलेखहरूमा उपलब्ध छैन । यसैकारण केही शब्दहरूको व्याख्यामा तुलनात्मक आधार नपाएकोले विद्वानहरू मतैक्यतामा आउन सकेका छैन तापनि केही शब्दहरू साह्रै महत्वपूर्ण किसिमका छन् । "भगवं, लुंमिनी र सक्यमुनि" यी साह्रै महत्वपूर्ण तीन शब्दहरू हुन् । 'हिदभगवंजाते' शब्दबाटै बुद्धको ऐतिहासिक मानव व्यक्तित्व प्रमाणित भएको हो । लुम्बिनीको स्तम्भ अभिलेख पाउनुभन्दा अगाडि बुद्ध पनि अरू आदर्श पुरुषको व्यक्तित्व जस्तै एक सूर्यदेवताको आदर्श महापुरुष मात्र मानिएको थियो । शाक्यमुनि बुद्धकै अर्को पर्यायवाची शब्द रूपमा अभिलेखमा 'भगवं' शब्द आएको हुनाले गौतम बुद्ध महामानव गौतम बुद्ध रूपमा प्रमाणित भयो । गौतम बुद्ध एकदिन धरतीमा हिंड्नु भएका, हामीले जस्तै श्वास फेर्नु भएका महामानव व्यक्तित्व सिद्ध भयो । शाक्यमुनि बुद्धको जन्म लुम्बिनीमा भएको यस उल्लेखबाट लुम्बिनी यहीं छ र त्यो लुम्बिनीमा जन्मनु भएको बुद्ध शाक्य कुलको हुनुहुन्थ्यो भन्ने कुरा स्पष्ट पारेको छ । साथै लुम्बिनी र शाक्यहरूको कपिलवस्तुको सम्बन्ध र सन्निकटतामा प्रकाश पारेको छ ।

लुम्बिनी दर्शनीय स्थान हो । संवेजनीय स्थान हो । लुम्बिनीमा बुद्धको दर्शन गर्न सकिन्छ । मानिसले आफ्नो मनको मैलो पखाली शान्ति परमशान्तिको अनुभव गर्न सक्छ । ह्वेनसाङले अशोकद्वारा निर्मित स्तूपको दर्शन गरेर शान्तिको अनुभव गरे ।

त्यस्तै शताब्दी शताब्दीसम्म असंख्य श्रद्धालुहरूबाट लुम्बिनीमा शान्तिको प्रेरणा प्राप्त गरे । अभिलेखको प्रमाण अनुसार राजा रिपुमल्लले पनि लुम्बिनीमा आएर शान्तिको प्रेरणा पाए । पश्चिमबाट नेपाल उपत्यकामा ससैन्य विजय आकांक्षाका साथ आउने, बुंगको आर्यावलोकितेश्वर र स्वयम्भूप्रति श्रद्धा राख्ने यस वंशमा बुद्धको र लुम्बिनीको प्रभाव परेको कुरा लुम्बिनीको अभिलेख र बुद्धगयाको अभिलेखबाट प्रमाणित हुन्छ । लुम्बिनीप्रति श्रद्धाभिनन्दनको अर्को प्रमाण 'वन गज रत्न साल' अर्थात् ९८९ ने.सं.मा रचित प्रसिद्ध त्यो भजन हो, जुन भजन आज पनि उपत्यकाको बहाल बहालहरूमा भजन गरिन्छ । "जय नमो श्री बुद्ध भगवान् लुम्बिनी वनस बिज्यात" अर्थात् लुम्बिनी वनमा पाल्नु हुने बुद्ध भगवान्लाई नमस्कार गर्दछु । यस भजनमा बुद्धको लुम्बिनी आगमनको वर्णन गरेको छ । दीघनिकायको देवदहसुत्तमा बुद्धबाट देवदहमा भिक्षाटन पछि लुम्बिनीमा बस्नुभएको वर्णन पाइन्छ ।

दुई तीन शताब्दीको उपेक्षा पछि अशोकस्तम्भतिर नेपालीहरूको ध्यान आकर्षित भयो । पाल्पा राज्यको सेन वंशको पालामा नेपाल उपत्यकाबाट बौद्ध विद्वानहरू पाल्पा राज्यमा आएर बौद्ध दर्शनको व्याख्या गरेको देखिन्छ । उता पाटनका महाबुद्ध निर्माता पण्डित अभयराजले बुद्धगयासम्म तीर्थयात्रा गरे । पाल्पाका तैनाथवाला ज. खड्ग शम्शेर राणाले पाल्पाबाट नै केही फौज सिपाहीं लगेर लुम्बिनीमा खोतल्न लाग्दा जमिनमुनि तीन फूट तल पुगेका बखत स्तम्भ फेला पारेको थियो । फुहररकै शब्दमा भन्ने हो भने भाग्यवश नै ज. खड्ग शम्शेरलाई निग्लिहवामा नभेटिएको थियो र भगवान्पुरमा जर्नेलको क्याम्प नजिकै चार स्तूप र अशोकस्तम्भ देख्न पाएको थियो । अनि अशोकस्तम्भको बारेमा विश्वमा हलचल हुने किसिमबाट प्रचार प्रसार भयो ।

डा. ह्वेले शिर्षहीन महामायाको मूर्ति पहिचान गर्नुभयो र श्री पूर्णचन्द्र मुकर्जीले महामायाको टाउको भेटाउनु भइ त्यो मूर्ति

पूर्ण गरी प्रतिस्थापित गर्नुभयो । हालै महामाया मूर्तिको पाद पीठ पहिचान गरी महामाया मूर्तिको स्पष्टतामा अभिवृद्धि गरियो ।

२५०० औं बुद्ध महापरिनिर्वाण जयन्ती बौद्ध धर्मावलम्बीहरूको लागि एउटा नयाँ चेतना र नयाँ प्रेरणाको स्रोत हो । एक प्राचीन परम्परागत विश्वास अनुसार बुद्ध शासनको आयु ५००० वर्ष हो । अर्थात् बुद्धद्वारा प्रवर्तन गर्नु भएको धर्मचक्रको पुण्य प्रभाव कसैको केही सहभागिताको श्रम र उद्योग नभए तापनि ५००० वर्षसम्म रहिरहने छ । बुद्ध-शासन २५०० वर्ष पूरा हुने बेलादेखि बुद्धधर्मको शुद्ध प्रवाहमा तीब्रता आउने एक पुरानो विश्वास थियो । यसै प्राचीन विश्वास अनुसार बौद्ध देशहरूमा नयाँ जागरण र नयाँ स्फूर्तिको अभिसंचार भयो । यस समय भारत, बर्मा, नेपाल आदि देशमा राजनैतिक स्वतन्त्रताको र सामाजिक सद्भावनाको चेतनाको लहर फैलिरहेको थियो । भव्यरूपमा २५०० महापरिनिर्वाण जयन्ती मनाउन आयोजनाहरू बनायो र कार्यान्वयन भयो । लुम्बिनीमा पनि स्व. श्री ५ महेन्द्रको व्यक्तिगत श्रद्धा र अभिरुचिबाट पब्लिक वर्क तथा संचार मन्त्रालयबाट केही आयोजनाहरू कार्यान्वयन गऱ्यो । लुम्बिनी स्थित लामा गुम्बा र एउटा धर्मशाला बाहेक यावत् पुराना मन्दिर र भवनहरू त्यसैबेला बनाएको थियो ।

२०१२ साल फागुन ७ गतेको प्रजातन्त्र दिवसमा मौसूफ सरकारको लुम्बिनीमा सवारी भयो । मौसुफ सरकारबाट बैशाख-पूर्णिमाको दिन नेपाल अधिराज्यभरमा अहिंसाको घोषणा गरिबक्सँदै हुकुम भयो - "बैशाख-पूर्णिमा एक पवित्र दिन भएको र सो पवित्र दिनका दिन नेपाल राज्यभर हिंसाकर्म रोक्ने मेरो इच्छा अनुसार यहाँ पुगेको घटनामा यो घोषणा गर्दछु - जो चाहिने प्रबन्ध मेरो सरकारबाट हुनेछ ।" यसरी लुम्बिनी नेपाल अधिराज्यभर एकै दिनको निमित्त भए तापनि समस्त प्राणीहरूलाई अभय दान दिने एक पुण्य स्थान हो । लुम्बिनीमा पुग्ने वित्तिकै करुणा र प्रेम श्रद्धालु हृदयमा उर्लिएर आउनु स्वभाविकै छ ।

ईसवी सम्बत् १९७७ को नव वर्ष दिवस अर्थात् १ जनवरीका दिन एक अर्को अविस्मरणीय र ऐतिहासिक कार्य सुसम्पन्न भयो। जसमा श्री ५ महाराजधिराज वीरेन्द्र वीर विक्रम शाहदेव, श्री ५ मुमा बडामहारानी रत्नराज्य लक्ष्मी देवी शाह, श्री ५ कान्छा जिज्यू मुमा महारानी ईश्वरी राज्य लक्ष्मी देवी शाहबाट लुम्बिनीको पूजा अर्चना गरिबक्सियो। लुम्बिनीमा श्री ५ महाराजाधिराज वीरेन्द्र विक्रम शाहदेव सरकारबाट रोपी बक्सेको रुख पल्लवित हुँदैछ। हाल श्री ५ अधिराजकुमार ज्ञानेन्द्र वीर विक्रम शाह लुम्बिनी विकास कोषका अध्यक्ष होइबक्सिन्छ। मौसूफबाट प्रज्वलित गरिबक्सेको शान्ति ज्योति अब लुम्बिनीमा अखण्ड रूपमा बलिरहेको छ। यसर्थ आजको यस शुभ-परिस्थिति र शान्तपूर्ण वातावरणमा पन्ध्रौं विश्व बौद्ध सम्मेलन हुनु र "लुम्बिनी : एक विश्वशान्तिको प्रतीक" सम्मेलनको मुख्य विषयवस्तु हुनु निश्चय पनि ऐतिहासिक दृष्टिले महत्वपूर्ण हुने र अविस्मरणीय उपलब्धि प्राप्त हुने आशा गर्न सकिन्छ।

(धर्मकीर्ति १४/१२ चैत्रपूर्णिमा)

लुम्बिनी विकास योजनाका निर्माण कार्य

शाक्यमुनि बुद्धको जन्म थलो लुम्बिनीको अतीतको निर्माण-कार्य अथवा शताब्दीदेखि शताब्दीसम्मका श्रद्धाका चिन्हहरू आज हाम्रो सामु मौर्य, शुंग, कुषाण र गुप्तकालका अवशेषहरूको रूपमा उत्खनन्बाट देखिएको कुरा सबैमा विदितै छ । साधारण मानिसले देख्ने गरी आज अशोकस्तम्भ, सिद्धार्थ-पोखरी, दिव्यावदानको शब्दमा "प्रथम चैत्य" प्राचीनतम लुम्बिनीको सिद्धार्थ-जन्म-स्मारक (मायादेवी देगल) र श्रद्धाका चैत्यहरू उत्खनन्बाट प्राप्त अवशेषहरू हाम्रो सामु छ । यसको हामी पूजा गरी नै रहेका छौं । अरू केही अवशेषहरू पृथ्वीभित्र नै लुकिरहेका छन् जुन भविष्यमा हुने उत्खनन्बाट देखिने नै छ ।

२५०० औं महापरिनिर्वाणको पुण्य अवसरमा पूर्णरूपेण श्री ५ को सरकारको खर्चमा लुम्बिनीमा स्थविरवाद विहार, अतिथि गृह (जहाँ अहिले लुम्बिनी विकास कोषको कार्यालय रहिरहेको छ), यात्रु गृह (जहाँ केही समय अगाडीसम्म माध्यमिक विद्यालय रहेको थियो र हाल लुम्बिनी विकास योजना अन्तर्गतका सिद्धार्थ-जन्म-स्मारक उत्खनन् क्रममा कार्यगर्ने जापान बुद्धिष्ट फेडेरेशनको अफिस छ) र महेन्द्र-स्तम्भ निर्माण भए । यस भन्दा अघि लुम्बिनी धर्मोदय सभाको प्रयत्नबाट सिद्धार्थ-जन्म-स्मारक (मायादेवी देगल), अशोकस्तम्भ, सिद्धार्थ पोखरी लगायत केही पुरातात्त्विक विहार र स्तूपहरूलाई तारले घेर्ने गरी सुरक्षा सम्भार गर्दै निर्माण भए र रुख विरूवाहरू पनि रोपिए । सं.रा.सं.का पूर्व महासचिव स्व. उ.थान्टको

श्रद्धाबाट एउटा विश्राम गृह, खानेपानीको व्यवस्था भए र एउटा अर्को विश्रामगृहको पनि निर्माण भयो ।

लुम्बिनी विकास समितिको प्रयत्नबाट विकासको गुरुयोजनाको लागि आवश्यक जग्गा अधिकरण, लुम्बिनीसम्म बिजुली पुऱ्याउने, वृक्षारोपण गर्ने कार्यसँगै भैरहवा (सिद्धार्थनगर) देखि लुम्बिनीसम्मको पक्की सडकको निर्माण कार्य सुसम्पन्न भयो । यी सबै कार्यहरू श्री ५ को सरकारको अर्थस्रोतबाट सम्पन्न भएको हो ।

लुम्बिनी विकास आयोजनाको आह्वान अनुसार संसार प्रसिद्ध वास्तुकलाविद् प्रो. केन्जो टांगेको गुरुयोजनाको डिजाइन अनुसार मित्र राष्ट्र श्रीलंकाको सहयोगमा यात्रुगृह, मित्र राष्ट्र भारतको सहयोगमा लुम्बिनी संग्रहालय, मित्र राष्ट्र जापानको द रेयुकाईको सहयोगमा एउटा लुम्बिनी पुस्तकालय, विश्व भ्रातृत्व संघको आंशिक सहयोगमा एउटा पुल र जापानको तीनतारे होटेल होक्केको निर्माण भई शान्तिको अखण्डदीप प्रतिदिन प्रज्ज्वलित भइरहेकोछ ।

विकास कोषको पुनर्गठन पछि हालको पुनर्गठन अघिसम्म विशेषरूपमा लुम्बिनी विहार क्षेत्रभित्र र लुम्बिनी योजना क्षेत्रभित्र संघावास (भिक्षुहरू बस्ने ठाउँ), स्तूप, ध्यानागार, बुद्धपूजा गर्ने विहार बनाउन देशविदेशका विभिन्न बौद्ध संघ संस्थाहरूसँग विहार क्षेत्रका लागि विभिन्न १९ वटा आयोजनाहरू बारेमा अनुबन्ध भइसकेको छ । ती योजनाहरू मध्ये केही निर्माण योजनाहरू अहिले कार्यान्वयन भईरहेकोछ ।

नेपालको तर्फबाट विहार, बहाल, गुम्बा र स्तूपका निर्माणको लागि धर्मोदय सभासँग भएको अनुबन्ध अनुसार स्थविरवादी विहारको निर्माण कार्य मूल रूपमा पूराहुन लागकोछ । स्वयम्भू महाचैत्यको स्तूप बनाउन जगका निर्माण कार्य शुरू भएकोछ । यस प्रयोजनका लागि नेपाली श्रद्धालुहरूबाट श्रद्धादान

प्राप्त भएको थियो भने प्रयोजनको लागि नेपाली श्रद्धालुहरूको श्रद्धादान नै अपेक्षित छ।

म्यान्मार सरकारसँग १२-२-१९९३ का दिन अनुबन्ध भए अनुसारको विहार-स्तूप चाँडै निर्माण कार्य पूरा हुने भएकोछ।

जापान बुद्धिष्ट फेडरेशनसँग १६-९-१९९३ का दिन अनुबन्ध भए अनुसार सिद्धार्थ-जन्म-स्मारकाको उत्खनन् कार्य विगत दुई वर्षदेखि अनवरत रूपमा हुँदै रहेको अहिलेसम्म चालु नै रहेकोछ। यसबीच दुई चोटि अन्तर्राष्ट्रिय आधिकारिक पुरातत्त्वविद् र नेपालका पुरातत्त्वविद् एवं संस्कृति विशेषज्ञहरूसँग संगोष्ठी भइसकेको छ। यस पुरातात्त्विक उत्खननबाट सिद्धार्थको जन्म ठीक कुन भूभागको कुन ठाउँमा भएको थियो भन्ने निर्दिष्ट गरेर निणर्य गर्न सक्ने उपलब्धी भएको बारेमा उच्च स्तरबाट उद्घोषणा निकट भविष्यमा गर्न सक्ने अवस्थामा पुऱ्याएकोछ।

भियतनाम फट बुक तुसँग ९-५-१९९३ का दिन भएको अनुबन्धनानुसार कार्यान्वयका लागि भण्डार गृह र भिक्षुहरू बस्ने सानो विहार निर्माण भईसकेकोछ।

जापानको सोक्यो संगठनसँग २१-२-१९९३ का दिन भएको अनुबन्धनानुसार विहार क्षेत्र घेर्ने काम भई एउटा क्वार्टरको पनि निर्माण भइसकेको छ।

जापानको निप्पोनजान म्याहोजीसँग ९-८-१९९३ का दिन भएको अनुबन्धनानुसार एउटा भव्य पूजा गर्ने विहार निर्माण भएर हालै समुद्घाटन भइसकेको छ। साथै सा-साना भिक्षु-आवास-कोठाहरू र भण्डार गृह आदि पनि निर्माण भईसकेको छ। एक शय पचपन्न फूट अगला विश्वशान्ति स्तूप निर्माणको लागि जग हाल्ने काम सम्पन्न भई स्तूपको खम्बा बनाउने काम हुन लागेको छ।

गणतन्त्र कोरियाको यांग दो सोसाइटीसँग २२-११-१९९३ का दिन भएको अनुबन्ध अनुसार एउटा कार्यशाला भवन तयार भईसकेको छ ।

जापानको 'द रेयुकाई' सँग ६-११-१९९३ का दिन भएको अनुबन्धनानुसार लुम्बिनी पुस्तकालय भवन पूरा भइ सकेकोमा हाल अनुसन्धान संस्थान भवन विद्वत् आवास गृह बनाउने काम सन् १९९५ सम्म पूरा हुने गरी निर्माण कार्य भइरहेको छ । पुस्तकालयको लागि अनुसन्धानका विद्वत् वर्गलाई प्रयोजनको लागि मित्र राष्ट्र भारत सरकारबाट प्रदान गरिएका इतिहास, संस्कृति, पुरातत्त्व, वास्तुकला र धर्म आदि विषय सम्बन्धी ने.रू. १२ लाख मूल्य बराबरको १०५० पुस्तकहरू प्राप्त भइसकेका छन् । जुन अहिले लुम्बिनी विकास कोषको लुम्बिनी कार्यालयमा राखिएको छ ।

भित्र राष्ट्र थाइलैण्ड सरकारसँग १४-९-१९९४ का दिन अनुबन्धन भए अनुसार थाई विहार निर्माण हुने काम छिट्टै नै शुरू भई लक्षित समयभित्र पूरा हुनेछ । त्यस्तै १३-९-१९९४ का दिन अनुबन्धन भए अनुसार नेपालको नेतृत्त्वमा अन्तर्राष्ट्रिय आर्यावास (भिक्षुणी विहार) को जग हाल्ने काम शुरू भएको छ ।

अहिले लुम्बिनी विकास कोंष गुरूयोजना अनुसार रोपिएका जंगलका विभिन्न जातका लाखौं रूख विरूवाहरू हराभरा भई झन् झन् स्वस्थ वातावरणको निर्माणमा सहयोग गर्दैछ । अन्तर्राष्ट्रिय सारस फाउण्डेशनसँग २५-१२-१९९४ का दिन भएको अनु बन्धनानुसार दूर्लभ एवं लोप हुन लागेका चराचुरूङ्गीहरूलाई वासस्थान र वातावरण दिने काम भएको छ । मैले स्वयं थुप्रै नीलगाईहरू देखेकोछु । चारकोशे जंगलको फडानीबाट बसाई सरेर आफै आएका यी नीलगाईहरूको संख्या चालीस/पचास छन् भन्ने सुनेकोछु । यी नीलगाईहरूबाट वरपरका बालीनालीमा क्षति

पुऱ्याइएको छ भन्ने जनगुनासो पनि सुन्नमा आएकोछ । यहाँ शयकडौं प्रकारका चराचुरूङ्गी तथा जनावरहरू लुम्बिनी गुरूयोजना क्षेत्रभित्र शान्तिका साथ सुरक्षा र स्वतन्त्रताको श्वास फेर्दै छन् ।

लुम्बिनी विकास कोषले अन्तर्राष्ट्रिय बौद्ध संघ संस्थाहरूसँग विश्वासको वातावरण सिर्जना गरेकोले र अनुबन्धित विहार स्तूप आदि निर्माणका लागि लु.वि.को.ले अनुबन्धित संघ संस्थाहरू स्वयं आफैले खर्च व्यहोर्नु पर्ने व्यवस्था गरेकोले अन्तर्राष्ट्रिय बौद्ध विहार क्षेत्रमा निर्माणको अनुबन्ध हुन सकेको र निर्माण कार्य भईरहेको हो । तर तल लेखिए अनुसारक अनुबन्धित शर्तानुसारको सुविधा र आवश्यकता पूरा गरीदिने काम भएमा यो विकासको कार्यमा आउने दिनहरूमा अझै गति आउने छ र नयाँ अनुबन्धनहरूका लागि स्वागतद्वार खुल्नेछ ।

आजका समस्याहरू :-

(क) अनुबन्धित प्रायोजना शुरू गरिसकेका बौद्ध संघ संस्थाहरूलाई टेलिफोन सुविधा उपलव्ध गराई दिने ।

(ख) बिजुली बत्ती नपुगेको प्रायोजनाका स्थलहरूमा बिजुली बत्ती पुऱ्याइदिने ।

(ग) प्रायोजना स्थलको र यसमा कार्यरत संघ संस्थाहरूलाई सुरक्षा व्यवस्था प्रदान गर्ने जसबाट सम्भावित चोरी डकैती भएर अन्तर्राष्ट्रिय बौद्ध जगत्मा बदनामी हुन नपरोस् ।

(घ) अनुबन्धनानुसार योजना कार्य क्षेत्रसम्म पक्की सडक बनाइदिने ।

(ङ) खानेपानी र विकासको योजनाबद्ध तरीकाले निर्माण गरिदिने ।

(च) विस्तार हुँदै गईरहेको वन क्षेत्र संरक्षणमा आगलागी हुनासाथ निभाउन सक्ने पूर्व व्यवस्था गर्ने ।

(छ) अनुबन्धित योजनाको कार्य सम्पादनमा कार्यरत् भिक्षुहरू र कार्यकर्ताहरूलाई यथाशीघ्र सुविधायुक्त वीसा व्यवस्था मिलाई दिने ।

(ज) अनुबन्धित प्रायोजनाको कार्यान्वयनको लागि आवश्यक सिमेण्ट, डण्डी आदि निर्माण सामग्रीहरू नेपालमै उत्पादित वस्तु मात्रै प्रयोग गराउने नीतिमा उदारता ल्याई समयमा नै आवश्यक मात्रामा र सस्तो सुलभ मूल्यमा निर्माण सामागी आयात गर्न दिने उदार व्यवहारमा श्री ५ को सरकारका सम्पूर्ण मन्त्रालय र विभागहरूबाट आज-भोलि, आज-भोलि गर्ने र यो पछि त्यो, त्यो पछि यो कुरा मिलेन र नियम पुगेन भन्ने हाम्रो देशको विकासका लागि ठूलो अवरोधक प्रवृत्ति त्यागेर छिटो छरितो सहयोग गर्ने काम गरिदिने । यसबाट अन्तर्राष्ट्रिय बौद्ध संस्थाहरूको हाम्रो जांगरको र लुम्बिनीप्रति दायित्त्व बोध भएको अनुभव गर्न सकिने छ । शाक्यमुनि बुद्धको जन्मथलो लुम्बिनीको विकास कार्य चाँडै पूरा हुन सकिने वातावरणमा सहयोग पुऱ्याउने छ ।

(गोरखापत्र ३०।१।२०५२)

लुम्बिनी तथा यसको निर्माण

"लुंमिनि" "सक्यमुनि बुध" को जन्मथलो हो । 'महापरिनिब्वाणसुत्त' अनुसार बौद्ध श्रद्धालुहरूका लागि चार संवेजनीय स्थानहरू छन् । दिव्यावदान अनुसार राजा अशोकका गुरु स्थविर उपगुप्तका शब्दमा लुम्बिनी बुद्धको जन्मथलो र पहिलो चैत्य स्थान हो । लुम्बिनीस्थित राजा अशोकको ढुंगाको स्तम्भको अभिलेख अनुसार राजा अशोक आफ्नो राज्याभिषेकको बीस वर्षपछि आफै आइ यहाँ दण्डवत भएको थियो, "अत्तनोआगाच महीयिते" । यहाँको उत्खनन् र अन्वेषण अनुसार मौर्य, शुंग, कुशाण र गुप्त युगका श्रद्धाका चिन्ह ईंटाका निर्माण शैली तथा अन्य कलात्मक चिन्ह फेला परेको छ । यहाँ अशोकले शाक्यमुनि बुद्ध जन्मनु भएको हो भनी शिलास्तम्भमा कुँदाएको थियो । जुन अहिलेसम्म अर्थात् अढाई हजार वर्ष पछि सम्म स्पष्ट र अक्षत रूपमा सुरक्षित भइ आएको छ । यस स्तम्भको फेदी हेर्नका लागि खनेका बेलाहरूमा अथवा अर्थ-अपेक्षाले यस स्तम्भको फेदी हेर्न भनी खन्दापनि यस स्तम्भको आफ्नै मूल स्थापना जगमा नुक्सान नपुग्नु नै आजका र भविष्यका पुरातत्त्वविज्ञ तथा इतिहासकारहरूका लागि साँच्चिकै खुशीको कुरो भएको छ । अन्यथा यो स्तम्भ १३५६ ईसवीमा मेरठ र टोपराबाट ल्याइकन देहलिका सुल्तान फिरोजशाह तुग़लकले आफ्नो शाही कटरमा र कुरकसिका नजिक ठड्याउन ल्याए झैं ल्याइएको ठहर हुन जाने आशंका थियो । अशोकस्तम्भ फलानो ठाउँबाट ल्याएर पछि मात्र लुम्बिनीमा पुनःस्थापित गरेको हो भन्न चाहने दुःस्वप्नकर्ताहरूलाई बीउ हुन सक्दथ्यो । अनि उडिसाका चक्रधर महापात्रले – "The

Real Birth Place of Buddha" नामक पुस्तकमा कल्पित सत्यका आधारमा लुम्बिनी, कपिलवस्तु इत्यादि बुद्धका ऐतिहासिक तीर्थ स्थलहरू उडिसामा पर्दछ भने जस्तै स्तम्भको कृत्रिम प्रमाण दिई प्रलाप गर्ने विद्वानहरूका लागि केही आनन्द श्रोत पाउन जाने थियो । यहाँसम्म नभए पनि बौद्ध विहार र स्तूपका उत्खनन् अनि यहाँ फेला परेको वस्तुहरूका आधारमा भारतीय पुरातत्त्वविद् के. एम. श्रीवास्तवले "Discovery of Kapilvastu" पुस्तक लेखी प्राचीन कपिलवस्तुका केही अंश भू-भागलाई लिएर राजा शुद्धोदनका राजदरवार पिपरहवा क्षेत्र नै हो भन्दै कपिलवस्तु पिपरहवामा पर्दछ भनेर प्रमाणित गर्न खोज्ने जस्तालाई कुरा बंग्याउन आनन्द मिल्न जाने थियो होला । अथवा निग्लिहवास्थित र गोटिहवास्थित अशोकस्तम्भ र त्यहाँका पुरातात्त्विक भू-भागका अध्ययन, अन्वेषण र उत्खनन्को राम्रै महत्त्व नबुझेर नेपालले राम्ररी पैसा खर्च गरेर बौद्ध नेपाली पुरातत्त्वविज्ञ श्रमले केही काम गर्न सकिने बेलासम्ममा सक्कली कपिलवस्तुका विपक्षवादीहरू हामी भन्दा निकै अगाडि पुग्ने पो हो कि ?

लुम्बिनी र कपिलवस्तुको पुरातात्त्विक उत्खनन् अध्ययन केही भइसकेपछि अर्थात् एशियाटिक सोसाइटीको स्थापना भई बौद्ध ऐतिहासिक स्थलको खोजी हुने बित्तिकै राजा अशोकका ब्राह्मी लिपि पढ्दा कैयन् विद्वानहरू दशाब्दीयौं प्रयास पछि पढ्न सकिने अवस्थामा पुगे । यता संस्कृत भाषामा लेखिएका बुद्धधर्म सम्बन्धी नेपालका थुप्रै पुस्तकहरू विश्वका प्रबुद्ध पुस्तकालयहरूमा पुगेपछि र श्रीलंकाको बौद्ध जागरणबाट एशिया तथा यूरोपमा पालि बौद्ध साहित्य अध्ययन गरिसकेपछि, चिनियाँ यात्रीहरूका यात्रा बृत्तान्त अध्ययन पछि लुम्बिनी, कपिलवस्तु, बुद्धगया, सारनाथ, कुशीनगर, श्रावस्ती जेतवन, अजन्ता र एलोरा इत्यादि देखिसकेपछि पुनः एकपल्ट विश्व बौद्ध पर्यटन क्रम शुरु भयो ।

यही क्रममा लुम्बिनी पुनः निर्माण गर्ने प्रबल इच्छा गरेका बौद्ध देशहरूमध्ये नेपाल बाहेक अरू देशमा पहिला जापान पर्दछ । एकशय आठवटा शान्ति स्तूपहरूका शीतल छहारीमा बस्ने पुण्य-प्रणका त्यो पहिलो व्यक्ति हुनुहुन्छ, जापानी भिक्षु निचिदात्सु फूजिगुरुजी ।

श्रद्धेय फूजिगुरुजी २४ फरवरी १९३१ का दिन लुम्बिनीमा पुग्नु भएको थियो । उहाँले लुम्बिनी खण्डहरको माटाका ढिस्को माथि बसेर शाक्यमुनि बुद्धलाई आफ्नो मन भित्र राखेर ना-म्यों-हों-रें-गे-क्यो पाठ गर्दै धर्म दुन्दुभी बजाउनु भयो । उहाँका धर्मघोष धर्मदुन्दुभीको आवाज सुनेर जंगलमा आइरहेका र त्यसका वरपरका गाउँलेहरू त्यहाँ जम्मा हुन आए । उहाँ चाहिं शाक्यमुनि बुद्धको ध्यानमा मग्न भई बसी रहनु भयो । उहाँको वज्रासनमा न कुनै परिवर्तन आयो न त उहाँबाट पाठ गर्ने र धर्म दुन्दुभी बजाउने काम नै बन्द हुन गयो । घण्टौं घण्टा कुरो भएन, रात दिन बितेर जाँदा पनि उहाँमा कुनै परिवर्तन आएन । यसबाट लुम्बिनी वरपरका मानिसहरूको भीड बढ्दै गयो । पछि उहाँसँग सोधियो – "तपाई यसरी किन बसिरहनु भएको ?"

उहाँले जवाफ दिनु भयो – "बुद्ध जन्मनु भएको ठाउँमा केही छैन । यहाँ आउनका लागि बाटो छैन, यहाँ बस्नको लागि कुनै बासस्थान पनि छैन । त्यसैले यो ठाउँको राम्ररी हेरविचार गरी यसको वरपर विहार तथा शान्ति-स्तूप बनाउन मैले विचार गरें । मैले यो काम आफ्नो जीवनभर गर्ने र यस जीवनमा गर्न नसकेको काम अर्को जन्ममा पूरा गर्न आउने अधिष्ठानमा म छु ।"

यो कुरा प्रचार हुँदै गयो । अनि एक जनाले नेपालका श्री ३ महाराजसँग अनुमति लिएरमात्र निर्माणको काम गर्न सल्लाह दिनु भयो । त्यसै अनुरूप उहाँले श्री ३ महाराज समक्ष एउटा निवेदन प्रस्तुत गर्नु भयो । उहाको पत्रको जवाफमा पाएको उत्तर थियो –

"यो नेपाल हो, यहाँ अरू देशकाले केही गर्नु हुन्न । हामी नै बनाउँछौं ।" यो जवाफ पाएपछि उहाँ बुद्धगया जानु भयो । त्यहाँबाट पुन: राजगृहमा जानु भयो । अनि उहाँले राजगृहमा विहार बनाउनु भयो । पछि क्रमिक रूपमा गृधकूट पर्वतको पुरातात्त्विक थुम्को नजिक रहेको अर्को पर्वतको चुच्चोमा एउटा भव्य-शान्ति-स्तूप र तलतिरका बंजर जंगलमा वेणुवन महाविहारको निर्माण गर्नु भयो । पछि उडिसाको भुवनेश्वरमा, लद्दाखमा, मुम्बैमा, दार्जीलिंगमा र वैशाली आदि भारतीय क्षेत्रमा भव्य शान्ति-स्तूपहरू निर्माण गर्नु भयो । त्यस्तै श्रीलंकाको श्रीपादमा, बेलायत आदि देश विदेशमा र आफ्नै देश जापानका पचासौं ठाउँमा गरेर झण्डै शयवटा शान्ति स्तूपहरूको निर्माण गर्नुभयो । जापानमा १०० औं जन्मोत्सव पछि उहाँको निधन भयो ।

हाल लुम्बिनी विकास योजना क्षेत्रभित्र ६४ वर्षपछि फेरि विश्व-शान्ति-स्तूप निर्माणका लागि उहाँद्वारा स्थापित संस्था र शिष्यहरूद्वारा निप्पोनजान म्योहुजि विहारको निर्माण कार्य समाप्त भइसकेको छ । साथै विहारको लागि आवश्यक पर्ने भिक्षु आवास कोठा, स्टाफ कोठा, चुल्हो कोठा आदि पनि आकर्षक ढंगले बनाई यसको उद्घाटनको कार्य पनि भई सकेकोछ । यही विहारको उत्तरपूर्वमा १५५ फीट अग्लो विश्व-शान्ति-स्तूप बनाउन ३० लाख जति खर्च गरी जग निर्माण गर्ने काम पूरा गरिसकेको छ । यो स्तूपको निर्माणको काम जाडो र गर्मी यामको परवाह नगरी भइरहेको छ । यस्तो प्रचण्ड गर्मीमा समेत लुम्बिनीको तराईमा फाँटमा बिना बिजुली, बिना पानीको सुविधा अझ फलाम एक टुक्रा समेत चोरर लैजान लाज नभएका केही व्यक्ति भएको ठाउँमा बिना सुरक्षा व्यवस्था उहाँ फूजिगुरुजीका शिष्य जापानी भिक्षु युताका नावातामे (Yutaka Nabatame) त्यहाँ रहेर शान्ति-स्तूपका लागि आफ्नो जीवन समर्पित गरिरहनु भएकोछ । शीघ्र पाइने भनिएको टेलिफोन सुविधा, पानीको सुविधा, बाटोको सुविधा लुम्बिनी विकास

कोषसित भएको सम्झौता अनुरूप अझ सम्म प्राप्त भएको छैन । यस विषयमा लुम्बिनी विकास कोषले पनि कम प्रयास गरेको छैन । तर विडम्बना यो छ कि ७०/८० मिटर टाढा बिजुली लाइन र बिजुलीका खम्बा पुगिसकेर पनि विश्व-शान्ति-स्तूप निर्माण गर्नका लागि बिजुलीसम्म पुगेको छैन । यसभित्र के रहस्य लुकेको छ ? यही नै नेपाली बौद्ध शक्तिले बुझेर विकास कोषसित भएको सम्झौता अनुरूप विहार क्षेत्रको निर्माण कार्य आ-आफ्नो देशबाट भइरहेको करीब १२ वटा जति बौद्धसंघ संस्थाहरूको प्रयासमा जोड दिई सबै क्षेत्रबाट सहयोग पुऱ्याउन आवश्यक देखिन्छ ।

(२५३९ औं बुद्धजयन्ती लुम्बिनी बुद्धको जन्मभूमि स्मारिका)

लुम्बिनी शतवार्षिक महोत्सव र चिनिया बौद्ध विहारको शिलान्याश

भगवान् बुद्धको जन्म बैशाखपूर्णिमाको दिन प्राचीन परम्पराको गणना अनुसार ६२३ इ.पू. लुम्बिनीमा भएको थियो । महापरिनिर्वाणको केही समय अगाडि स्वयं भगवान् बुद्धले भन्नु भएको थियो, जहाँ तथागत जन्मनुभएको थियो, जहाँ बोधित्वलाभ भएको थियो, जहाँ पहिलो धर्मचक्र प्रवर्तन भएको थियो र जहाँ महापरिनिर्वाण भएको थियो, ती स्थानहरू श्रद्धालुहरूका लागी दर्शनीय र संवेदनीय स्थानहरू हुन् । भगवान् बुद्धको परिनिर्वाणपछि श्रद्धालुहरूद्वारा चार संवेजनीय महान् पवित्र स्थलहरूको यात्रा गर्न थाले । इ.पू. २५० मौर्यराजा अशोकले आफ्नो राज्याभिषेकको बीस वर्षपछि आफ्ना धर्मगुरु भिक्षु उपगुप्त संगै भगवान् बुद्धको पवित्र जन्मस्थल लुम्बिनीमा तीर्थयात्रा गर्नुभयो र त्यहाँ बुद्धको जन्मस्थलमा भविष्यका लागि हित हुने रूपमा प्रतीक चिन्हकासाथ प्रथम चैत्य निर्माण गर्नुभयो र शिलास्तम्भ खडा गर्नुभयो । अशोकको शिलास्तम्भको अभिलेख यस प्रकार छ : -

> "देवानपियेन पियदसिन लाजिन वीसतिवसाभिसितेन अतनआगाचमहीयिते हिदबुधेजाते सक्यमुनीति सिलाविगडभीचा कालापित सिलाथभेच उसपापिते हिदभगवंजातेति लुंमिनिगामे उबलिकेकटे अठभागियेच ।

देवताहरूका प्रिय प्रियदर्शी (अशोक) राजा राज्याभिषेकको २० बर्ष पछि आफै सवारी भइबक्स्यो । यहाँ शाक्यमुनि बुद्धको जन्म भएकोले ढुङ्गाको चिनो राख्न लगाइबक्सियो र एउटा शिलास्तम्भ पनि स्थापना गरिबक्सियो । यहाँ बुद्ध भगवान् जन्म भएकोले लुम्बिनीग्राममा बलिप्रथाबाट मुक्त गर्न हुकुम भइबक्स्यो र "अठभागीय" अष्टांगमार्गका अर्थका भागीय पनि ।

अशोकपछि पनि थुप्रै श्रद्धालुहरूले लुम्बिनीको यात्रा गरे । सुइ चिन चुको *(SHUI-CHING-CHU)* वर्णन अनुसार मायादेवी मूर्ति र सिद्धार्थको चरण-चिन्ह त्यसबेला थियो । पाँचौ शताब्दीको प्रारम्भमा फाहियान र सातौं शताब्दीको प्रारम्भ ह्वेनसांग जस्ता चीनिया यात्रीहरूले भगवान् बुद्धको जन्मस्थल पवित्र लुम्बिनीको तीर्थाटन गरेको प्रसिद्ध छ । त्यस्तै १२ औं शताब्दीमा पश्चिमी नेपालका मल्ल राजा रिपुमल्लले लुम्बिनीको तीर्थयात्रा गरे ।

शान्तिका अग्रदूत भगवान् गौतम बुद्धको जन्मस्थल पवित्र लुम्बिनी केही शताब्दीसम्म अज्ञातवश उपेक्षित भइरहेको थियो । लुम्बिनीको तराइमा अशोकस्तम्भ देखिए । १८९३ मा मेजर जयकर्णसिंहले अशोकस्तम्भ भन्ने चिने । अनि सन् १८९६ दिसेम्बर १ तारिखका दिन तत्कालीन नेपालका पश्चिमाञ्चलका कमाण्डिङग जनरल श्री खड्गशम्शेरसँग भेट्ने जर्मनका पुरातत्वविद् डा. एलोइस एण्टोन फुहररबाट अशोकस्तम्भ अभिलेख विश्वमा व्यापकरूपमा प्रचार प्रसार भयो । भगवान् बुद्धको जन्मस्थल लुम्बिनीबाट शान्तिको ज्योति फेरी फैलियो ।

लुम्बिनीमा केही पुरातात्त्विक कार्यहरू भए । श्री ५ को सरकारको पुरातत्त्व विभागबाट समय समयमा भएको उत्खनन र संरक्षणका कार्यहरूको क्रममा लुम्बिनीमा पवित्र तीर्थस्थलरूपमा निर्माण गर्दै, पूजा गर्दै आएको कुरा सिद्धार्थ-जन्म-स्मारक मायादेवी मन्दिर आसपासमा भक्तजनहरूले बनाइराखेका स्तूपहरू, विहारहरू,

मायादेवीले स्नान गरेको पवित्र पुष्करणी, दक्षिण दिशातिरको तेस्रो शताब्दी ईसवीपूर्वदेखि तेस्रो शताब्दी ईसवीपछिसम्मका विहारहरूबाट स्पष्ट हुन्छ ।

लुम्बिनी विकास समिति, श्री ५ को सरकार, पुरातत्त्व विभाग र जापानी बुद्धिष्ट फेडरेशनको संयुक्त प्रयासमा बुद्धको जन्मस्थल सिद्धार्थ- जन्म-स्मारक मायादेवी मन्दिरको उत्खनन्मा भगवान् बुद्धले पृथ्वीमा प्रथम चरणस्पर्श भएको पवित्र स्थलमा भविष्यका लागि सबैको हितार्थ धर्मको चिरस्थितिको लागि अशोकले आफ्ना धर्मगुरुको स्वीकृतिका साथ राखिएको पदचिन्ह छोपेको चरणाकारको ढुङ्गा पाइयो । "हिदबुधजाते सक्यमुनीति" र "हिदभगवंजाते लुंमिनिगामे" उल्लेखित स्तम्भाभिलेख प्राप्ति १९ औं शताब्दीको लागि जुन पुरातात्त्विक संसारमा ठूलो उपलब्धि भए जस्तै सिद्धार्थले पहिले पृथ्वीमा पाइला टेकेको ठाउँको 'चिनो शिला' पाउनु २० औं शताब्दीको अन्ततिरको जीवित बौद्ध स्मारकको महानतम पुरातात्विक उपलब्धि हो । यस पुरातात्विक उपलब्धिपछि अशोकस्तम्भमा रहेको अभिलेखको "सिलाविगडभीचा कालापित" को प्रो. फिसर (Prof. Pischer 1903) देखि प्रो. के. नरमन (Prof. Kenneth Norman, 1994) सम्मको एक शताब्दी लामो पुरानो अर्थ्याइँको विवाद पनि सधैंको लागि टुंगियो । साथै लुम्बिनीको यस उत्खननबाट मौर्य, शुंग, कुषाण, गुप्तयुगदेखि लिएर सुरक्षार्थ बीसौं शताब्दीको निर्माणसम्मको अवशेष स्पष्ट भएकोछ ।

भगवान् बुद्धले पहिलो पाइला राख्नुभएको पवित्र मूल स्थल पत्ता लागेको उत्साहपूर्ण वातावरणमा अशोकस्तम्भ, स्तम्भाभिलेखको अर्थ प्रचार प्रसारमा आएको एकशय वर्ष पूरा भएको उपलक्ष्यमा लुम्बिनी शतवार्षिक महोत्सव मनाइएको छ ।

लुम्बिनी शतवार्षिक महोत्सवबाट भगवान् बुद्धको जन्मस्थलप्रति समस्त नेपालीको कर्तव्य पालनको एक कदम लुम्बिनी विकास योजना अन्तर्गतका निर्माण कार्य हेर्न धेरैलाई सुअवसर दिएको छ । लुम्बिनी विकास योजना अन्तर्गत यसै १ डिसेम्बर १९९६ का दिन ११:३० बजे मित्रराष्ट्र चीनबाट बन्ने "लुम्बिनी चीनिया विहार" को शिलान्याश कार्य भव्यरूपमा ६५ सदस्यीय चीनिया बौद्ध शिष्टमण्डलबाट सुसम्पन्न गरियो । यो लुम्बिनीस्थित चीनिया बौद्ध विहार त्यस्तै नेपाल चीन मैत्री तथा साँस्कृतिक सम्बन्धको प्रतीक बन्नेछ, जस्तो पेकिङ्गस्थित अरनिकोको श्वेतचैत्य नेपाल चीन मैत्री तथा साँस्कृतिक सम्बन्धको प्रतीक बनेको थियो, बनिरहको छ र बनिरहनेछ ।

(आनन्दभूमि वर्ष २४, अंक ८, बु.सं. २५४०)

सिद्धार्थको जन्म-स्मारक (मायादेवी मन्दीर) को उत्खनन र उपलब्धि : एक परिचर्चा

बुद्धको जन्म, सम्बोधि-प्राप्ति, धर्मचक्र-प्रवर्तन र महापरिनिर्वाण स्थल श्रद्धालुहरूका लागि संवेजनीय र दर्शनीय स्थानहरू हुन् । आजभोलि यी संवेजनीय स्थानहरूमा जुन चार प्रमुख स्मारकहरू छन् ती सबै विभिन्न वास्तुकला शैलीका छन् । बुद्धगयास्थित देगल शिखर शैलीको छ भने सारनाथमा धम्मिक स्तूप *(थुबे)* छ । त्यस्तै कुशीनगरमा स्तूप र स्तूप नजिकै सामुन्ने विशाल महापरिनिर्वाण बुद्धमूर्ति सहितको लामो आकारको भुईतले देगल छ । लुम्बिनीको सिद्धार्थको जन्म-स्मारक, जुन अशोकस्तम्भ नजिकै पूर्व दिशामा छ, पूर्व पश्चिम केही लाम्चो आकारको चतुष्कोणको छ । यस स्मारकको पूर्वी भागमा अलिकति उँचाईको मैदान छ, पश्चिमी भागमा अलिकति होचो मैदान छ र यसैमा चतुष्कोण एक तले सानो कोठामा सिद्धार्थको जन्म दृश्यको मायादेवी मूर्ति राखेको छ । त्यहाँ पूजार्थ जाँदा अगाडिको पूर्वी मैदानबाट खुडकिलोको ओरालो लागेर जानु पर्दछ । स्मारक अगाडिको भग्नावशेषमा स्वतः उम्रेर आएका तीन चारवटा रूखहरू थिए र पछि यी रूखहरू मध्येमा एउटा रुख चाहीं झण्डै एक शय वर्षदेखि हाम्रो मानसपटलमा लुम्बिनीका अंग जस्तै भएर हराभरा हुँदैरह्यो ।

ईसवी १८९६ मा डा. ए. फुहरर (Dr. A. Fuhrer, PhD) को प्रयत्नबाट लुम्बिनीस्थित अशोकको शिलास्तम्भाभिलेखको प्रचारको परिणाम स्वरूप बुद्धको जन्मस्थल बारेको अनेक अन्दाज र तर्क-वितर्क सधैंको लागि टुंगियो । नेपाल अधिराज्यको पाल्हि

माझखण्ड स्थित रुम्मिनदेइ नै बुद्धको जन्मस्थल लुम्बिनी हो भन्ने कुरा यसरी एक शताब्दी अगाडि विश्वभरमा सिद्ध भयो । यो ए. बार्थ (A. Bartha) ले १८९७ मा, श्री जर्ज बूलर (G. Buhler) ले १८९८ मा, श्री भी. ए. स्मीथ (V.A. Smith) ले १९०५ मा, श्री जे.एफ.फ्लीट (J.F. Fleet) ले १९०८ मा अशोकस्तम्भ र स्तम्भाभिलेख अर्थ्याएका थिए र लुम्बिनीको पुरातात्त्विक अध्ययन र उत्खननतिर ध्यान आकर्षित भए । ईसवी १८९८ मा श्री पूर्णचन्द्र मुखर्जी (P.C. Mukherji) ले सिद्धार्थ-जन्म-स्मारक (Nativity Monument) को केही उत्खनन कार्य गर्नुभयो । सिद्धार्थ जन्म मूर्तिको मायादेवीको हराइरहेको टाउको भेटायो । मायादेवीको मूर्ति स्पष्ट र पूर्ण भयो । अनि यस सिद्धार्थको जन्म प्रतीक मूर्तिलाई मायादेवीको मूर्ति र त्यो स्थापित गरिएको सिद्धार्थ-जन्म-स्मारकले मायादेवीको मन्दिर रूपमा प्रसिद्धि पायो । तर यो स्मारक शिखर शैली, मण्डप शैली र चैत्य वा स्तूप मध्येमा कुन हो निर्णय गर्नु भने बाँकी नै रह्यो । तापनि अहिले सम्मको वास्तुकलाको अवशेष जगमा देखा परेको पन्ध्रवटा खाल्डो (Cross Chamber) सम्मको उत्खननबाट अन्दाज हुन्छ, यो स्मारक एक पछि अर्को अग्ला हुने शिखर शैलीको स्मारकको पूर्वरूप हुनुपर्दछ ।

ईसवी १९३३ देखि ई.सं. १९३९ सम्म जनरल श्री केशर शम्शेरको नेतृत्त्वमा लुम्बिनीको उत्खनन जस्ता खोज खोटल्नु र स्याहार सम्भारको लक्ष्यबाट प्रेरित निर्माण कार्य भयो । उहाँको सम्पूर्ण कार्यको रिपोर्ट अहिलेसम्म प्रकाशनमा आएको छैन । न त यस कार्यकालभित्रको कुनै दैनिक रिपोर्ट वा डायरी नै पाइएको छ । त्यसैले त्यस समयको खोज र संरक्षण कार्यलाई वैज्ञानिक रूपबाट उत्खनन नभएकोले पुरातान्विक मूल्य र आधार बिगार्ने कामको रूपमा चर्चा गरेको पनि देखिन्छ । परन्तु जहाँसम्म सिद्धार्थ-जन्म-स्मारक *(मन्दिर))* को कुरा छ, त्यसमा उहाँले बाहिरबाट पुरानो अवशेषलाई टोपी लगाई दिने जस्तो छोपी दिने महत्त्वपूर्ण काम

गर्नुभएको छ । स्मारकको अवशेष भिरालोलाई खण्ड-खण्ड गरी अग्लो होचो रूपमा नयाँ ईंटाबाट छोपेर तल्ला-तल्लाको मैदान (Slope Plateform) बनाइदिनुभएको छ । अगाडिको पूर्वी भिरालो पछिल्लो पश्चिमी भिरालो सम्याएर प्राचीन भिरालो वा मैदानलाई उहाँले विनष्ट गर्नु भएको छैन । अगाडिको उँचाईलाई अग्लो नै बन्न दिई पछिल्लोको होचो अवशेषलाई होचो नै बन्न दिइकन दुई तल्लाको मैदान (Plateform) नै रहन दिनुभएको छ । शायद यसै क्रममा उहाँले स्मारकको थुम्कोमा मायादेवीको मूर्ति सहितको सानो कोठाको थप निर्माण कार्य पनि गर्नुभयो । पछि १९७०/७१ मा डा. नीलरत्न बनर्जी र श्री बाबुकष्ण रिजालबाट लुम्बिनीको उत्खनन कार्य गरेपछि पछिल्लो लुम्बिनी विकास समितिको उत्खनन कार्यकालसम्ममा सिद्धार्थ-जन्म-स्थलको स्मारकमा मौर्य, शुंग, कुशान र गुप्तकालको निर्माण, अनेक मुद्रा, बुद्धमूर्ति, पूर्व मौर्य कालीनदेखिका माटाका भाँडाका टुक्राहरू, प्राचीन ग्रामको अवशेष स्मारकको उत्तर पश्चिम कुनामा मौर्यकालको अवशेष वास्तुकला आदि भेटिएका छन् ।

सिद्धार्थ-जन्म-स्मारकको पूर्वतिरको त्यसबेला बनाइराखेका खुड्किलो हटाउँदा तल प्राचीन वास्तुकलाका अवशेष भेटियो । स्मारकको चारैतिरको प्रदक्षिणा पथ सँगै बाहिर र भित्रको उत्खननमा पनि गुप्त, कुशान, 'शुंग र मौर्यकालीन निर्माण एक पछि अर्को भई खपटेको स्पष्ट भएकोछ । यसै अवधिभित्र श्री केशर शम्शेरबाट पुरानो वास्तुकला संरक्षार्थ बनाएको स्वरूप र त्यहाँ बाँकी रहेको एउटा रूख भने लुम्बिनीको देगल बाट मायादेवी मन्दिरको स्वरूपले जनमानसमा ठाउँ लिइसकेको थियो । तर पुरातात्त्विक दृष्टिबाट र बौद्ध अन्वेषणको दृष्टिकोणबाट भने त्यस स्मारकको प्राचीन वास्तुकला स्वरूप खोज्न र जान्न चाहेको त्यसै बाँकी रह्‍यो । त्यहाँ थुम्कोमा रहेको एउटा पिप्पलको रूखबाट प्राचीन वास्तुकला अवशेष आदिलाई बिगारी रहेकोमा चिन्ता भइरहेको थियो । यसै परिप्रेक्ष्यमा जापानी बौद्ध फेडरेशनले लुम्बिनी

विकास योजनामा यस स्मारकको जीर्णोद्धार गर्न एउटा प्रस्ताव लुम्बिनी विकास कोषसँग प्रस्तुत गरियो । लुम्बिनी विकास कोष र जापानी बौद्ध फेडरेशनको बीचमा एउटा सम्झौता पनि भयो । परन्तु यो सम्झौता जीर्णोद्धार गर्न भएको हो अथवा पुनर्निर्माण गर्नको लागि भएको हो भन्ने बारेमा बौद्धजनमा सुसुचित भएको थिएन । यो सम्झौता लुम्बिनी गुरु योजनाको विहार लागामा नयाँ नयाँ विभिन्न विहार, गुम्बा, चैत्य आदि बनाउने सम्झौता जस्तो पनि होइन । अझ भनौंभने पुरातत्त्व, कला र बास्तुकलाको मौलिकता संरक्षण सम्बर्द्धनको दृष्टिबाट यो सम्झौता बेग्लै किसिमबाट भएको देखिन्छ । रूखको हाँगाबाट क्षति पुऱ्याइराखको हटाइकन जस्ताको त्यस्तै स्मारक सुरक्षित गरिदिने भन्ने कुरा पनि सुन्नमा आएको थियो । त्यसबेला मलाई लागेको थियो, शायद पाटनको हिरण्यवर्ण महाविहारको बहिरंगको ढुंगाको जीर्ण ढोका भत्काई जस्ताको जस्तै जीर्णोद्धार गरे जस्तै गरिने होला । पिप्पल रूखको जरा फैलिएर स्मारकलाई बिगारी रहेको हुनाले स्मारकलाई बचाउन श्री केशर शम्शेरबाट टोपी लगाइ दिए जस्तै बाहिरबाट छोपिएको निर्माण हटाई दिंदा लुम्बिनीको स्मारकको प्राचीन वास्तुकलाको स्वरूप स्पष्ट होला कि भन्ने आशा पनि बौद्धहरूमा नभएको होइन । पिप्पल रूखको जराबाट पुऱ्याइरहेको क्षतिबाट बचाउन रूख र सिद्धार्थको जन्म मूर्ति *(मायादेवीको मूर्ति)* बीचको अग्लो सानो मैदानमा उत्तर दक्षिण लम्बाईमा ट्रेञ्च उत्खनन गर्दा बास्तुकलाको अवधारणा स्पष्ट पार्न सकिने आशा लिएको पनि देखिन्छ । अनि त्यहाँ इस्पातको दुई पाता राखेर बीचमा रासायनिक उपचार सहित कंक्रिट ढलान गर्ने होला कि जस्तो पनि ठानिएको थियो । तर उत्खननको प्रगतिमा त्यस्तो भने भएन ।

सिद्धार्थ-जन्म-स्मारक बचाउन जीर्णोद्धार गर्न (Repair works of the temple site) यसको प्राचीन वास्तुकला स्वरूप र ऐतिहासिक निर्माण क्रमको अध्ययन पूरा गर्न उत्खननको कार्य हुँदै गयो । लुम्बिनी विकास कोषको तर्फबाट श्री बाबुकृष्ण रिजाल, श्री

५ को सरकार पुरातत्त्व विभागको तर्फबाट श्री कोशप्रसाद आचार्य र जापानी बौद्ध फेडरेशनको तर्फबाट श्री एस. वेसाका (S. Vesaka) सहितको ३ पुरातत्त्वविद्हरूको संयुक्त कार्यदल गठन गरियो र उत्खननको कार्य अगाडि बढ्दै गयो ।

यसै बीचमा २४ फरवरी देखि २७ फरवरी १९९४ सम्म स्वदेश तथा विदेशका पुरातत्त्वविद्हरूको एक संगोष्ठी भयो । संगोष्ठीका तीन विषयहरू (Agendas) थिए - (१) वास्तुकला डिजाइनको अन्तिम स्वरूप प्रस्तावित गर्ने, (२) मायादेवी मन्दीरमा रहेको पिप्पलको रूखलाई के गर्ने भन्ने बारेमा सुझाव दिने (Recomendation of the treatment of pipal tree of Mayadevi Temple) (३) मायादेवी मन्दिर जीर्णोद्धार गर्ने इँटाको डिजाइनबारे प्रस्ताव पेश गर्ने । यस संगोष्ठीमा नेपाल, भारत, श्रीलंका, संयुक्त म्यान्मार, पाकिस्तान र जापानका पुरातत्त्वविद्हरू, त्रिभुवन विश्वविद्यालयका इतिहास, संस्कृत र पुरातत्त्वका केन्द्रीय शिक्षण विभागका प्राध्यापकहरू, पहिले र अहिलेका लुम्बिनी विकास योजनामा कार्यरत इन्जिनियर र प्रशासकीय प्रमुखहरू, पुरातत्त्व विभाग श्री ५ को सरकार, लुम्बिनी विकास कोष र जापानी बौद्ध फेडरेशनका पदाधिकारी एवं प्रतिनिधिहरूबाट यस संगोष्ठीमा भाग लिएका थिए ।

यस संगोष्ठीमा मैले पनि आफ्नो राय व्यक्त गरेका थिएँ । बुद्धगयामा देगलभित्र प्रार्थना गर्न ठाउँ छैन भनी हल बनाएको छैन । सारनाथमा धम्मिकस्तूपको चारैतिर खुल्ला आकाशमुनि बसेर नै आजसम्म पूजा अर्चना गर्दै आएको छ । कुशीनगरको देगलभित्र पनि धेरै मानिस बस्ने ठाउँ छैन । अनि लुम्बिनीमा मात्रै यहाँ भव्य र विशाल भवन निर्माण हुनु पर्ने किन ? उता लुम्बिनी विकास योजना अन्तर्गत विहार क्षेत्रमा थुप्रै भवनहरू पनि त बन्दैछन् ।

त्यस संगोष्ठीमा उत्खनन गर्नु नै नपुगभएको ठहर गरियो । साथै उत्खनन क्षेत्र दक्षिणातिर फैलिनु पर्दछ र अझ गहिरो गरी तल उत्खनन हुनु आवश्यक भएको महसूस गरियो । त्यस संगोष्ठीमा परम्परागत वास्तुकला रूपमा अथवा पूर्वावस्थामा पुनरुद्धार गर्ने प्रकारको कुनै निर्णय भएन । पिप्पल रूखको बारेमा जनमानसमा घाउ नलाग्ने गरी चोट नपुग्ने गरी उपाय गर्ने कुरा उठ्यो । पिप्पल रूख रासायनिक प्रक्रियाद्वारा सुकाउने आदिको परिचर्चा पनि भयो । वास्तवमा यही सर सल्लाहमा उपेक्षा गरेर हराभरा पिप्पल रूखमा बञ्चरोले प्रहार गर्ने हिम्मत गरेकैबाट पिप्पल रूखबाट अनेक अनावश्यक प्रकारबाट चर्चा, परिचर्चा र अनेक प्रतिक्रिया प्रचार प्रसारमा आए । सिद्धार्थको जन्मपूर्व मायादेवीले समाएको रूखलाई शाल, प्लक्ष वा अशोक वृक्ष भनिएको छ । पिप्पलको रूख भन्ने कतै प्राचीन वाङमयमा उल्लेख भएको देखिदैंन । पुरातात्त्विक दृष्टिबाट पनि पिप्पल रूखको अवस्थिति ऐतिहासिक केन्द्र विन्दुमा पर्दैन । रूख स्मारकको माथिल्लो भागमा पछि मात्र उम्रेको देखिन्थ्यो ।

जे होस्, पुरातत्त्वविद्हरूको संगोष्ठीको निर्देशनमा वा सुझावमा फेरि उत्खनन कार्य जारी भयो । गुप्त, कुशान, सुंग र मौर्यकालको एक निर्माण पछि अर्को निर्माण हुँदै गएको कुरा चारैतिरका र केन्द्र स्थलतिरको उत्खननबाट अझ स्पष्ट भयो । अघि सिद्धार्थको जन्म मूर्ति राखिएको कोठाको चारैतिर उत्खनन गर्दै जाँदा चारैतिर कोठा (Chamber) देखा परे । प्राचीन मूल कोठा बीच भागमा अवस्थित भएको प्रमाणित भयो । त्यसको पनि तलको स्तर बिन्याशसम्म उत्खनन गर्दै जाँदा Cross structures अरू देखा परे र त्यसबाट नौवटा कोठा Cross structures बाट बनेको बीचको रिक्त ठाउँ (Chamber) देखा परे । वास्तवमा यी सबै कोठाहरू न त हाम्रो बसोबास वा कुनै काम प्रयोगको अर्थ अभिप्रेत हुने कोठा हुन्, न त जल आदि प्रसाद पाउने कुण्ड नै हुन् । यी सबै एक पछाडि अर्को गरी बनेका तीन शिखर शैलीको देगलको पूर्वरूप

स्मारकका लागि आधारभूत निर्माणहरू हुन् जस्तो लाग्छ । यस्ता Cross structures बाट नौवटा कोठाहरू (Chambers) भेटाउँदासम्म सिद्धार्थ-जन्म-स्मारक मूर्तिको सामुन्ने केन्द्रीय भाग बीचमा नै अवस्थित थियो । यसैको तलतिर अझ तलतिर उत्खनन गर्दा केन्द्र बिन्दुको Chamber को Cross structures को बीच भागमा पूर्वतिर एउटा खोपा भेटियो र यस खोपामा दुईवटा चुन ढुंगाका टुक्राहरू (Sandstone/Dimension 20x10x5, 15x12x7 centimetre) भेटिए । यसै खोपाको पश्चिमतिर एक फिट जति तल एउटा ढुंगा राम्रैसँग राखिएको पाइयो । मौर्यकालीन इँटा बिछ्याएकै बीचमा केन्द्रीय स्थलमा प्रतिस्थापित यस ढुंगाको पुरातात्त्विक दृष्टिबाट धेरै महत्त्व छ । सुनको औंठीमा हीरा जडे जस्तै । सिद्धार्थ-जन्म-मूर्ति *(मायादेवी मूर्ति* Nativity sculputure) भएको कोठामुनि उत्खनन गर्दै जाँदा शुरुदेखि इंगित गर्दै रहे जस्तै १६ फिट जति तल पुग्दा यो ढुंगा पाएको हो । यसकारण यो ढुंगा पुरातात्त्विक दृष्टिबाट सिद्धार्थ जन्मने बितिकै पृथ्वी स्पर्श गरेको प्रसंगसंग सम्बन्ध भएको देखिन्छ । यो पवित्रतम स्थलको प्राप्ति हो । बुद्धको जन्मभूमि लुम्बिनीको केन्द्र विन्दु स्थलको पुरातात्त्विक उपलब्धि हो ।

यस प्राकृतिक ढुंगाको आकारले बोधिसत्त्वको गर्भगृहको आकार अथवा सिद्धार्थको पाइलाको आकारतिर ईंगित गर्दछ । उत्तर दक्षिण लम्बाकारमा स्थित यस प्राकृतिक ढुंगा (Conglomerate with the dimensions of 70cm x 40cm x 10cm with the axis running in the South to North direction) मौर्य पालिस भएको चुन ढुंगा पनि होइन । छोएर हेर्ने वा निक्कै नजिकबाट धेरैबेर हेर्ने अवसर भने पाएको छैन । तर सिद्धार्थ-जन्म-स्मारकमा त्यतिका उत्खननमा *(मायादेवी मूर्तिको पाउको अंश समेतको लामो ढुंगे अशोकस्तम्भको घोडाको मूर्तिका सम्भाव्य, ससाना टुक्रा बाहेक)* यस्ता कुनै ढुंगा आजसम्म उत्खनन्मा पाएको थिएन । यस ढुंगाको

प्राप्तिको महत्त्व यसकारण पनि बढ्न गएको हो । तर यति हुँदा हुँदै पनि वैज्ञानिक रूपबाट परीक्षण गर्न श्रद्धाको वस्तु भएको हुनाले गाह्रो पर्नेछ । यसो हेर्दा यो पवित्र स्थलको केन्द्र विन्दुको चिन्ह ढुंगा (Landmark stone) यहाँ सन्निकट खोलानालामा पाइने प्रकारको ढुंगा जस्तो पनि देखिन्दैन ।

पुरातात्त्विक उत्खननको यस उपलब्धि पछि १० मार्च १९९५ मा फेरि स्वदेशी तथा विदेशी पुरातत्त्वविद्, इतिहासविद्, श्री ५ को सरकार पुरातत्त्व विभाग, लुम्बिनी विकास कोष र जापानी बौद्ध फेडरेशनको अधिकृत प्रतिनिधि सहितको दोस्रो पटकको संगोष्ठी भयो । त्यसबेला यस ढुंगालाई सिद्धार्थ-जन्म-स्मारक केन्द्र विन्दुको उत्खननमा पाएको हुनाले एक अति अभूतपूर्व पुरातात्त्विक उपलब्धि मानियो । यसको महत्त्व बारेमा उच्चतम निकाय वा स्तरबाट विश्वको ध्यान आकर्षण गर्नुपर्ने कुरामा पनि निर्णय गरियो । तर यस पुरातात्त्विक प्राप्तिको खबर प्रसारणमा श्री ५ को सरकारको प्रचार प्रसार माध्यमबाट तुरुन्त भएन । सम्बन्धित क्षेत्रबाट पनि गोप्य गरी राखे । यहाँसम्म कि जापानको प्रसिद्ध अखवार आसाहि (ASAHI) बाट २६ जुलाई १९९५ मा यस बारेमा प्रकाशित गरिसके तापनि नेपाली बौद्धहरू र विश्व बौद्धहरूलाई नेपालको तर्फबाट सुसुचित भएन । पछि बल्ल माघ २० गते २०५२ (फरवरी ५ तारिख १९९६) मा प्रधानमन्त्री श्री शेरबहादुर देउवाबाट एक सार्वजनिक बौद्ध भेलामा यस पुरातात्त्विक अमूल्य उपलब्धिको उद्घोषण गरियो ।

दोस्रो पुरातात्त्विक भेलापछि पनि यसै ढुंगामुनि पूर्वोत्तर कुनामा केही उत्खनन गरियो र पूर्व मौर्यकालीन स्तरसम्म पुग्यो । फेरि अघि भेटाएका नौवटा Chamber भन्दा पूर्व दिशातिर फेरि पनि दुई दुई Chamber र उत्तर दक्षिणबाट तीन तीन Chamber पाएपछि Chamber को संख्या नौवटाबाट पन्ध्र हुन पुग्यो । यी

Chamber हरू मध्येमा कहीं Charcoal पाएको छ भने पूर्वतिर बाटोको अवशेष चिन्ह पनि पाएको छ ।

उत्खननको क्रममा विशेष प्रकारका Biochrome N.B.P., N.B.P., सिद्धार्थको महाभिनिष्क्रमण पूर्व यशोधराको स्वप्न दर्शनको मूर्तरूप माटोको कुशानकालीन शैलीको मूर्ति, चाँदीको पंचमार्क मुद्रा, कुशान मुद्रा, अशोकस्तम्भको *(शायद शीर्षभाग स्थित घोडाको मूर्तिका)* ससाना टुक्राहरू, गुप्त, कुशान, शुंग र मौर्ययुगका इँटाहरूबाट एक माथि अर्को बनाइएका वास्तुकला अवशेष पाएकोले केन्द्र विन्दुको ढुंगाको लागि महत्त्व थपिदिएको छ । अशोकस्तम्भाभिलेखको "सिलाविगढभीचा कालापित" को अर्थ साधारण अथवा मानवीय प्रयत्नबाट अछूट प्राकृतिक कुनै ढुंगा भन्ने जब अर्थ सिद्ध हुन्छ, यो ढुंगा अभिलेख प्रमाणसँग पनि आवद्ध सम्बन्ध हुन जानेछ ।

यदि हामीले बौद्ध वाङमयसँग प्रासंगिक सम्बन्ध राखेर अध्ययन अन्वेषण गर्न सक्यौं भने, उत्खननमा प्राप्त यावत वस्तु अवशेषलाई अन्यान्य बौद्ध स्थलका पुरातात्त्विक क्षेत्रको उत्खननसंग तुलनात्मक शोधकार्य गर्न सक्यौं भने, लुम्बिनीको उत्खननमा प्राप्त Charcoal आदिको कार्बोन १४ पद्धतिबाट वैज्ञानिक परीक्षण गर्न सक्यौं भने, अशोकस्तम्भको जग र पवित्र पोखरीको भूमिसंग सम्बद्ध गरी पुरातात्त्विक उत्खनन क्रम छुट्याउन सक्यौं भने यो लुम्बिनी स्मारकको केन्द्र बिन्दुमा प्राप्त भएको यस पुरातात्त्विक उपलब्धि माथि अझ बढी प्रकाश पार्न सकिनेछ ।

(धर्मचक्र, २५४० बुद्धजयन्ती)

उत्खनित सिद्धार्थ-जन्म-स्मारक अथवा मायादेवी मंदीरको संरक्षण

लुंमिनि (लुम्बिनी) सक्यमुनि वुध (शाक्यमुनि बुद्ध) को जन्मस्थल हो ।[1] २९ वर्षको उमेरमा बोधिसत्त्व सिद्धार्थले कपिलवस्तु (वर्तमान तिलौराकोट) बाट महाभिनिष्क्रमण गरे र ३५ वर्षको उमेरमा उनी बुद्ध भए ।[2] ४५ वर्षसम्म अनुत्तर धर्मचक्र प्रवर्त्तन गर्नु भई ८० वर्षको उमेरमा उहाँ कुसिनाराको उपवत्तनमा पुग्नु भयो । त्यहाँ यमकसाल (दुई शालवृक्ष) को बीचमा उत्तर सिरान गरी बुद्ध महापरिनिर्वाण शय्यामा लेट्नु भयो । बुद्धको २५ वर्षसम्म निरन्तर उपट्ठापक (उपस्थापक) हुने आयुष्मान आनन्दले विन्ति गरे, वर्षावास पछि विभिन्न दिशाबाट भिक्षुहरू बुद्धको दर्शनार्थ आउँदा म उनीहरूलाई भगवानको दर्शन गर्न अवसर दिन्थें । तर अब भगवानको महापरिनिर्वाण पछि कस्को दर्शन गराउने ? यसैको उत्तरमा बुद्धले आज्ञा भन्नु भयो, "यहाँ तथागतको जन्म भएको, यहाँ तथागत सम्बुद्ध भएको, यहाँ तथागतले अनुत्तर धर्मचक्रप्रवर्तन गर्नु भएको, यहाँ तथागतको अनुपादिशेष महापरिनिर्वाण भएको भनेर चार संवेजनीय स्थानहरूमा श्रद्धालुहरू आउने छन् ।"[3] यसको तात्त्विक अर्थ हो, यी चार संवेजनीय स्थानहरूको यात्रा गर्नु र दर्शन गर्नु नै बुद्धको दर्शन गर्नु र संवेजन पाउनु हो ।

यी चार संवेजनीय ठाउँहरूको नाउँ भने महापरिनिब्बाण सुत्तको यस प्रसंगमा उल्लेख गरेको छैन । तापनि सुत्तनिपात, बुद्धवंस र थेरगाथादि पालि तिपिटकका ग्रन्थहरूमा, जातक आदि पालि अट्ठकथामा, ललितविस्तर र बुद्धचरित महाकाव्य जस्ता प्राचीन

संस्कृत वाङ्गमयमा बुद्धको जन्म विवरण साथै लुम्बिनी आदि चार संवेजनीय ठाउँहरूको नाउँ आएका छन् । यति मात्र होइन लुम्बिनी शाक्यमुनि बुद्ध भगवंको जन्मस्थल भएको अशोकको अभिलेख प्रमाण छ । सम्बोधिमण्डप, इसिपत्तन मिगदाव र कुसिनाराको नाउँ अहिले सम्म मौर्य अभिलेखमा पाएको छैन । तसर्थ लुम्बिनीको यो अभिलेख-प्रमाण अतुलनीय विशेषतायुक्त भएको छ । लुम्बिनी स्थित देवानपिय पियदसि *(मगध रञो असोक)* को शिलास्तम्भमा पाँच हरफहरू छन् । दोश्रो हरफका अन्तिम दुइ शब्दसमूहहरू हुन् :-

"हिदबुधेजाते सक्यमुनीति"
"यहाँ शाक्यमुनि बुद्ध जन्मनुभएका थिए"

(यस्तै चौथो हरफका शुरुका दुइ शब्दसमूहहरू हुन् :-

"हिदभगवंजातेति लुंमिनिगामे"
"यहाँ भगवं (राग, द्वेष र मोह भग्न गर्नुहुने) जन्मनु
भएकोले लुम्बिनी गाउँमा"

यस अभिलेखबाट बुद्धको जन्मस्थल बारेमा पूर्वानुमान गरिएका ठाउँहरूको विवाद सधैंको लागि टुंग्याई दियो र बुद्ध सूर्य आदि पौराणिक आदर्शको मर्यादा पुरुष हो भन्ने अभिधारणाको ठाउँमा ऐतिहासिक महामानव व्यक्तिभएको कुरा पनि सिद्धगरिदियो ।

नेपालका तराईवासी अज्ञात नामका नेपालीहरू, त्यस पछि मेजर जसकर्णसिंह (१८९३ इसवीमा) र जेनरल खड्ग शम्सेरबाट देखिसकेको अशोकस्तम्भलाई डा. ए. फुहररले (Dr. A. Fuhrer) १ डिसेम्वर १८९६ ईसवीमा अरू उत्खनन् गर्ने प्रेरणा दिए । अनि प्राप्त अभिलेखलाई अन्तरराष्ट्रिय स्तरमा प्रचार गर्ने गुण लाएको र यसैको कदर स्वरूप लुम्बिनी शताब्दी महोत्सव हालै मनाइएको यहाँ स्मरणीय छ ।

यसबाट अभिलेखको प्रमाण सहितको व्यक्तिवाचक पहिलो नेपाली नाउँ शाक्यमुनि बुद्ध भएको र स्थानवाचक पहिलो शब्द लुम्बिनी भएकोछ । अर्को कुरा अशोकस्तम्भको अभिलेखको "*लुंमिनिगामे*" (लुम्बिनी गाउँमा) उल्लेखलाई श्री ५ को सरकार पुरातत्त्व विभागबाट उत्खनन् गर्दा अशोकस्तम्भबाट दक्षिण (वर्तमान लुम्बिनी प्रहरी चौकी भएको ठाउँमा) गाउँ भएको कुरा प्रमाणित भैसकेकोछ ।[४]

दिव्यावदानको *कुणालावदान* अनुसार राजा अशोकलाई सर्वप्रथम लुम्बिनी वन भित्र लगेर आफ्नो दायाँ हात पसारेर उपगुप्त स्थविरले भन्नु भयो, *"अस्मिन् महाराज प्रदेशे भगवान जातः"* "महाराज, यस ठाउँमा भगवान जन्मनु भयो ।" अनि अशोकले एक लाख स्वर्ण मुद्रा दान गरेर प्रथम चैत्य प्रतिष्ठा गरे *(चैत्यं च प्रतिष्ठाप्य राजा प्रकान्तः)*। यही कुरा दिव्यावदान कै *"अशोकावदान"* ले पनि सारांशतः दोहऱ्याउँदछ ।

चीनको शुइ-चिंग-चु (Shui-Ching-Chu) को पाण्डुलिपि विवरण अनुसार अरू थप जानकारी हामी पाउंछौ । त्यस वेला (फाहियानको यात्रा पूर्व) सम्म (१) सिद्धार्थ जन्म पूर्व महामायादेवीले समाएको अशोक-वृक्ष जीवित थियो, (२) अशोक-वृक्ष शाखा समाएकी महामायादेवीको एक मूर्ति पनि त्यसै रूखमुनि थियो, (३) सिद्धार्थको पहिलो भूमिस्पर्शको पदचिन्हमा श्रद्धालुहरू सुवासित फूल चढाउँथे, र (४) अशोकले सिद्धार्थको पदचिन्ह (रेखाचित्र) लाई ढुंगाले छोपेर सुरक्षा गरिए ।[५]

फाहियानको यात्रा विवरण अनुसार महामायाले स्नान गरेको पोखरीबाट २० पाइला उत्तरमा सिद्धार्थ जन्माउँदा महामायाले समाइएको रूख थियो । जब कि ह्वेनसांगको शब्दमा *लवणी* (लुम्बिनी) को शाक्य पुष्करणीबाट २४/२५ पाइला उत्तरमा सुकिसकेको अशोक वृक्ष थियो । ह्वेनसांगले अशोकको

शिलास्तम्भको स्थिति र स्तम्भको टुप्पामा घोडाको मूर्ति भएको उल्लेख गरेता पनि त्यसबेला अभिलेखको भाग सम्म स्तम्भ पुरिएको थियो । अन्यथा कुसिनाराको अशोकस्तम्भमा बुद्धको महापरिनिर्वाणको विवरण छ भने जस्तै लुम्बिनीको यस अभिलेख बारेमा पनि जरुर ह्वेनसांगले केही बयान गर्दथ्यो ।[६]

लुम्बिनीका यी यात्रा विवरणहरू मध्येमा लुम्बिनी विकास कोष, श्री ५ को सरकार पुरातत्त्व विभाग र जापानी बौद्ध परिषद (फेडरेशन) को संयुक्त उत्खननको उल्लेखनीय उपलब्धिसंग शुइ-चिंग-चु विवरणले विशेष महत्त्व राखेकोछ । शुइ-चिंग-चु विवरणमा अशोकले सिद्धार्थको चरणको रेखाचित्र सुरक्षाको लागि ढुंगाले छोपेको वर्णन आउँछ । सम्माननीय प्रधानमन्त्री श्री शेरबहादुर देउवाले २१ माघ २०५२ (४ फेब्रुअरी १९९६) का दिन (अंग्रेजी भाषामा) राष्ट्रिय र अन्तरराष्ट्रिय बौद्ध प्रतिनिधिहरू, विद्वानहरू र पत्रकारहरूको उपस्थितिमा सार्वजनिक रूपबाट शाक्यमुनि बुद्धको पवित्र जन्म स्थल अन्तरराष्ट्रिय विशेषज्ञ टीमको सक्षम सल्लाह र निर्देशनमा नेपाली र जापानी पुरातत्त्वविद्हरूबाट पत्ता लगाएको घोषणा गर्नु भयो । यद्यपि यस भन्दा अघि जापानी प्रसिद्ध दैनिक आसाहि (Ashahi) ले अनधिकृत रूपबाट २६ जुलाई १९९५ मा यों उपलब्धिको समाचार छापिसकेको थियो ।

उत्खनन् संग सम्बन्धित प्रमुख पुरातत्त्वविद्हरूमध्ये श्री बाबुकृष्ण रिजालको शब्दमा यो पत्तालाग्नु बुद्ध जन्मनु भएको मूलथलो (Spot) भेटाउनु हो । यो मायादेवी मंदीरको गर्भगृहमा पाइएको बालुवा मिस्कट किसिमको ढुंगा (A sand conglomorate stone) हो ।[७] लुम्बिनीको मायादेवी मंदीरको पुरातात्त्विक उपलब्धि संक्षिप्त रिपोर्टमा श्री कोश प्रसाद आचार्य भन्नु हुन्छ, यो एउटा ढुंगा (Rock) को टुक्रा हो, जुन मौर्य युगको ईंटाको सातौं स्तरको प्लेट फार्ममा राखिएको छ ।[८] जापानको प्रमुख पुरातत्त्वविद् प्रो. एस.

उसाकाले (Prof. S. Uesaka) यसलाई प्राकृतिक ढुंगाको एक टुक्रा भएको विवरण दिनु भएकोछ ।[९] पाकिस्तानको लब्ध प्रतिष्ठित पुरातत्त्वविद् प्रो. दानिले (Prof. Dani) दोश्रो अन्तरराष्ट्रिय विशेषज्ञहरूको बैठकको निर्णयमा यस पुरातात्त्विक उपलब्धिको धेरै महत्त्व भएको सुझाव दिनु भएकोछ । किनभने यसबाट लुम्बिनीमा बुद्ध जन्मनु भएको खास केन्द्र (स्थल) पत्ता लाग्न सकिन्छ ।[१०]

यसै प्रसंगमा मलाई लाग्दछ, यस पुरातात्त्विक उपलब्धि पछि प्रो. फिसल (Prof. Pischel, 1903 A.D.) देखि[११] प्रो. केनेट आर. नर्मन (Prof. Kenneth R. Norman, 1994 A.D.) सम्मको[१२] झण्डै एक शताब्दि लामो *"सिलाविगडभीचा कालापित"* को विवाद र व्याख्या टुंग्याइ दिएकोछ । साथै मायादेवीको मूर्ति पुन: स्थापित गर्नाले एक शताब्दी अगाडी देखि "मायादेवी मंदीर" रूपमा मानिने जानिने त्यो भग्नावशेष थुम्को अब "सिद्धार्थ-जन्म-स्मारक" सिद्ध भएको छ । जति सिद्धार्थ जन्मको मायादेवी मूर्ति श्रद्धालुहरूका लागि लुम्बिनीको गौरव गाथामा आनन्द विभोर हुन आधार भइ आएकोछ अब यात्रा विवरण, अभिलेख-वर्णन र पुरातात्त्विक प्रमाणको दृष्टिबाट स्मृति-शिलापनि त्यतिनै ठूलो महत्त्वको श्रद्धाको विषय हुन आएकोछ । लुम्बिनी विकास कोष र जापानी बौद्ध परिषदको बीचमा सम्झौता हुंदा यस स्मृति-शिला बारेमा अज्ञात थियो । त्यसैले ४ सेप्टेम्वर १९९० का दिन १५ सूत्रीय सम्झौता गर्दा मायादेवी मंदीरको पुनर्स्थापना रूपमा गरेको हो ।[१३] फेरि ३० अगष्ट १९९२ मा सम्झौता संशोधन भयो र धारा ३ मा पहिलो कार्य रूपमा ढिस्को हटाइ जग पत्ता लगाउन परीक्षण घाट उत्खनन् (Trail trench) गर्ने निर्णय गरियो ।[१४] तर उत्खनन्को क्रम परीक्षण घाटमा मात्र सीमित भएको देखिन्दैन । पहिलो अन्तरराष्ट्रिय विशेषज्ञहरूको मिटिंग हुंदा सम्म मायादेवी मंदीर धेरै नै उद्घाटित (Expose) भैसकेको थियो । मलाई याद छ, पहिलो अन्तरराष्ट्रिय विशेषज्ञहरूको बैठकमा मंदीरको मूल स्वरूप पता लगाउन

सिफारिस गरेको थियो[१५] र उत्खनित ठाउँमा पर्यवेक्षण गर्दा प्रसिद्ध पोखरी र अशोकस्तम्भ संग सांस्कृतिक अनुक्रम (Cultural sequence) पत्ता लगाउने सल्लाह पनि दिए। तर उत्खनन् चाहिं पोखरी तिर र अशोकस्तम्भ तिर बढ्नु हुनु भन्दा पूर्व तिर मात्र फैलिंदै गयो। यहाँ निर २५ फेव्रुवरी १९९४ देखि शुरु भएको पहिलो अन्तरराष्ट्रिय विशेषज्ञहरूको बैठकका विषयहरू (Agendas) पनि स्मरण हुन आउँछ। विषय सूचीमा तीन विषयहरू उल्लेख गरेको छ :–

१. मायादेवी मंदीरको वास्तुकला बारेमा अन्तिम सिफारिस गर्ने।

२. मायादेवी मंदीरस्थित पिप्पल रूखको उपचार (Treatment) बारेमा सिफारिश गर्ने।

३. मायादेवी मंदीरको पुनर्स्थापना (Restoration) का लागि ईंटाको डिजाइन (Design) बारेमा सिफारिश गर्ने।

मिटिंगमा पिप्पल रूखको जराबाट मायादेवीको मंदीर र अशोकस्तम्भलाई अरू नुक्सान नपुऱ्याउनलाई पिप्पलको रूखको काँटछाँट गर्ने वा अनावश्यक भाग हटाउने (Prune) सल्लाह दियो[१६] र रासायनिक उपचारबाट रूख सुखाई दिने छलफल पनि भएको थियो। तर रूख काट्नै लगाएकोले श्रद्धालुहरूको भावनामा चोट लाग्यो र न्यायालयमा मुद्दाको विषय सम्म हुन गयो। बैठकमा मायादेवीको मंदीर पुनर्स्थापनाका लागि वास्तुकला र ईंटाको डिजाइन बारेमा केही विचारै भएन। मैले सिद्धार्थ-जन्म-स्मारकमा भव्य र नयाँ विहार, स्तूप वा मंदीर बनाउने बारेमा असहमति जनाएको थिएँ। किनभने बुद्धगयाको संरक्षणमा प्रार्थना वा पूजार्थ हल वा भवन बनाएन। वाराणसीको संरक्षणमा धम्मिक स्तूप भन्दा टाढा नवमूलगन्धकुटी विहार छुट्टै बनाइ धर्मचक्र मुद्राको बुद्ध प्रतिमालाई पुनर्स्थापना गरेकोछ। कुसिनाराको महापरिनिर्वाण

मूर्तिको देगल नयाँ रूपमा बनाउँदा पहिलेको अँध्यारो सांगुरो देवल भित्र पस्ने बित्तिक्कै गहभरी आंसु आउने वातावरण विनाशिन गयो ।

जुन पुरातात्त्विक उत्खनन्को आंतरिक वांछिंत उद्देश्य नै मायादेवी मंदीरको पहिलो स्ट्रक्चरको निर्माणको ऐतिहासिक परिवर्तनको सर्वेक्षण गर्नको लागि, मायादेवीको मंदीर पुनर्स्थापनाका लागि डिजाइन र स्टाइल पत्ता लगाउनको लागि हो, त्यस उत्खनन्मा त्यसरी उदांग उत्खनन् हुनु स्वाभाविक छ । तर अपशोचको कुरा हो श्री उएसाकाको रिपोर्ट अनुसार मायादेवी मंदीरको उत्खननमा मंदीर संरक्षणका लागि डिजाइन र शैली पता लागेन । यस अवस्थामा उत्खनित मायादेवी मंदीरको संरक्षण शिर्षकमा केही लेख्नु न त विवाद रहितको कुरा हुन सकिन्छ न त सजिलो नै । यस बाहेक उत्खनन्को पूरा रिपोर्ट अहिले सम्म प्रकाशित भएको छैन । यति मात्र होइन सात सदश्यीय कार्यदल (Task force) ले बारबार आग्रह गर्दा गर्दै पनि (१) उत्खनित स्थलको आवश्यक नक्सा, (२) प्रत्येक सांस्कृतिक उपक्रमको नक्सा र फोटो, (३) प्रत्येक सांस्कृतिक उपक्रमानुसारको उत्खननमा प्राप्त विशेष विशेष वस्तुहरूको सूचना सम्म पनि पाउन सकेन । यस अवस्थामा एक वाक्यमा भन्ने भए भन्नु पर्ला उत्खनित सिद्धार्थ-जन्म-स्मारक वा मायादेवी मंदीरको संरक्षण यूनेस्कोको स्मारक संरक्षण सम्बन्धी भेनिस चार्टर अनुसारनै हुनु पर्दछ । साथै उत्खनित स्थलबाट पतालागेको दृष्टिकोणबाट अब यो उत्खनित स्थल मायादेवीको मंदीर संरक्षण भन्दा सिद्धार्थ-जन्म-स्मारकको संरक्षण दृष्टिबाट हुनु पर्दछ ।

सिद्धार्थ-जन्म-स्मारक अथवा मायादेवी मंदीरको संरक्षण बारेमा नेपाली भिक्षुहरू, अनागारिकाहरू, बौद्ध संघ संस्थाका प्रमुख व्यक्तिहरू र उपासक उपासिकाहरूसंग विचार विमर्श गर्दा विविध प्रकारका विचारहरू पाएको छु । यी सबै विचारहरूको सारांशलाई दुई आयामिक पक्षहरूमा विभाजित गर्न सकिन्छ ।

पहिलो पक्ष

१.१ पुनर्स्थापनाको अर्थ पहिले जहाँ जस्तो थियो त्यस्तै बनाउंनु हो । पाटनको हिरण्यवर्ण महाविहारको बाहिरको ढुंगाको सिंह र ढोकाको दुरावस्थामा यसलाई भटकाए पछि जुन ढुंगा जहाँ थियो त्यो ढुंगा त्यहीं राखी जस्ताको त्यस्तै पुनर्स्थापना भयो । जस्तो पाटन, भादगाउँ र काठमाडौंका देगलहरू र प्राचीन राजप्रासादहरू हुन सम्म पुरानै वस्तुहरू प्रयोग गरेर पुनर्स्थापन भए, त्यस्तै नै मायादेवी मंदीरको पुनर्स्थापना हुनु पर्दछ । अझ हुन सके रूख पनि रोप्नु पर्दछ । यो सामान्य सरल विचारका यथातथ्यवादी श्रद्धालुहरूका भनाइ हो ।

१.२ श्रद्धालुहरूका लागि पोखरीको जल, सिद्धार्थ जन्मेको मायादेवी मूर्ति र अशोकस्तम्भ तीनै पवित्र र पूज्य छन् । सिद्धार्थ-जन्म-स्मारक जीवित पूजित स्मारक हो । त्यसकारण तीनै वटा स्मारकहरू त्यस्तै नजिक हुनु पर्दछ र हटाउनु सार्नु उचित छैन । साथै यतिका धन, श्रम र बुद्धि खर्चगरि प्राप्त उत्खनित विशेषताहरू पनि अब छोप्नु बुद्धिमानी हुन्दैन । उत्खनित मौर्य, शुंग, कुषाण, गुप्त युगका अवशेषहरू, प्रदक्षिणाको पथ, सिद्धार्थ-जन्म-स्मारकको पवित्र ढुंगा समेत देख्नेगरी संरक्षण हुनु पर्दछ । यसका लागि पहिलेका मायादेवी मंदिरको सतह सम्म यथापूर्व संरक्षण कार्य गर्दै माथि हल्का छाना सहितको नेपाली शैलीको देगल बनाउने र उत्खनित पुरातात्त्विक सम्पदा नमासिने, नबिगिरिने रूपमा मंदीरसम्म पुग्न बाटो बनाइ दिए र त्यहाँ पुग्न नियमको व्यवस्था भए राम्रो होला ।

१.३ मायादेवी मंदिरको यो उत्खनन नभूतो नभविष्यति किसिमबाट सम्पन्न भएको छ । उत्खनन्बाट मौर्य, शुंग, कुशान र गुप्तकालीन निर्माण देखा परेको छ । प्रदक्षिणाको पथ देखिएकोछ । अशोकले बनाउन लगाएको प्रथम चैत्य बारेमा पुरातात्त्विक पहिचान मायादेवी मंदिरको केन्द्रमा देखा परेको सुसुचित भएको छैन । अथवा

पहिचान हुन सकेन । तर शाक्यमुनि बुद्ध जन्मनु भएको पवित्र मूल स्थलमा स्मृति-शिला पाएको छ । तसर्थ यी सबैलाई ध्यानमा राखेर उत्खनित क्षेत्रको राम्ररी संरक्षण कार्य गर्नु पर्दछ । अनि उत्खनित प्रदक्षिणाको पथ र श्रद्धास्तूपहरूको बीचमा खम्बा बनाई माथिल्लो तल्लामा मायादेवी मंदीर र सिद्धार्थ जन्मको मायादेवी मूर्ति पुनर्स्थापना गर्नु पर्दछ । यसरी उत्खनित क्षेत्रको संरक्षण तल्लो भुईं तल्लामा र मायादेवीको मंदीर बनाई मूर्ति पुनर्स्थापना भए श्रद्धापक्ष र पुरातात्त्विक पक्षको बीचमा समन्वयात्मक काम हुनेछ ।

दोश्रो पक्ष

२.१ उत्खनन पूर्वको मायादेवी मंदीरको रूपमा प्रसिद्ध स्मारक अब सिद्धार्थ-जन्म-स्मारक सिद्ध भएको छ । बुद्धधर्म र बौद्ध-संस्कृति अनुसार प्राचीनकालमा मायादेवीको पूजा गर्ने परम्परा भएको देखिदैन । बुद्धकी आमा महामायादेवी ठूलो श्रद्धाको पात्र भएता पनि उनको पूजा गरिने परम्परा भएको प्राचीन वाङमयमा भेटिंदैन । शिशु-सिद्धार्थ र ब्रह्मादी देवता सहितको प्रतिरूप भएकोले यो मूर्ति सिद्धार्थको जन्म दर्शाउने उद्देश्यबाट शाल शाखा समाएकी महामायादेवीको मूर्ति बनेको हो । सिद्धार्थको जन्मको स्मरणमा अशोकले यहाँ प्रथम चैत्य बनाउन लगाएको छ । तसर्थ सिद्धार्थले पहिलो पाइला टेकेको पवित्र स्थल दर्शाउन र उत्खनित पुरातात्त्विक विशेषताहरू देखाउन उत्खनित क्षेत्रको संरक्षणलाई प्राथमिकता दिनु पर्दछ । यहाँ नै कुनै नयाँ निर्माण कुनै पनि प्रकारको कला र वास्तुकला अनुसार मायादेवी मंदीरको पुनर्स्थापना हुनु हुन्न । बरु नजिकै नेपाली बौद्ध कला र वास्तुकला शैलीको एउटा मंदीर बनाइ मायादेवीको मूर्ति पुनर्स्थापना हुनु समुचित हुनेछ ।

२.२ अहिलेलाई सिद्धार्थ-जन्म-स्मारकको पूर्ण रूपबाट पुरातात्त्विक विज्ञान अनुसार संरक्षण हुनु पर्दछ । मायादेवी मंदीरको मूल थलो पत्ता नलागुन्जेल सम्म सिद्धार्थ जन्मको मायादेवी मूर्ति

हालकै स्थानमा केही सुधार गरेर राखे वेश होला । पछि मूल ठलो पत्ता लागेको खण्डमा पुरानै मूल ठाउँमा पुनर्स्थापना गर्ने अथवा पछि अर्को वैकल्पिक व्यवस्था गर्ने ।

यी विचारधारा व्यक्त गर्नु भएका व्यक्तिहरू संग जब म प्रति-प्रश्नहरू गर्दछु, (१) पुरातात्त्विक नियमको कुरा उठाउँछु, (२) विशेषत: लुम्बिनी विश्व सम्पदामा निभाउनु पर्ने दायित्त्व तिर ध्यान आकर्षित गर्दछु (३) विश्व सम्पदा कन्भेन्शनको आधारहरू बुझाउँछु र (४) विश्व सम्पदाको सूचीमा लुम्बिनीको यो उत्खनित क्षेत्रहरू राख्न Buffer zone को कुरा सुनाउँछु उपरोक्त विचार धाराका सबै व्यक्तिहरू अलमलिएको पाउँछु ।

यी सबै कुराहरूमा विचार गरिसकेपछि पुरातात्त्विक संरक्षण विधिबारेमा ध्यान दिनु पनि त्यतिकै महत्त्वपूर्ण छ । पुरातात्त्विक स्थलहरूको संरक्षण गर्दा यसका चारैतिरका पुरातात्त्विक संरक्षित क्षेत्र भन्दा होचो हुनु हुँदैन । त्यस्तै संरक्षण गर्दा संरक्षणका लागि प्रयोग गरिने वस्तु र विधि वारेमा अन्तरराष्ट्रिय प्राविधिक विशेषज्ञहरूको सल्लाह लिनु पर्दछ । धेरै पुराना ईंटाका प्राचीनस्थलहरूको संरक्षण गर्दा प्राचीन मौलिकताको रक्षा र दूरगामी टिकाउ हुने विशेष प्रविधि तिर विचार पुऱ्याउनु पर्दछ ।

वस्तुत: एकातिर हामीले ठूलो श्रद्धा, थुप्रै धन र श्रमद्वारा सहयोगी भएको जापानी बौद्ध परिषद संगको मायादेवी मंदीर पुनर्स्थापनाको संझौता, अहिले सम्म जापानी बौद्ध परिषदले यसै सम्झौता अनुसार मायादेवी मंदीर पुनर्स्थापना गर्नका लागि गरीरहेको आग्रह, त्यस्तै लुम्बिनी जस्तो पूजित जीवित स्मारक सम्बन्धी श्रद्धालुहरूको कमसेकम एक शय वर्षदेखि रहँदै आएको संवेदनशील श्रद्धालाई ध्यान दिनु परेकोछ । अर्को तिर लुम्बिनीलाई विश्व सम्पदामा समावेश गराउने उत्खनित क्षेत्रहरूको विश्व सम्पदाको आधार अनुसार संरक्षण गर्ने र सिद्धार्थ जन्मेको पवित्र मूल

स्थलको दर्शन दिने इत्यादी कुरातिर ध्यान दिनु परेको छ । तसर्थ जति सक्छ त्यति चाँडो भन्दा चाँडो लुम्बिनी विकास कोष र जापानी बौद्ध परिषदको बीचमा स्पष्ट र खुलस्त पुनः छलफल गर्न र उत्खनित क्षेत्रको संरक्षण-प्रवन्ध कार्यान्वयनको लागि सुझाव पेश गर्दछु ।

(लुम्बिनी विकास कोषद्वारा २०५३/८/२५ का दिन कृषि विकास सेवा केन्द्र काठमाडौंमा आयोजित "लुम्बिनी पुरातात्विक क्षेत्रको संरक्षण" विषयक राष्ट्रिय सेमिनारमा प्रस्तुत कार्यपत्र)

सन्दर्भ

१. लुम्बिनीस्थित अशोकको शिलास्तम्भको अभिलेख

२. थेरोपदान सुत्त

३. महापरिनिब्बाण सुत्त

४. Rijal, Babu Krishna 1983. *Archaeological activities in Lumbini 1978-83.* HMG

५. Petch, L. 1950. *Northern India according to the Shui-Ching-Chu.* Rome : Istituto Italiano per il Medio ed Estremo Oriente.

६. Beal, Samuel 1981. *Si-Yu-ki Buddhist records of the western world.* Delhi.

७. Rijal, Babu Krishna (no date) *The Discovery of Buddha's Birth spot in Lumbini.*

८. Acharya, Kosh Prasad (no date) *A brief report on the archaeological findings in the Maya Devi Temple, Lumbini.*

९. Uesaka, Satoru (no date) *Archacological research report on Maya Devi Temple excavation project*

१०. Decisions (The 2nd archaeological experts' meeting on 16 March 1995),

११. Smith, V.A. 1905. "The rummindei inscription, Hitherto known as the Padariya inscription of Ashoka', in *The Indian Antiquary* vol. XXXIV

१२. Norman, Kenneth R. 1994. ' A note on Silavigadabhica in Asoka's Rummindei inscription' in *The Buddhist Forum* vol. III. London: University of London

१३. 'Agreement between Lumbini Development Trust and Japanese Buddhist Federation for the project of Maya Devi restoration', 4 September 1990

१४. 'Amendment agreement to agreement for project for Maya Devi Temple restoration dated 4 September 1990', 30 August 1992

१५. 'Recommendations of the experts' meeting by Lumbini Development Trust and Japanese Buddhist Federation', 26 February 1994.

१६. The first phase work implementation plan for the Maya Devi Temple restoration project in Lumbini.

लुम्बिनीको भावी बौद्ध संग्रहालय : एक चिन्तन

लुम्बिनी विकास गुरूयोजना अनुसारको संग्रहालय भवन मित्रराष्ट्र भारतको सहयोगमा लुम्बिनी विकास कोषको पूर्व अध्यक्ष श्री ५ अधिराजकुमार ज्ञानेन्द्र वीर विक्रम शाहको कार्यकालमा पूरा भएको सबैमा ज्ञात भएकै कुरा हो । अहिले लुम्बिनी विकास कोषबाट त्यस संग्रहालय भवनमा संग्रहालय व्यवस्थापन र संग्रहालयका लागि वस्तु संग्रह बारेमा केही बैठकहरू भएको र संग्रहालयका लागि अधिकृत दरबन्दी कायम गरी एक अधिकृत व्यक्ति नियुक्ति समेत भइसकेको कुरा पनि सुनेको छु । यसै सन्दर्भमा लुम्बिनीको भावी बौद्ध संग्रहालयको स्वरूप कस्तो हुनु पर्छ भन्ने आफ्नो विचार विनम्रतापूर्वक बिसाउन चाहन्छु ।

लुम्बिनी शाक्यमुनि बुद्धको जन्मथलो हो । त्यसकारण बोधिसत्त्व सिद्धार्थको जन्म सम्बन्धी प्राचीन कालदेखि वर्तमान समयसम्मका स्वदेशमा र विश्वका विभिन्न अन्य देशहरूमा भएका मूर्तिहरू र चित्रहरूको नमूनाको प्रतिनिधित्त्व त्यहाँ हुनु अति आवश्यक छ । यसका लागि स्वदेशमा वा विदेशमा बुद्धको जन्म सम्बन्धी पुरातात्त्विक उत्खनन्बाट पाएका बी वा सी ग्रेडका पुरातात्त्विक वस्तुहरू मध्येमा स्वदेशका भए ए ग्रेडका र अन्य देशका भए बी अथवा सी ग्रेडका उत्खनन्मा पाइएका सिद्धार्थको जन्मसम्बन्धी मूर्तिहरू र चित्रहरूको प्राप्तिका लागि प्रयत्न भए जाति होला । विभिन्न मित्र राष्ट्रहरूका पुरातत्त्व विभाग र संग्रहालयहरूबाट सहृदय सहयोग लुम्बिनी जस्तो पवित्र ठाउँको

संग्रहालयको लागि प्राप्त हुनुमा कुनै कठिनाइ हुने छैन । अति दुर्लभ किसिमको भएता पनि सिद्धार्थको जन्मको मूर्तिको फाइवर ग्लासका प्रतिकृति मूर्ति र प्रतिकृति चित्र पाउनुमा कुनै ठूलो समस्या हुने छैन ।

लुम्बिनी र कपिलवस्तुको उत्खनन्मा पाएका यावत् पुरातात्त्विक वस्तुहरू मध्येमा हाम्रो राष्ट्रिय संग्रहालय र कपिलवस्तुको संग्रहालयमा अति आवश्यक मात्राका र स्तरका पुरातात्त्विक वस्तुहरू छाडेर अरू बाँकी पुरातात्त्विक उपलब्ध वस्तुहरू लुम्बिनीको संग्रहालयमा व्यवस्थित हुनु अति आवश्यक छ । भगवान् बुद्धका मूर्तिहरू र चित्रहरू विश्वका विभिन्न देशहरूमा छरिएका आ-आफ्नो देशको सांस्कृतिक र कलात्मक विकासक्रम देखाउने मूर्तिहरू र चित्रहरूको प्रतिनिधित्त्व हुने संग्रहणीय वस्तुहरू लुम्बिनी बौद्ध संग्रहालयमा संगृहित भए बौद्ध मूर्ति विज्ञानका अन्वेषकहरू र विश्वविद्यालय स्तरीय विद्यार्थीहरूलाई अध्ययनार्थ विशेष सहयोग पुऱ्याउनेछ ।

लुम्बिनीको भावी बौद्ध संग्रहालयमा लुम्बिनीयात्रा गर्ने अतीतदेखि आजसम्मका राजा महाराजाहरू (जस्तो कि अशोक, रिपुमल्ल, श्री ५ महेन्द्र, श्री ५ महाराजाधिराज वीरेन्द्र) एवं प्रसिद्ध बौद्ध भिक्षुहरू र विद्वानहरू (जस्तो कि भिक्षु उपगुप्त, फाहियान, ह्वेनसाङ्ग, इत्सिंग, उ कुंग) भिक्षु संघका संघ राजाहरू, धर्मगुरूहरू, प्रमुख विशिष्ट व्यक्तिहरू, (जस्तो कि मित्रराष्ट्रहरूका राष्ट्राध्यक्षहरू, सरकार प्रमुखहरू स्वर्गीय उ थांट सहित संयुक्त राष्ट्र संघका महासचिवहरू) को लुम्बिनी यात्राको महत्त्वबारे दर्शाउने सामग्रीहरू लुम्बिनी संग्रहालयमा प्रस्तुत गर्न सके लुम्बिनीको इतिहास र संस्कृतिको ज्ञान सम्बर्द्धनमा लुम्बिनी बौद्ध संग्रहालयबाट दर्शकहरूलाई ठूलो मद्दत हुनेछ ।

लुम्बिनीका प्राचीन कालदेखिका आदि निवासी जनजातिहरूका अध्ययनका लागि नृशास्त्र, समाजशास्त्र र संस्कृतिको अध्ययन हुन सक्ने अन्वेषण गर्न सक्ने वस्तुहरू संगृहित भए दर्शकहरूमा ज्ञान बढाउन विशेष सहायता हुनेछ । लुम्बिनी बौद्ध संग्रहालयमा बुद्ध जीवनीका मुख्य घटनाहरूको प्रतिनिधित्त्व गर्ने मूर्तिहरू (जस्तो कि सिद्धार्थको जन्मको, शिशु सिद्धार्थको असित ऋषिद्वारा भविष्यवाणीको, अक्षरारम्भको, विवाहको, चार निमित्त दर्शनको, गृहत्यागको, दुष्करचर्याको, बुद्धत्त्व-प्राप्तिको, धर्मचक्र-प्रवर्तनको, जेतवन विहार दानको, कपिलवस्तुमा बुद्धको प्रथम आगमनको इत्यादि इत्यादि गरेर महापरिनिर्वाण सम्मको सामग्रीहरूको) प्रदर्शन गर्न प्रतिनिधिमूलक मूर्तिहरू, चित्रहरू प्रदर्शनी कक्षमा समाविष्ट हुनु आवश्यक छ । यसबाट बुद्ध-जीवनीको अध्ययन र मूर्ति तथा चित्रकलाको विकासक्रमको अध्ययनको लागि धेरै ठूलो योगदान हुन जान्छ । यस क्रममा इण्डोनेशियाको बोरोबुदुर र भारतस्थित कलकत्ता, मद्रास, लखनउ, विशेषत: मथुरा, बुद्धगया, सारनाथ, कुशीनगर, नांलन्दा इत्यादि ठाउँका संग्रहालयहरू, श्रीलंका, म्यानमार, थाइलैण्ड, संयुक्त अधिराज्य, पाकिस्तानका दुई राष्ट्रिय संग्रहालयहरूमा अति अनमोल स्रोतहरू भएको यथार्थतालाई हृदयंगम गर्नु पर्छ । अझ सम्भव भए लुम्बिनी विकास कोष, श्री ५ को सरकारको पुरातत्त्व विभाग र त्रिभुवन विश्वविद्यालयका नेपाली इतिहास, संस्कृति र पुरातत्त्व केन्द्रीय शिक्षण विभागका प्रतिनिधित्त्व भएको एक अध्ययन मण्डलबाट यी संग्रहालयहरूमा स्थलगत निरीक्षण भइ त्यसबाट प्राप्त सुझाव अनुसारको लुम्बिनी बौद्ध संग्रहालयको लागि आवश्यक संग्रहालय वस्तु पाउन अपील गर्न सकिन्छ ।

लुम्बिनीको भावी बौद्ध संग्रहालयमा बौद्ध सांस्कृतिक र धार्मिक क्रियाकलापसँग सम्बन्धित सबै निकायहरूका साधनहरू र वस्तुहरूको प्रतिनिधित्व गर्ने व्यवस्था गर्नु अति उत्तम हुनेछ । उदाहरणका लागि भिक्षुहरूको अष्ट परिष्कार, स्थविरवादी बौद्ध भिक्षुहरूद्वारा प्रयोग गरिने विविध सम्मानबोधक पंखाहरू इत्यादि, नेपाली वज्रयानी बौद्ध निकायद्वारा प्रयोग गरिने भिक्षापत्र, सिलायकु, बज्र, घण्टी, जपमाला, मुकूट र पोशाक एवं उत्तरी भेगका लामा भिक्षुहरूबाट र जनजातीय बौद्ध आचार्यहरूबाट प्रयोग गरिने धार्मिक साधन, पोशाक, गर-गहनाहरू, चीन, जापान, कोरिया र मंगोलिया आदि देशका महायानी बौद्धहरूबाट धार्मिक अनुष्ठानमा प्रयोग गरिने साधन वस्तुहरू प्रदर्शन कक्षमा संगृहित हुन सके सर्वसाधारण दर्शकहरूलाई समेत आकर्षणको विषय भई सांस्कृतिक ज्ञान विस्तार गरिदिनुमा राम्रो सहयोग हुनेछ ।

लुम्बिनी बौद्ध संग्रहालयमा बुद्ध, बौद्धसंस्कृति र बौद्ध स्मारकहरू सम्बन्धित संसारभरका डाक टिकट प्रदर्शनी कक्षमा प्रस्तुत गर्न सके दर्शकहरूको मनोरञ्जनको साथै ज्ञानवृद्धि गर्नमा मद्दत गर्नेछ । यस क्रममा श्री ज्ञानदास तुलाधर र श्री मधुसुदन राजभण्डारीका बुद्ध र बौद्ध संस्कृति सम्बन्धी डाक टिकटको संग्रहलाई स्मरण गर्न सकिन्छ ।

(कान्तिपुर २१ वैशाख २०५२ बुद्ध जयन्ती
'धर्मकीर्ति : १३/५, बु.सं. २५३९)

भिक्षु सुदर्शनद्वारा लिखित, अनुदित तथा सम्पादित

धार्मिक पुस्तक :

नेपाली : रचित

(१) बुद्ध र बौद्ध संस्कृति (२) बुद्ध र बुद्धधर्म (संयुक्त) (३) सप्त सम्बोध्यङ्ग (संयुक्त) (४) लुम्बिनी (संयुक्त) (५) पद्मपाणि बोधिसत्त्व (६) बौद्ध संस्कृति

नेपाल भाषा : रचित

(१) अमृतमय मौन, (२-३) महामङ्गल (भाग १/२) (द्वि.सं. १/२), (४) आयुष्मान् आनन्द, (५) महासत्त्व जातक (तृ.सं.), (६) मां-बौया सेवा (द्वि.सं.) (७) बुद्ध व बुद्धधर्म, (८) बुद्ध धर्म संघ (९) दश पारमिता (संयुक्त), (१०) बौद्ध तीर्थ यात्रा सचित्र रिपोर्ट, (११) महापरित्राण, (तेस्रो संस्करण) (१२) बौद्ध बाखं, (१३) पद्मपाणि बोधिसत्त्व, (१४) लुम्बिनी (छगू ऐतिहासिक विवेचना १), (१५) चैत्यपूजा, (१६) महाबुद्ध, (१७) लुम्बिनी स्थित अशोक स्तम्भ, (१८) निर्वाण, (१९) लुम्बिनीमा किचलय्

सम्पादित :

(१) आर्य अष्टाङ्गिक मार्ग, (२) सप्त सत्पुरुष धन, (३-७) विश्वय् बुद्ध-धर्म (भाग-१,२,३,४,५), (८) सिंहसार्थबाहु व कबीर कुमारया बाखं, (९) गण महाविहार दैनिक-प्रार्थना (तृ.सं.), (१०) शील-प्रार्थना व तिरत्न वन्दना (सप्तम संस्करण), (११) बुद्ध-जीवनी (सामान्य ज्ञान-१), (१२-१३) बुद्धधर्म (सामान्य ज्ञान २-३) (१४) श्रद्धाञ्जलि, (१५) नगर मण्डप श्रीकीर्ति विहारया दैनिक-प्रार्थना (तेस्रो संस्करण), (१६) प्रज्ञानन्द स्मृतिग्रन्थ (संयुक्त)।

अनूदित :

(१) भारते बुद्धधर्मया उत्थान व पतन (२) बौद्धधर्म हे मानवधर्म (३) नेपालय् राहुल (४) बुद्धधर्मया मूल सिद्धान्त (५) स्वपु सूत्र (६) बुद्धधर्मया प्यंगू मूल सिद्धान्त (७) कथिनोत्सव


चिधीधंगु सफू : भिंन्यागू

नाटक :

(१) अम्बपाली (द्वि.सं.), (२) राष्ट्रपाल, (३) जुजु जयप्रकाश, (४) बिम्बिसार (द्वि.सं.), (५) दबू (सम्पादित), (द्वि.सं.) (६) आशंका, (७) सुप्रिया, (८) प्रतिशोध, (९) पटाचार

साहित्यिक :

लुमंके बहःपिं (भाग १/२)



अशोकको शिलास्तम्भ अभिलेख अगाडी लेखक